सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ मंसिर २०८१, बिहीबार (12 Dec 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्काउटको साँवा बक्यौता १० दिनभित्र तिर्ने खड्काल्यान्डको प्रतिबद्धता

तर साँवाभन्दा झन्डै दोब्बर ब्याज छल्ने दाउ



ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्ड एन्ड डेभलपमेन्ट प्रालिले अनधिकृत रूपमा प्रयोग गरिरहेको नेपाल स्काउटको जग्गा। फाइल तस्बिर

ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्डले स्काउटलाई तिर्नुपर्ने साँवाको अद्यावधिक हिसाब एक करोड ५९ लाख छ। जब कि ०७५ देखि थपिँदै आएको जरिवानाको मात्रै अद्यावधिक हिसाब भने दुई करोड ७८ लाख छ। तर, उसले साँवा बक्यौता मात्रै तिर्ने प्रतिबद्धता जनाएर ब्याज भने छल्न खोजेको छ।



सुवास भट्ट/नयाँ पत्रिका

ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्काल्यान्ड डेभलपमेन्ट प्रालिले नेपाल स्काउटको लैनचौरस्थित जग्गा र संरचना भोगचलन गरेबापत तिर्नुपर्ने वर्षौंदेखिको साँवा बक्यौता १० दिनभित्र चुक्ता गर्ने लिखित प्रतिबद्धता जनाएको छ। तर, साँवाभन्दा झन्डै दोब्बर आकारमा रहेको ब्याज भने छल्ने दाउ खोजेको छ।

भाडा असुल र जग्गा तथा संरचना खालीका लागि न्यायिक पहल गरिरदिन संसद्का तीन समितिमा स्काउटले दिएको उजुरी सत्ता र शक्तिको आडमा झन्डै एक वर्षसम्म गुपचुप राखिएको समाचार प्रकाशित भएपछि दबाबमा परेको खड्काल्यान्डले बुधबार प्रेस विज्ञप्तिमार्फत स्काउटलाई तिर्नुपर्ने सम्पूर्ण साँवा बक्यौता १० दिनभित्र चुक्ता गर्ने प्रतिबद्धता जनाएको हो। खड्काल्यान्डले स्काउटलाई तिर्नुपर्ने साँवाको अद्यावधिक हिसाब एक करोड ५९ लाख छ। जब कि ०७५ देखि थपिँदै आएको जरिवानाको मात्रै अद्यावधिक हिसाब भने दुई करोड ७८ लाख छ।

बुधबार खड्काल्यान्डले स्काउटको खातामा ५० लाख जम्मा गरिदिएर बाँकी बक्यौता पनि चुक्ता गर्ने प्रतिबद्धतासहित पत्र पठाएपछि साँझ स्काउट र खड्काल्यान्डले संयुक्त विज्ञप्ति निकालेका छन्। स्काउटका तर्फबाट प्रमुख आयुक्त महेन्द्रराज रञ्जित र खड्काल्यान्डका अध्यक्ष विकल थापा क्षेत्रीको हस्ताक्षर रहेको विज्ञप्तिमा ब्याज बक्यौतालाई अलग्याएर साँवा बक्यौताबारे मात्रै उल्लेख गरिएको छ।

'विगतमा संस्थागत रूपमा यस नेपाल स्काउट तथा खड्काल्यान्ड डेभलपमेन्ट प्रालिबिच व्यावसायिक विषयमा केही असमझदारीहरू भएकै हुन्। तर, पछिल्लो समय उक्त असमझदारीहरू पूर्ण रूपले निराकरण गर्ने उद्देश्यले हामी दुवै पक्षका जिम्मेवार प्रतिनिधिहरूबिच निरन्तर भेटघाट, छलफल तथा संवादहरू चलिरहेको र उक्त संवादको माध्यमबाट हामी समस्या समाधानको निकट पुगिसकेको अवस्था छ,' संयुक्त विज्ञप्तिमा भनिएको छ, 'यसै सन्दर्भमा वहालबापतको बक्यौता हिसाबकिताबको कार्य सम्पन्न भएर विभिन्न मितिमा बक्यौता रकम दाखिला निरन्तर भइरहेको छ र बक्यौताबापतको बाँकी साँवा रकम आजको १० दिन (६ पुस ०८१) भित्र दाखिला गर्ने लिखित प्रतिबद्धता खड्काल्यान्ड डेभलपमेन्ट प्रालिबाट नेपाल स्काउटलाई प्राप्त हुन आएको छ।'

स्काउट स्रोतका अनुसार खड्काल्यान्डले जरिवाना भने नतिर्ने दाबी गरेको छ। यद्यपि, यो विषय अदालत पुगिसकेकाले फैसलाअनुसार हुनेछ। ०६५ देखि स्काउटको तीन रोपनी जग्गा भाडामा लिएकोमा आसपासको करिब १२ रोपनी कब्जा गरेको खड्काल्यान्डले ०७३ देखि स्काउटकै दुई व्यावसायिक भवन पनि भाडामा लिएर पार्टी प्यालेस र रेस्टुराँ चलाएको थियो। तर, भाडा नतिरेपछि र जग्गा खाली गर्न पनि नमानेपछि स्काउटले दायर गरेको मुद्दामा उच्च अदालतले ०७९ असारमै 'जग्गा खाली गर्न' आदेश दिएको थियो। अदालतको आदेश पनि नमानेपछि ११ पुस ०८० मा एकै दिन स्काउटले 'उच्च अदालतको फैसला कार्यान्वयनका लागि आवश्यक सहयोग गरिदिन' भन्दै गृहमन्त्री, खेलकुदमन्त्री, काठमाडौं महानगरका मेयर मात्रै होइन, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै दलका संसदीय दलको कार्यालय र तीन संसदीय समितिलाई एउटै व्यहोराको पत्र (उजुरी) पठाएको थियो। तर, सत्ता र शक्तिको बलमा भएका बेथितिविरुद्ध परेका उजुरीमा छलफल गराउने र सरकारलाई जवाफदेही बनाउने भूमिकामा रहेका संसदीय समितिहरू नै सत्ता र शक्तिसामु लाचार बन्दै आएका थिए। कतैबाट न्याय नमिलेपछि स्काउटले 'वहाल रकम दिलाई घरजग्गाबाट निष्कासन

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मोच्दमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पूर्वराष्ट्रपति भण्डारी र पूर्वउपराष्ट्रपति पुन एकैपटक सक्रिय राजनीतितिर

● **कर्ण थापा**, स्थायी समिति सदस्य, एमाले



एघारौं महाधिवेशनमा दुई पात्रका नाममा मात्र सर्वसम्मति हुन सक्ने स्थिति छ। पहिलो, अहिलेकै अध्यक्षको निरन्तरता। तर, दुई कार्यकाल नेतृत्व लिइसकेकाले उहाँले बिदा लिने मनस्थिति बनाउनुभयो भने त्यसपछिको साझा र सर्वसम्मत व्यक्तित्व विद्या भण्डारी नै हो। किनभने अहिलेका पदाधिकारी तहका सबैजसो नेताले उहाँलाई स्विकार्नुहुनेछ।

● **चक्रपाणि खनाल**, सचिव, माओवादी



उहाँ (पुन) पछिल्ला बैठकमा सहभागी हुनुभएको छ। उहाँलाई पार्टीमा कुन भूमिकामा ल्याउने भन्नेबारे अध्यक्षले गृहकार्य गर्नुभएको छ। उपराष्ट्रपति भइसकेको व्यक्तिलाई उपाध्यक्ष बनाउनुपर्छ भन्ने पनि छ। सबैसँग परामर्श गरेर अध्यक्षले टुंगो लगाउनुहुन्छ।

शुरोजंग पाण्डे, प्रेम गौतम

दुई कार्यकाल देशको सर्वोच्च पदको जिम्मेवारी लिएकी पूर्वराष्ट्रपति विद्या भण्डारीले राजनीतिमा सक्रिय हुने रुचि देखाएपछि उनको जिम्मेवारी र सहज व्यवस्थापनबारे एमालेपंक्तिमा बहस सुरु भएको छ। सर्वसम्मत भावी अध्यक्ष बनाएर उनको पुनरागमन गराउन सकिने विकल्पमा पार्टी नेताहरूबिच अघोषित संवाद जारी छन्।

अध्यक्ष केपी ओलीले नै गत ९ वैशाखमा ललितपुरको गोदावरीमा आयोजित पार्टी स्थापना दिवस र अर्को एक सार्वजनिक कार्यक्रममा भण्डारीले पार्टीभित्र सक्रिय भएर योगदान दिन सक्ने संकेत दिएपछि एमालेभित्र यसले ठुलो महत्त्व राखेको हो। त्यसो त भण्डारी आफैंले पनि भेटघाट र सार्वजनिक अभिव्यक्तिमार्फत सक्रिय राजनीतिको

» पृष्ठ २ मा क्रमशः

■ राजनीति ठुलो कि नैतिकता ?

सर्वसम्मत एमाले अध्यक्ष बन्ने योजनामा भण्डारी



■ भण्डारी राजनीतिमा फर्किने यस्ता छन् आधार

- अवकाशपछि सुरक्षाकर्मी र डेराभाडाबाहेक राज्यको अन्य सेवा-सुविधा परित्याग गरेर राजनीतिमा पुनरागमनको ढोका खुला
- भण्डारी सक्रिय राजनीतिमा फर्कने जनाउसहित राजनीतिक र सामाजिक कार्यक्रममा सक्रियता
- अध्यक्ष ओलीपछि दोस्रो पुस्तामा चुनावी प्रतिस्पर्धाबाहेक सर्वसम्मत नेतृत्व हस्तान्तरण सहज छैन, यस्तोमा भण्डारी उत्तम विकल्प
- विभाजित पार्टी नेकपा एकीकृत समाजवादीलाई एकतामा ल्याउनेदेखि वाम ध्रुवीकरणका लागि भण्डारीको व्यक्तित्व सहज हुन सक्ने
- भण्डारीले पार्टीभित्र सक्रिय भएर योगदान दिन सक्ने ओलीको अर्थपूर्ण अभिव्यक्ति

■ पुनलाई पार्टी उपाध्यक्षको जिम्मेवारी दिने माओवादी तयारी



पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन फेरि सक्रिय राजनीतिमा फर्केका छन्। दुई कार्यकाल उपराष्ट्रपति भएका पुनलाई प्रमुख प्रतिपक्ष दल माओवादीले उपाध्यक्ष बनाउने गृहकार्य थालेको छ। युद्धकालमा विद्रोही सेनाका कमान्डर रहेका उनलाई पार्टीमा फर्काउन माओवादीले विधान संशोधनको समेत तयारी गरेको छ।

गत बिहीबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवासमा बसेको पदाधिकारी बैठकमा पुन आमन्त्रित सदस्यका रूपमा सहभागी भए। यससँगै उनले सक्रिय राजनीतिमा फर्केको सन्देश दिए। सम्भवतः बिहीबार (आज) बस्ने स्थायी समिति बैठकबाट पुनको जिम्मेवारीका सम्बन्धमा निर्णय हुने माओवादीले जनाएको छ। पुन आफैंले पार्टीमा फर्किएर काम गर्न रुचि राखेका छन्।

यो राष्ट्रका लागि राम्रो कुरा होइन

● **पूर्णमान शाक्य**, संविधानविद्



संसारमा दुई किसिमको राष्ट्रपति हुन्छ। एउटा आलंकारिक, दोस्रो कार्यकारी। कार्यकारी राष्ट्रपति पदमुक्त भएपछि पनि कुनै न कुनै किसिमले राजनीतिमा सक्रिय रहने चलन छ। तर, आलंकारिक राष्ट्रपतिहरू पदभार ग्रहण गरेर अवकाश लिइसकेपछि विवादमा आउने कुनै काम गर्दैनन्। उनीहरू राष्ट्रपति भएर काम गर्दा दलभन्दा माथि उठेर समग्र राष्ट्रको एकताको प्रतीकका रूपमा रहन्छन्। र, कार्यकाल समाप्त भएपछि गोल्डन रिटायर्डमेन्टमा जान्छन्। अवकाशपछि विभाजित र विवादास्पद दलगत राजनीतिमा उनीहरूको संलग्नता देखिनुहुन्न।

भारतमै हेर्ने हो भने राष्ट्रपतिहरू अवकाश भइसकेपछि सक्रिय राजनीतिबाट पनि रिटायर्ड हुन्छन् र एउटा सम्मानित व्यक्ति भएर बस्छन्। सुनिएअनुसार पूर्वराष्ट्रपति र उपराष्ट्रपति राजनीतिमा आउन खोज्नुभएको छ। यसले के देखाउँछ भने हामीले जसलाई राष्ट्रपति/उपराष्ट्रपति बनायौं, राजनीतिबाट माथि उठेर काम गर्ने मान्छेलाई हामीले नबनाउने रहेछौं भन्ने देखिन्छ। यो राष्ट्रका लागि राम्रो कुरा होइन। यसमा दलहरू र नीतिनिर्माता गम्भीर हुन जरुरी छ।

■ सक्रिय राजनीतिबाट टाढै छन् पहिलो राष्ट्रपति यादव र उपराष्ट्रपति झा



देशको पहिलो राष्ट्रपति डा. रामवरण यादवको अवकाशयताको दिनचर्या सरकारी निवासमा र उपराष्ट्रपति परमानन्द झा सप्तरीमा आफ्नै निवासमा जीवन बिताइरहेका छन्। (विस्तृत पृष्ठ २ मा)

प्रदेश लोकसेवालाई संघसँग जोड्न दक्षिण अफ्रिकी मोडलको प्रस्ताव



प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड ऐन संशोधन गर्न माग, कर्मचारी संख्या कटौतीको प्रस्ताव

(विस्तृत पृष्ठ ३)

बैंकहरूको निक्षेप बढ्दा पनि मुद्दतीमा छैन आकर्षण



चार महिनामा एक खर्ब ४८ अर्बले निक्षेप बढे पनि मुद्दतीको अंश १.९५% विन्दुका दरले घट्यो

(विस्तृत पृष्ठ ५)

VOBON®
WORLD CLASS OFFICE & FIBER CHAIR
अफिस, घर, जमघट सभा
आरामदायी कुसन पाहुनाको स्वागत
INGAZ
बलियो फाईबर कुर्सी
Red Black Brown
office
home
hospital
cafe
conference
INGAZ
VWC-8116
• LALITPUR Nepal Iron 9851030470 Stupa Furniture 9851349388 Urban Perch 980201777 • KATHMANDU Jeevani Flooring 9803710388 Vijay Furnishing 9851056139 Halesi Decor 9851216808 Shree PB Furnishing 9860294511 • SINDHULI S A Furnishing 9801025947 • ITAHARI Rudrakhsya Furniture 9852054856 • GAIGHAT Pokhrel & Sons 9842878820 • DHANKUTA Shree Krishna 9852050850 • BHOJPUR Chino Furniture 9815349034 • NARAYANGHAT Joshi Steel 9855016042 Modulas 9801465280 • NIJGADH The Royal Number-9845700073 • BARDIBAS Humagai General 9854041435 • JANAKPUR Shah Mart 9854022441 • SURKHET T.D. Decor 985838385 • BIRTAMODE United Traders 9802773755 • NEPALGUNJ Ambey Furnishing 9858021249 Kalpataru Intl' 9868064964 • BUTWAL Home Studio 9802685551 Regent Furniture 9857062645 • MAHENDRANAGAR Ugratara Trade 9851112002 • POKHARA Citizen Furniture 9856021575 • DANG Prakriti 9857832033 Benzer 9857821258 • LAHAN Subham Steel 9852830275 • HARIWON Smart Home 9854035259 • MANTHALI Shrestha Decor 9854040207 • CHAPUR Terai Traders 9851115951 • DHANGADHI Bibek 9858422256 Balak 9848592619 • ATTARIYA Decoration Hub 9848427862 • LAMKI Thapa 9868564785 • BIRATNAGAR Niraula 9852083639 Janaki 9852024324 • HETAUDA Shree Triveni 985-5067195
All Seating Solutions
• Office Visitor Chair (Fixed Base) • Executive 3 Seater Sofa • Lounge Seating • Educational Chair • Premium Garden Chairs • Colorful Fiber Chairs • Montessori Pre- School Baby Chair
MADE IN INDIA
Kedia Organisation

रविलाई फेरि पाँचै जिल्ला घुमाएर मुद्दा दायर गर्ने तयारी



नयाँ पत्रिका

सहकारीको रकम अपचलनको आरोपमा प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पाँच जिल्लामा बयान सकिएको छ। बयान सकिएपछि उनीमाथि प्रहरीले अभियोजनका लागि गृहकार्य थालेको छ। उनलाई फेरि पाँचै जिल्लामा घुमाएर मुद्दा दायरको तयारी छ।

सम्पत्ति शुद्धीकरण मुद्दाबारे प्रहरी अन्योलमा

लामिछानेलाई बुधबार पर्सामा बयान पूरा गरी कास्की लगिएको छ। कास्कीमा आगामी साताभित्र मुद्दा दायर गर्ने प्रहरी तयारी छ। 'अनुसन्धान अन्तिम चरणमा पुगेको छ,' कास्कीका प्रहरी प्रमुख एसपी श्यामबाबु ओलियाले भने, 'रायसहितको अनुसन्धान प्रतिवेदन छिट्टै बुझाउने तयारीमा छौं।'

» पृष्ठ २ मा क्रमशः

रक्तचाप नघटेपछि अस्पताल भर्ना हुन चिकित्सकको सुझाव

रविले 'औषधि खान्छु, भर्ना हुन्नँ' भने

पोखरा/ प्रहरी हिरासतमा रहेका रास्वपा सभापति रवि लामिछानेको स्वास्थ्य अवस्था अझै सुधार हुन सकेको छैन। गत साता चितवनबाट रातारात पोखरा लगिएपछि रक्तचाप एकाएक बढेकामा अझै सुधार हुन नसकेको हो। लामिछानेमा बुधबार पनि उच्च रक्तचाप देखिएपछि पोखराको फिस्टेल अस्पताल पुऱ्याइएको थियो। तर, परीक्षणका क्रममा लामिछानेको सिस्टोलिक (माथि) १७० र डायस्टोलिक (तल) ११० देखिएको रास्वपा नेता दीपक बोहराले बताए। मुटुको चालमा पनि समस्या देखिएको छ। 'रक्तचाप बढेपछि फिस्टेल अस्पताल लगिएको थियो, चिकित्सकले उच्च रक्तचाप रहेकाले भर्ना हुन सुझाएका थिए,' बोहराले भने, 'उहाँले मान्नुभएन, औषधि दिए पुग्छ, भन्नुभयो। जिल्ला प्रहरी कार्यालय फर्कनुभएको छ।'

गत साता लामिछानेलाई रातारात पोखरा लगिएपछि जिल्ला अदालत कास्कीले हिरासतमा राख्नका लागि म्याद थप गरिएका व्यक्तिको मानव अधिकारको उल्लंघन हुने कुनै कार्य नगर्न आदेश दिएको थियो। साथै, लामिछानेको स्वास्थ्य उपचार गरी कागजात पेस गर्न भनेको थियो। लामिछानेलाई बिहीबार अदालत पेस गर्ने कास्की प्रहरीको तयारी छ। उनलाई बुधबार मात्र वीरगन्जबाट स्थलमार्ग हुँदै सिमरा र सिमरा-काठमाडौं-पोखरा हवाईमार्गमार्फत पुऱ्याइएको थियो। पोखरा पुऱ्याउँदा उनका समर्थकले सरकारविरुद्ध प्रदर्शन गरेका थिए। लामिछानेसँग मंगलबार वीरगन्जमा रहेको सानो पाइला सहकारीको बचत अपचलन कसुरमा बयान लिइएको थियो। तर, इन्कारी बयान दिएका छन्। लामिछानेले यसअघि पोखरा, बुटवल, चितवन र काठमाडौंमा पनि इन्कारी बयान दिएका थिए। उनी २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए।

बिहीबार २७ मंसिर ०८१
www.nayapatrikadaily.com नयाँ पत्रिका

सक्रिय राजनीतिबाट टाढै छन् पहिलो राष्ट्रपति यादव र उपराष्ट्रपति झा





काठमाडौं/ देशको पहिलो राष्ट्रपति रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा सक्रिय राजनीतिबाट टाढै छन् । यादवले अवकाशयताको दिनचर्या ललितपुरको भैंसेपाटीस्थित सरकारी निवासमा र झाले सप्तरीस्थित आफ्नै निवासमा बिताइरहेका छन् ।

पूर्वराष्ट्रपति यादवका समय-समयका अभिव्यक्ति संविधान र राष्ट्रपतिको भूमिकामा केन्द्रित हुने गरेको देखिन्छ । लामो समय कांग्रेसको राजनीति गरेका यादव अहिले पार्टी गतिविधिमा देखिएका छैनन् । फर्कने योजनामा पनि नरहेको निकटस्थ बताउँछन् । आफूनिकटसँग आफूले 'रिटायर्ड लाइफ'मै सन्तुष्ट रहेको भन्दै राजनीतिमा फर्कने कुनै रुचि नरहेको बताउने गरेका छन् ।

गृहजिल्ला धनुषाका कांग्रेस जिल्ला सभापति योगेन्द्र पंजियार पूर्वराष्ट्रपति यादवले राजनीतिमा फर्कनेबारे कुनै रुचि नदेखाएको बताँउछन् । 'समय-समयमा गृहजिल्ला आउनुहुन्छ । उहाँको राजनीतिमा फर्कने योजना देखिँदैन । कुनै रुचि छैन भन्ने गर्नुभएको छ,' उनले नयाँ पत्रिकासँग भने ।

उनले पहिलो राष्ट्रपतिका रूपमा ८ साउन ०६५ देखि ११ कात्तिक ०७२ सम्म भूमिका निर्वाह गरे । यादवकै कार्यकालमा संविधानसभामार्फत संविधान जारी भएको थियो । ३ असोज ०७२ मा राष्ट्रपतिका रूपमा यादवले नै संविधान प्रमाणीकरण गर्ने सौभाग्य पाए ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुईपटक संविधान विघटन गरेको विषयमा असंवैधानिक भएको अभिव्यक्ति दिएका थिए । यस क्रममा राष्ट्रपति र प्रधानमन्त्रीको भूमिकालाई लिएर उनले 'संविधानमाथिको आक्रमण'को रूपमा टिप्पणी गरेका थिए । समय-समयमा प्रेस स्वतन्त्रता तथा संविधान कार्यान्वयनका विषयमा उनका टिप्पणी आउने गरेका छन् । पछिल्लो समय संविधान संशोधनका विषयमा चर्चा भइरहँदा उनले संविधानलाई आवश्यकताअनुसार संशोधन गर्न सकिने अभिव्यक्ति दिएका छन् ।

पहिलो उपराष्ट्रपति झाको कुनै पार्टीसँग सम्पर्क छैन । संविधानसभाको चौथो दल मधेसी जनअधिकार फोरमबाट ४ साउन ०६५ मा झा उपराष्ट्रपति निर्वाचित भएका थिए । कांग्रेस, एमाले र फोरमको साझा उम्मेदवार बनेका झाले ३०५ मत प्राप्त गरी माओवादी उम्मेदवार शान्ता श्रेष्ठलाई २४३ मतसहित पराजित गरेका थिए ।

जनता समाजवादी पार्टी नेपाल (विगतको फोरम)का प्रवक्ता मनीष सुमनले पूर्वउपराष्ट्रपति झा सम्मानित रूपले स्वतन्त्र जीवन बिताइरहेको बताए । राजनीतिमा आउने आफ्नो कुनै सोच नभएको उनको भनाइ छ ।

'उहाँ सम्मानित व्यक्ति हो । सम्मानित रूपले नै काम गर्दै हुनुहुन्छ । जसपा नेपालको कुनै जिम्मेवारीमा हुनुहुन्न । जिम्मेवारीमा आउने प्रयास पनि छैन,' उनले भने, 'पार्टीको संस्थापक सम्पर्कमा हुनुहुन्न । तर, पार्टीको पुरानो नेताको हिसाबले व्यक्तिगत सम्पर्कमा रहिरहनुहुन्छ । हालखबर सोधपुछ हुन्छ । यद्यपि, उहाँले पार्टीको कुनै जिम्मेवारीमा, क्रियाशील राजनीतिमा फर्कने कुनै सोच बनाउनुभएको छैन । हाम्रा साथीहरू भेट हुँदा उहाँले अब राजनीतिमा फर्किन्न भन्नुहुन्छ ।'

अशोक राई नेतृत्वको जसपाका महासचिव इस्तियाक राईले प्रथम राष्ट्रपति झा आफूहरूको सम्पर्कमा नभएको बताए । 'उहाँसँग हाम्रो कुनै सम्पर्क छैन,' उनले भने ।

जसपा नेपालका नेताहरूका अनुसार झा गृहजिल्ला सप्तरीमै बसिरहेका छन् । उमेरले ८० वर्ष नाघिसकेका झा काम परेका वेला काठमाडौं आउजाउ गरिरहन्छन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/२७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय शितलनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०४ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित, मिति वि.सं. २०८१/०८/०७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि पुन यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय शितलनगर,रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन-अधिविकर्ष कर्जा र सिटिजन्स फाष्ट ट्र्याक-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना

नाम : विरेन्द्र कुमार यादव
बुबा : हिरा अहिर
बाजे : टुवर अहिर
स्थायी ठेगाना : छोटकीरामनगर गा.वि.स.-०६, रुपन्देही
हालको ठेगाना : ओमसतिया गा.पा-०६, रुपन्देही
ना.प्र.नं : ३७३००४/२८९
जारी मिति : २०६३/११/०२
जि.प्र.का : रुपन्देही

जमानीकर्ताको नाम र ठेगाना

नाम : बबलु कुर्मी
बुबा : विजय कुमार कुर्मी
बाजे : बडका बेछु कुर्मी
स्थायी ठेगाना: धकधई गा.वि.स-०६, रुपन्देही
हालको ठेगाना: रोहीणी गा.पा-०३, रुपन्देही
ना.प्र.नं : १/२१२२०
जारी मिति : २०६३/०१/१७
जि.प्र.का : रुपन्देही

माथि उल्लेखित सम्पूर्ण ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नामः विरेन्द्र कुमार यादव

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	रुपन्देही	छिपागढ	६/६	१४००	०-१-३-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
२.	रुपन्देही	छिपागढ	६/६	१४०६	०-५-१८.२५-०	
३.	रुपन्देही	छिपागढ	६/६	५८३	०-२-१६-०	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय शितलनगर, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८१/०९/०४ गते, बिहिबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यलय शितलनगर, रुपन्देही ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

पूर्वराष्ट्रपति भण्डारी

पृष्ठ १ बाट क्रमशः

सम्भावना खुला गरेर 'वार्मअप'मा छिन् । एमाले पूर्वउपाध्यक्ष भण्डारीले राष्ट्रपतिबाट अवकाशपछि सुरक्षाकर्मी र डेराभाडाबाहेक राज्यको अन्य सेवा सुविधा परित्याग गरेर राजनीतिमा पुनरागमनको ढोका खुला राखेकी छिन् ।

अध्यक्ष ओलीले नै स्पष्ट जनाउ दिने विचार राखेपछि भण्डारीलाई सम्भावित सर्वसम्मत अध्यक्षका रूपमा अर्थ्याएर नेताहरूले पार्टीभित्र अघोषित आन्तरिक बहस चलाइरहेका छन् । आगामी एघारौँ महाधिवेशन ०८३ भित्र आयोजना हुने भएकाले अहिल्यै नै नीति र नेतृत्वको बहस एमालेपंक्तिमा खुला भइसकेको छैन । तर, महाधिवेशन केन्द्रित नेताहरूका गतिविधिमा भण्डारी जोडिन थालेकी छिन् ।

भण्डारी सक्रिय राजनीतिमा फर्कने जनाउमा उनको राजनीतिक र सामाजिक कार्यक्रममा सक्रियता प्रमुख छ । यसबाहेक वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका बहुसंख्यक पदाधिकारीहरूको उनको निवासमा बाक्लो आवतजावत र संवाद तथा जिल्ला नेतृत्व तहका नेताहरूको निरन्तर भेटघाटले भण्डारीको 'वार्मअप' लाई देखाउँछ ।

एमालेका कतिपय नेताहरूको बुझाइमा केही राजनीतिक कारणले पनि भण्डारी अध्यक्ष हुने आधार सहज छ । ती नेताहरूका अनुसार अध्यक्ष ओलीपछि दोस्रो पुस्तामा चुनावी प्रतिस्पर्धाबाहेक सर्वसम्मत नेतृत्व हस्तान्तरण सहज छैन, यस्तोमा उनी उत्तम विकल्प हुन सक्छिन् । त्यसबाहेक विभाजित पार्टी नेकपा एकीकृत समाजवादीलाई एकतामा ल्याउनेदेखि वाम ध्रुवीकरणका लागि भण्डारीको व्यक्तित्व सहज हुन सक्ने ती नेताहरूको ठम्याइ छ ।

भण्डारी स्वयंले सम्भावित पुनरागमनबारे कूटनीतिक जवाफ दिने गरेकी छिन् । सीमित नेताहरूले मात्र उनको सम्भावित राजनीतिक सक्रियताबारे औपचारिक प्रतिक्रिया दिने गरेका छन् । अनौपचारिक संवादमा भने एमालेका धेरै नेताले भण्डारीको सक्रियता र रुचिबारे सुनाउने गरेका छन् ।

भण्डारीसँग नियमित भेटघाट र संवादमा रहेका स्थायी समिति सदस्य कर्ण थापाले एघारौँ महाधिवेशन या त्यसअघि नै पूर्वराष्ट्रपति भण्डारी पार्टी अध्यक्ष बन्ने सम्भावना रहेको औँल्याए । प्रधानमन्त्री तथा अध्यक्ष ओलीकै प्रस्तावमा त्यस्तो सम्भावना रहेको भन्दै उनले पुनरागमनका तर्क सुनाए ।

'एघारौँ महाधिवेशनलाई सहमतिको महाधिवेशन बनाउने हो भने अहिलेको अवस्थामा दुई पात्रका नाममा मात्र सर्वसम्मति हुन सक्ने स्थिति छ । पहिलो, अहिलेकै अध्यक्षले निरन्तरता दिनुपर्छ, उहाँबाहेकको नाममा सर्वसम्मति हुने स्थिति छैन । तर, दुई कार्यकाल नेतृत्व लिइसकेकाले उहाँले बिदा लिने मनस्थिति बनाउनुभयो भने त्यसपछिको साझा र सर्वसम्मत व्यक्तित्व विद्या भण्डारी नै हो,' थापाले नयाँ पत्रिकासँग भने, 'किनभने अहिलेका पदाधिकारी तहका सबैजसो नेताले पनि उहाँलाई स्विकार्नुहुनेछ । त्यसो गर्दा उहाँ सर्वसम्मत अध्यक्ष बन्नुपर्छ भन्ने धारणा बन्दै गएको छ ।'

पूर्वराष्ट्रपति भण्डारीसँग सम्पर्कमा रहेका थापाले सर्वसम्मत अध्यक्षका लागि भण्डारीले पनि मनस्थिति बनाइरहेको खुलाए । 'उहाँ अध्यक्ष बन्ने नै मनस्थितिमा हुनुहुन्छ । एघारौँ महाधिवेशन वा त्यसअघि नै अध्यक्षकै प्रस्तावमा उहाँ नेतृत्वमा आउने सम्भावना छ । पार्टीको ठुलो पंक्ति पनि त्यो पक्षमा छ । किनभने अध्यक्षपछिको नेतृत्वमा अहिले पदाधिकारीभित्र अरू सर्वस्वीकार्य व्यक्तित्व देखिँदैन,' थापाले भने । थापाले अर्को महाधिवेशनअगावै पनि भण्डारी पार्टी अध्यक्ष बन्न सक्ने बताए पनि एमाले विधानले महाधिवेशनले बाहेक नेतृत्व परिवर्तनको अर्को विकल्प खुला गरेको छैन । यद्यपि, पार्टीभित्र सहमति हुँदा विधानमा बाधा अड्काउ फुकाउमार्फत निर्णय लिन सक्ने विकल्प भने कायमै रहन्छ ।

लामो समयदेखि ओली र भण्डारी आपसी सहयोगी र सहकार्यमा रहेकाले पनि दुवैको परामर्श र सहमतिमै अबको कोर्स अगाडि बढ्ने थापाले बताए । अध्यक्ष ओलीले नै भण्डारीले राजनीतिमा रुचि र सक्रियता देखाउनु स्वाभाविक भएको बताएर प्रधानमन्त्री वा अध्यक्ष बन्न सक्ने जनाउ दिइसकेकाले उनकै प्रस्तावमा भण्डारी सर्वसम्मत अध्यक्ष हुन सक्ने थापाको तर्क छ ।

गत ८ भदौमा आयोजित युथ कनक्लेभ-२०२४ समारोहका सहभागीको प्रश्नको जवाफमा प्रधानमन्त्री ओलीले महिलालाई प्रधानमन्त्री बनाउने घोषणा गरेका थिए । आफ्नो पालामा महिला राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश, रक्षामन्त्री र मुख्यसचिव बनाएको भन्दै ओलीले भनेका थिए, 'अब म महिला प्रधानमन्त्री बनाउन चाहन्छु, तर त्यसका लागि अलिकति तयारी गर्नुपर्छ ।'

पार्टीको आन्तरिक कार्यक्रमदेखि सार्वजनिक कार्यक्रममा भण्डारीको उपस्थितिले पनि उनी छिट्टै सक्रिय राजनीतिमा आउने योजनामा रहेको पार्टीपंक्तिको बुझाइलाई बल पुगेको छ । गत ९ वैशाखमा पार्टी स्थापना दिवसमा गणतन्त्र गौरव सम्मान लिएलगत्तै भण्डारीलाई एमालेले १६ र १७ जेठमा आयोजित राष्ट्रिय महिला भेलामा प्रमुख अतिथि बनाएर अध्यक्ष ओलीलाई विशेष अतिथि बनाएको थियो । उनकै नेतृत्वमा संसद्बाट ३३ प्रतिशत महिला सहभागितासम्बन्धी विशेष प्रस्ताव पास भएर अन्तरिम संविधानमै अधिकार सुनिश्चित भएको विषयलाई राष्ट्रिय एजेन्डाका रूपमा उठान गर्ने उद्देश्यले त्यतिवेला ओलीकै सहमतिमा भण्डारीलाई प्रमुख अतिथि बनाइएको थियो ।

त्यसयता उनी मदन भण्डारी फाउन्डेसनको गतिविधिका अलावा सामाजिक प्रकृतिका कार्यक्रममा सहभागी पनि हुँदै आएकी छिन् । गत ३ मंसिरमा मदर फाउन्डेसनले आयोजना गरेको अन्तर्राष्ट्रिय इस्लामिक ललित कला प्रदर्शनीमा प्रमुख अतिथि बनेकी उनी बिहीबार त्रिभुवन विश्वविद्यालय केन्द्रीय भूगोल विभागले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि बनिन् । त्यस्तै, शनिबारै केन्द्रीय बाल संगठनले गर्ने कार्यक्रममा पनि प्रमुख अतिथिकै रूपमा सहभागी हुँदै छिन् ।

प्रधानमन्त्री ओलीसहितका पदाधिकारीहरू, केन्द्रदेखि जिल्ला तहसम्मका नेताहरूले भण्डारीसँग संवाद र भेटघाट गर्दै आएका छन् । भण्डारीसँग बाक्लो भेटघाटमा रहेका वरिष्ठ उपाध्यक्ष पोखरेलले तीन साताअघि चीन भ्रमणमा जाने क्रममा पूर्वराष्ट्रपति भण्डारीलाई भेटेर भ्रमणबारे जानकारी गराएका थिए । केही महिनायता अष्टलक्ष्मी शाक्यबाहेकका उपाध्यक्षहरूले मात्र होइन, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र पार्टी सचिवहरूले पनि उनीसँग भेटवार्ता गरेका छन् ।

अर्थमन्त्री विष्णु पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, रक्षामन्त्री मानवीर राई, भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारी र सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता भण्डारीसँगको परामर्श र रुचिमै अध्यक्ष ओलीले नियुक्त गरेको उनीनिकट एक पदाधिकारी बताउँछन् । पछिल्लो समय प्रधानमन्त्री ओलीको कोर टिमबाट बाहिर रहेका पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री गोकुल बाँस्कोटा भण्डारीसँग बाक्लो संवादमा छन् ।

बाँस्कोटाले भण्डारीको सक्रियतालाई स्वाभाविक भन्दै आएका छन् । त्यस्तै, स्थायी समिति सदस्य तथा पूर्वमुख्यमन्त्री शेरधन राई र पूर्वमन्त्री तथा पोलिटब्युरो सदस्य आनन्दप्रसाद पोखरेल, केन्द्रीय सदस्य कृष्ण राई, पूर्वमुख्यमन्त्री डोरमणि पौडेललगायत पनि भण्डारीसँग बढी सम्पर्कमा छन् ।



गत १६ जेठमा एमाले महिला भेलामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी । राष्ट्रपतिबाट अवकाश भएपछि पार्टीको कार्यक्रममा उनको पहिलो सहभागिता थियो । फाइल तस्बिर

अध्यक्ष ओलीले पनि भण्डारीसँग कम्तीमा हप्तामा एक/दुई पटक टेलिफोनबाट परामर्श लिने गरेका छन् । पार्टी कार्यालयमा काम विशेषले आउने जिल्ला तहका नेताले पनि उनलाई पार्टीभित्र हुने गुटबन्दी रोक्न र सबै नेता-कार्यकर्तालाई न्यायोचित जिम्मेवारीमा चासो राख्न सुझाव दिने गरेको निकटस्थ बताउँछन् ।

भण्डारीसँग सम्पर्कमै रहेका एक स्थायी समिति सदस्यले प्रधानमन्त्री तथा अध्यक्ष ओली सानो घेराबाट सञ्चालित हुने र पूर्वाग्रह राख्ने शैलीका भएकाले उनको विकल्पमा पार्टीभित्र छलफल हुने गरेको बताए । 'उहाँको अध्यक्ष बन्ने प्रस्ट इच्छा छ । तर, अध्यक्ष ओलीसँग प्रतिस्पर्धा गरेर कि सर्वसम्मत हुने गरी भन्ने हो,' ती सदस्यले भने, 'उहाँ अध्यक्ष बन्नुभो भने कम्युनिस्ट आन्दोलन पनि ठिक दिशामा जान्छ । वाम आन्दोलनमा व्यापक ध्रुवीकरण हुन्छ र सामूहिक प्रणाली स्थापित हुन्छ ।'

अघिल्लो ९ वैशाखमा सम्पन्न राष्ट्रिय प्रतिनिधि परिषद् बैठकले अध्यक्षका लागि ७० वर्षे उमेर हदको व्यवस्था हटाएकाले ओली स्वयं तेस्रो कार्यकालका लागि अध्यक्ष बन्न सक्ने विकल्प खुला छ । उनीबाहेक वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र विष्णु पौडेल साथै महासचिव शंकर पोखरेल अध्यक्षका आकांक्षी छन् ।

एघारौँ महाधिवेशनलाई लक्षित पौडेल र पोखरेलबिच प्रदेश र जिल्लामा प्रभाव जमाउने आन्तरिक प्रतिस्पर्धा छ । तर, आन्तरिक प्रतिस्पर्धामा गुटबन्दी निषेध गरिएकाले आकार लिने गरी घोषित गुट भने एमालेमा निर्माण भइसकेको छैन । न त पूर्वराष्ट्रपतिले नै गोप्य आन्तरिक बैठक आयोजना गर्ने गरी अलग्गै गुट निर्माण गरेकी छिन् ।

उपाध्यक्ष युवराज ज्ञवाली पार्टीको आन्तरिक राजनीति र राष्ट्रिय राजनीतिबारे पूर्वराष्ट्रपति भण्डारीले नियमित चासो राख्ने गरेको आफूले पनि जानकारी पाएको बताउँछन् । उनले एमालेलाई निर्णायक र बलियो राष्ट्रिय शक्ति निर्माणसहित सक्रिय राजनीतिमा आउने हो भने पहिले भण्डारी नै प्रस्ट हुनुपर्ने र त्यसका लागि एघारौँ महाधिवेशनबाट निर्वाचित हुनुको विकल्प नरहेको बताए ।

'पार्टीको आन्तरिक राजनीतिमा उहाँको चासो देखिन्छ । चासो मात्र नभएर उहाँले पार्टीको स्थिति, राष्ट्रिय राजनीतिको अवस्थाबारे जानकारी लिइरहनुभएको छ भन्ने मेरो बुझाइ छ । उहाँ अहिलेको परिस्थितिप्रति त्यति सन्तुष्ट हुनुहुन्छ जस्तो पनि लाग्दैन । त्यसकारण एमालेलाई निर्णायक र बलियो पार्टी बनाउन के गर्न सकिन्छ भनेर उहाँले पनि सोच्नुभएको होला,' ज्ञवालीले भने, 'तर, त्यसका लागि उहाँले के निर्णय गर्नुहुन्छ, त्योचाहिँ स्पष्ट छैन । पार्टीमा कसरी आउने ? सक्रिय भएर आउने हो कि होइन प्रस्टता छैन । सक्रिय भएर आउने हो भने अबको महाधिवेशनबाट निर्वाचित भएर आउनेबाहेक अरू विकल्प छैन ।'

तत्कालीन एमालेकी उपाध्यक्ष भण्डारीले दुईपटक राष्ट्रपति निर्वाचित भएर सात वर्ष राष्ट्राध्यक्षको जिम्मेवारी सम्हालिन् । पार्टीसम्बद्ध नेता-कार्यकर्ता, शुभेच्छुक र सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग भेटघाटमा भण्डारीले तत्काल राजनीतिमा फर्किने सोच नभए पनि तत्कालीन आवश्यकताले नै सबै निर्धारण गर्ने बताएर विकल्प खुला रहेको जनाउ दिँदै आएकी छिन् ।

३ असोज ०७२ मा संविधान जारी भएपछि ११ कात्तिकमा नेपालको पहिलो महिला राष्ट्रपति निर्वाचित भण्डारीले अघिल्लो कार्यकाल करिब दुई वर्ष चार महिना व्यतीत गरेकी थिइन् । ०७४ को निर्वाचनपछि वाम गठबन्धनका तर्फबाट एमालेले उनै भण्डारीलाई पछिल्लो कार्यकालका लागिसमेत उम्मेदवार बनाएपछि २९ फागुन ०७४ बाट निर्वाचित राष्ट्रपतिका रूपमा २८ फागुन ०७९ मा पाँचवर्षे कार्यकाल पूरा गरेकी थिइन् ।

पूर्वउपराष्ट्रपति पुन फर्किए सक्रिय राजनीतिमा

पुनलाई पार्टी उपाध्यक्ष बनाउने गृहकार्य,
आज बस्ने स्थायी समिति बैठकमार्फत टुंग्याउने तयारी

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन फेरि सक्रिय राजनीतिमा फर्केका छन् । दुई कार्यकाल उपराष्ट्रपति भएका पुनलाई प्रमुख प्रतिपक्ष दल माओवादीले उपाध्यक्ष बनाउने गृहकार्य थालेको छ । युद्धकालमा विद्रोही सेनाका कमान्डर रहेका उनलाई पार्टीमा फर्काउन माओवादीले विधान संशोधनको समेत तयारी गरेको छ ।

बिहीबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवासमा बसेको पदाधिकारी बैठकमा पुन आमन्त्रित सदस्यका रूपमा सहभागी भए । यससँगै उनले सक्रिय राजनीतिमा फर्केको सन्देश दिए । माओवादीले २७ मंसिरमा बोलाएको स्थायी समिति बैठकमा पुनको जिम्मेवारीका सम्बन्धमा निर्णय गर्ने तयारी गरेको छ ।

'उहाँ पछिल्ला बैठकमा सहभागी भइरहनुभएको छ । उहाँलाई पार्टीमा कुन भूमिकामा ल्याउने भन्नेबारे अध्यक्षले गृहकार्य गर्नुभएको छ । तर, टुंगिसकेको छैन,' माओवादी सचिव चक्रपाणि खनालले नयाँ पत्रिकासँग भने, 'उपराष्ट्रपति भइसकेको व्यक्तिलाई उपाध्यक्ष बनाउनुपर्छ भन्ने पनि छ । सबैसँग परामर्श गरेर अध्यक्षले टुंगो लगाउनुहुन्छ । स्थायी समिति बैठकबाट औपचारिक निर्णय होला ।'

पुन आफैँले पार्टीमा फर्किएर काम गर्न तयार रहेको रुचि राखेका छन् । 'सक्रिय राजनीतिमा फर्किएर काम गर्न तयार छु,' बिहीबारको बैठकमा पुनले जनाएको प्रतिबद्धता उद्धृत गर्दै माओवादीका एक पदाधिकारीले बताए ।

पुनले बुधबार आयोजित सार्वजनिक कार्यक्रममा पनि पार्टी राजनीतिमा फर्किने संकेत गरेका थिए । अध्यक्ष प्रचण्डको नेतृत्वमा गणतान्त्रिक योद्धाहरू एकजुट भएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । 'इतिहास नभुलेर अध्यक्ष प्रचण्डको नेतृत्वमा तपाईं-हामी सबै गोलबन्द भएर अगाडि बढ्नुपर्ने आवश्यकता छ । र, गणतन्त्रको रक्षाका लागि अझ दृढतापूर्वक अगाडि बढ्न जरुरी छ,' पुनले बुधबार गणतान्त्रिक योद्धाहरूको सम्मान कार्यक्रममा भनेका थिए ।

माओवादी नेताकै हैसियतमा पुनले विगतका कमी-कमजोरीबाट शिक्षा लिँदै पार्टीलाई दृढतापूर्वक अगाडि बढाउनुपर्नेमा जोड दिएका थिए । 'टुटफुटका इतिहासलाई फेरि जोड्दै नयाँ पार्टी निर्माण गर्दै समाजवादी अभियानको सुरुवात गर्नुपर्छ । हिजो गणतन्त्र प्राप्तिका लागि हामी जो-जति योद्धाहरू लड्यौँ । भोलिका दिनमा समाजवाद निर्माणका लागि पनि सबैले आआफ्नो ठाउँबाट दृढतापूर्वक भूमिका निर्वाह गरौँ,' पुनको भनाइ थियो ।

पुनसहितका नेतालाई पदाधिकारीमा फर्काउन विधान संशोधन मस्यौदा तयार पारिएको छ । वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको संयोजकत्वमा महासचिव देव गुरुङ, उपमहासचिवद्वय वर्षमान पुन र जनार्दन शर्मा रहेको कार्यदलले पदाधिकारी संख्या बढाउने गरी मस्यौदा तयार पारेको थियो ।

विधान संशोधन मस्यौदा आगामी २७ मंसिरमा बस्ने स्थायी समिति बैठकमा प्रस्तुत गर्ने र त्यसपछि सोही बैठकबाट पुनलाई पदाधिकारीमा चयन गर्ने सम्भावना रहेको माओवादीका एक पदाधिकारी बताउँछन् । स्थायी समितिको निर्णय पुस पहिलो हप्ता बस्ने केन्द्रीय समितिबाट अनुमोदन गराउने तयारी छ । पूर्वउपराष्ट्रपति पुनसँगै लुम्बिनी प्रदेशका पूर्वप्रदेश प्रमुख अमिक शेरचनलाई पनि पदाधिकारी बनाउने तयारी छ । शेरचनलाई के जिम्मेवारी दिने भन्ने टुंगिन बाँकी छ ।

२०७२ सालमा नयाँ संविधान जारी भएपछि पुन २०७२ कात्तिक १४ मा पहिलोपटक उपराष्ट्रपति निर्वाचित भएका थिए । उनी २०७४ को निर्वाचनपछि दोस्रो कार्यकाल पनि उपराष्ट्रपतिमा दोहोरिए । पहिलोपटक संक्रमणकालीन अवस्था भएकाले थोरै कार्यकाल सम्हालेका पुनले दोस्रोपटक भने पाँच वर्ष कार्यकाल सम्हाले । राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल पाँच वर्षको हुने कानुनी प्रावधान छ ।

पार्टी, नेतृत्व र स्वयं पुनको चाहना र सोचले उनी सक्रिय राजनीतिमा फर्किन चाहेको नेताहरू बताउँछन् । पुन प्रचण्डका विश्वास पात्रमध्येका एक हुन् । पुन उपराष्ट्रपति हुनुअघि पार्टीको स्थायी समिति सदस्य थिए । उनी माओवादी जनसेना पूर्वकमान्डरसमेत हुन् । यसअघि पूर्वसभामुख अग्नि सापकोटालाई माओवादीले उपाध्यक्षको जिम्मेवारी दिएको थियो । सापकोटा हाल उपाध्यक्ष एवं पार्टी प्रवक्ताको जिम्मेवारीमा छन् । माओवादीमा हाल अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष तीन, महासचिव एक, उपमहासचिव ६, सचिव नौ र कोषाध्यक्ष एक छन् ।

तर, साँवाभन्दा...

पृष्ठ १ बाट क्रमशः

गरेर खाली गराइदिन' माग गर्दै गत २४ असारमा काठमाडौं जिल्ला अदालतमा फिराद-पत्र (मुद्दा) दायर गरेको छ, जुन विचाराधीन छ । जिल्ला अदालतमा दायर मुद्दामा उल्लेख भएअनुसार त्यतिवेला खड्काल्यान्डले स्काउटलाई तिर्नुपर्ने हिसाब (साँवा र ब्याज) ६ करोड ६९ लाख थियो । तर, यसबिचमा किस्ताबन्दीमा केही रकम भने बुझाएको छ ।

शक्तिको आडमा संसदीय समितिहरूलाई समेत एक वर्षदेखि लाचार बनाएर उजुरी गुपचुप पारिएको विषयमा सञ्चारमाध्यममा समाचार आएपछि खड्काल्यान्ड स्काउटलाई बक्यौता (साँवा बक्यौता) बुझाउने पत्र लेख्न बाध्य भएको छ । तर, समाचारमा ऊर्जामन्त्री दीपक खड्कालाई जोडेकामा आपत्ति जनाएको छ । मन्त्री खड्का दुई वर्षदेखि खड्काल्यान्डसँग सम्बन्धित नरहेको विज्ञप्तिमा उल्लेख छ । 'समाचारहरूमा विवादित विषयसँग असम्बन्धित माननीय मन्त्री दीपक खड्काज्यूलाई जोडेर व्यक्तिगत लाञ्छना लगाउने एवं व्यक्तिगत चरित्रमाथि समेत प्रहार गर्ने नियोजित उद्देश्यले भ्रामक एवं तथ्यहीन समाचारहरूसमेत प्रकाशन तथा प्रसारण गरेको पाइयो,' विज्ञप्तिमा भनिएको छ, 'माननीय दीपक खड्काज्यू विगत दुई वर्षदेखि खड्काल्यान्ड डेभलपमेन्ट प्रालिसँग सम्बन्धित नरहेको जनाउँदै कम्पनी रजिस्ट्रारको कार्यालयबाट सेयर लगतको जानकारी प्राप्त हुन आएको छ ।' साबिकमा आफ्नै स्वामित्वको कम्पनी भए पनि विवाद आएपछि सेयर लगतबाट खड्का बाहिरिएका थिए । यद्यपि, कम्पनीमा खड्काको अप्रत्यक्ष सम्बन्ध अहिले पनि छ ।

रवि लामिछानेलाई ...

पृष्ठ १ बाट क्रमशः

कास्कीमा हदम्याद पनि सकिन लागेकाले प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाउन लागेको हो । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा प्रहरीले आरोपीलाई अधिकतम ९० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउँछ । जुन म्याद अब नौ दिन मात्र बाँकी छ । गत ६ असोजमा सो मुद्दाको आरोपीमध्ये एक छविलाल जोशी पक्राउ परेका थिए । सोही दिनदेखि थुनामा राख्ने म्याद सुरु भएको थियो । जसअनुसार ६ पुसभित्र कास्कीमा मुद्दा दायर गरिसक्नुपर्ने कानुनी बाध्यता छ ।

प्रहरीले सरकारी वकिल कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने र सरकारी वकिल कार्यालयले अदालतमा अभियोगपत्र दर्ता गर्छ । हदम्याद सकिनुभन्दा केही दिनअघि नै रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने प्रचलन छ ।

कास्कीमा थुनछेक आदेश भएपछि लामिछानेलाई रुपन्देही, काठमाडौं, चितवन हुँदै पर्सा लगेर मुद्दा दायर गर्न लागिएको छ । यसअघि ती जिल्लामा लगेर लामिछानेको बयान लिइएको थियो । लामिछानेविरुद्ध प्रहरीले सहकारी ठगीसहित संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरसम्बन्धी अभियोग लगाउने तयारी छ । तर, सम्पत्ति शुद्धीकरणको मुद्दा पाँचै जिल्लामा वा एक जिल्लामा चलाउने भन्नेमा प्रहरी अन्योलमा छ ।

गोरखा मिडियामा लामिछानेका पूर्वसाझेदार रहेका गीतेन्द्रबाबु (जिबी) राईको समूहले सञ्चालन गरेका सहकारीको ठगीको अनुसन्धानमा उनी तानिएका हुन् । पोखराको सूर्यदर्शन, रुपन्देहीको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा तथा पर्साको सानो पाइला सहकारीबाट गैरकानुनी रूपमा गोरखा मिडियामा करोडौं रकम गएको थियो । लामिछाने गोरखा मिडियाको प्रबन्ध निर्देशक हुँदा त्यसरी आएको रकम चेक काटेर खर्च गरेको आधारमा उनीमाथि पनि सबै सहकारीको रकम अपचलनको अभियोग लगाउने प्रहरी तयारी छ । गोरखा मिडियाको तत्कालीन सञ्चालक भएकै आधारमा सहकारी ठगीमा तानिएको भन्दै रास्वपाले भने राजनीतिक प्रतिशोधको आरोप लगाएर आन्दोलन गर्दै आएको छ ।

सम्पत्ति शुद्धीकरण मुद्दाबारे प्रहरी अन्योलमा

पाँच जिल्लामा लामिछानेविरुद्ध सहकारी ठगी मुद्दा चलाउने प्रहरी तयारी छ । तर, सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा भने पाँचै जिल्लामा चलाउने कि एक ठाउँमा मात्र चलाउने भन्नेमा प्रहरी अन्योलमा छ । यस विषयमा प्रहरीले मौखिक रूपमा महान्यायाधिवक्ता कार्यालयको समेत राय मागेको स्रोत बताउँछ । प्रहरीले गत वैशाखदेखि मात्र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गर्ने अधिकार पाएको हो । नयाँ अभ्यास भएकाले यससम्बन्धी कानुनको कार्यान्वयनमा प्रहरी प्रस्ट छैन । अनुसन्धानमा आबद्ध केही प्रहरी अधिकारीले सम्बन्धित जिल्लामा सहकारी ठगी मुद्दा चलाउने र सिआइबीबाट सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा अघि बढाउने राय दिएका थिए । तर, गृह र महान्यायाधिवक्ता कार्यालयबाट भने सबै जिल्लामा सम्पत्ति शुद्धीकरणको कसुर चलाउन दबाब आइरहेको प्रहरी स्रोत बताउँछ ।

यसअघि विभिन्न जिल्लामा सहकारी ठगीमा परेका शिवशिखर सहकारीका तत्कालीन अध्यक्ष केदारनाथ शर्मालाई दर्जन जिल्लामा सहकारी ठगी मुद्दा चलेकोमा भक्तपुरबाट मात्र सम्पत्ति शुद्धीकरण मुद्दा चलाइएको थियो । 'लामिछानेको विषयमा सम्पत्ति शुद्धीकरण मुद्दा कसरी चलाउने भन्ने विषय अझै टुंगिएको छैन,' एक उच्च प्रहरी अधिकारीले भने, 'सबै निकायसँग छलफल गरिरहेका छौँ ।' प्रहरीले लामिछाने र उनकी श्रीमती निकिता पौडेलको समेत सबै सम्पत्ति रोक्का राखेर त्यसको स्रोत मागेको छ । सम्पत्ति शुद्धीकरण मुद्दा दायर हुन अपराध गरेरै सम्पत्ति आर्जन गरेको पुष्टि हुनुपर्ने प्रावधान रहेको, तर लामिछानेको हकमा त्यस्तो प्रमाण हालसम्म नभेटिएको प्रहरी स्रोत बताउँछ ।

प्रदेश लोकसेवालाई संघसँग जोड्न दक्षिण अफ्रिकी मोडलको प्रस्ताव

प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड ऐन संशोधन गर्न माग, कर्मचारी संख्या कटौतीको प्रस्ताव



■ **माधव रेग्मी**, अध्यक्ष
लोकसेवा आयोग

पहिले प्रदेश अध्यक्ष सचिवबाट रिटायर्डहरू हुन्थे । अहिले सहसचिवमा झारियो । मधेशमा त उपसचिवसरहलाई अध्यक्ष बनाइएको छ । उहाँले सहसचिव नियुक्ति जाँच लिनुहुन्छ । यसले स्तरलाई उठाउँछ कि खसाउँछ ? प्रदेश संरचना जोखिमपूर्ण ढंगले चलिरहेको अनुभव हामीलाई पनि भएको छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

लोकसेवा आयोगले स्वायत्त भनिएको प्रदेश संरचनालाई संघसँग जोड्न दक्षिण अफ्रिकी मोडल अनुसरण गर्नुपर्ने प्रस्ताव गरेको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा बुधबार उपस्थित आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले प्रदेश लोकसेवालाई संघसँग दक्षिण अफ्रिकी मोडल लागू गर्नुपर्ने प्रस्ताव राखेका हुन् ।

समितिले संघीय निजामती सेवा विधेयकमा सुझाव लिन अध्यक्षसहित आयोगका पदाधिकारी र कर्मचारीलाई आमन्त्रण गरेको थियो । छलफलका क्रममा आयोगले मुलुकभरिको प्रशासन एकरूपताका साथ सञ्चालन गर्न प्रदेश लोकसेवालाई संघसँग जोड्नुपर्ने र यसमा दक्षिण अफ्रिकी मोडल उपयुक्त हुने राय प्रस्तुत गरेको हो ।

संविधानको भाग २३ मा लोकसेवा आयोगसम्बन्धी व्यवस्था छ । धारा २४२ मा ६ वर्षे पदावधिसहित पाँच सदस्यीय संघीय लोकसेवा आयोगको परिकल्पना गरिएको छ । धारा २४३ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेखित छ । तर, धारा २४४ मा उल्लेखित प्रदेश लोकसेवा आयोगसम्बन्धी व्यवस्थामा काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने भनिएको छ । प्रदेश कानुन बनाउँदा संघीय कानुनले निर्धारण गरेको आधार र मापदण्डअनुरूप हुनुपर्ने भनिएको छ ।

संघीय संसद्ले प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड ऐन, २०७५ जारी गरेको छ । ऐनमा संविधानअनुसार प्रदेश आयोगको गठन प्रदेश सभाले बनाएको ऐनबमोजिम हुने भनेको छ । प्रदेश आयोग गठन गर्दा कम्तीमा एउटा सदस्य सरकारी सेवाबाट अवकाश भएको हुनुपर्ने भनेको छ । र, लोकसेवा आयोगले अपनाएको विधि, पद्धति, मापदण्ड, कार्यविधि, प्रक्रिया प्रदेश आयोगले पूरा गर्नुपर्ने भनिएको छ । संघीय विधि पद्धति नअपनाई प्रदेश लोकसेवा आयोगले गरेको सिफारिस नियुक्ति स्वतः बदर हुने ऐनमा उल्लेख छ ।

समितिमा सांसदहरूले प्रदेश लोकसेवाको कार्यप्रणालीको निष्पक्षतामा प्रश्न उठाएका थिए । सांसद सर्वेन्द्रनाथ शुक्लले 'प्रदेश लोकसेवाको कार्यप्रणालीमा बाहिरबाट प्रभाव पार्न सकिने भन्ने छ, लु पोल्स के छन् ?' भनेर सोधेका थिए ।



आयोगका पदाधिकारीले प्रदेश आयोगका कामकारबाही ठिक छ वा छैन कसले हेर्ने भन्ने स्पष्ट व्यवस्था नभएकाले प्रदेशको कार्यसम्पादनमा जोखिम रहेको सुनाए । 'यहाँ के अभाव छ भने त्यो विधि र प्रक्रिया अवलम्बन गरेको छ कि छैन भनेर छानबिन गर्ने निकाय छैन,' आयोग अध्यक्ष रेग्मीले भने, 'यसमा उजुरी लोकसेवा आयोगमा दिन सक्नेछ वा कहाँ दिन सक्नेछ वा लोकसेवा आयोगले अनुगमन गर्नेछ, प्रोसेस अडिट गर्नेछ भन्ने कुरो राखिदिएको भए संघीय लोकसेवाले अनुगमन गरेर प्रक्रिया फ्लो भएको छ कि छैन भनेर जानकारी लिएर सदर/बदर गर्न सक्ने हुन्थ्यो । त्यहाँनेर ग्याप छ ।'

रेग्मीले संघीय ऐन नै संशोधन गर्नुपर्ने धारणा राखे । 'ऐनमा दुई तहको आयोगको सम्बन्ध कल्पना त्यति धेरै गरेको छैन । सुविधा दिने सन्दर्भमा प्रदेश लोकसेवा आयोगका पदाधिकारीलाई केन्द्रीय आयोगका अध्यक्ष र सदस्यसरह भनेको छ । तर, मर्यादाक्रममा प्रदेश आयोगको अध्यक्षलाई नेपाल सरकारको सचिवभन्दा तल राखिएको छ । प्रदेश आयोगको अध्यक्षको मर्यादाक्रम सरकारको सचिवभन्दा तल राखेको छ । सुविधा केन्द्रीय अध्यक्षसरह हुनेछ भनेकाले तालमेल मिलेको छैन । यसलाई मिलाउनुपर्नेछ,' उनले भने ।

प्रदेशको आधार र मापदण्ड पनि मर्यादित नभएको उनको भनाइ थियो । 'पहिले प्रदेश अध्यक्ष सचिवबाट रिटायर्डहरू हुन्थे । अहिले सहसचिवमा झारियो । मधेशमा त उपसचिवसरहलाई अध्यक्ष बनाइएको छ । उहाँले सहसचिव नियुक्ति जाँच लिनुहुन्छ । यसले स्तरलाई उठाउँछ कि खसाउँछ ? प्रदेश संरचना जोखिमपूर्ण ढंगले चलिरहेको अनुभव हामीलाई पनि भएको छ,' उनले भने ।

■ दक्षिण अफ्रिकी मोडल प्रस्ताव

समितिमा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा लोकसेवा आयोगका अध्यक्ष रेग्मीले दक्षिण अफ्रिकाको लोकसेवा आयोगको मोडलबारे ब्रिफिङ गर्दै राम्रो नतिजा ल्याउन अनुसरण गर्नैपर्ने बताए । उनका अनुसार दक्षिण अफ्रिकामा पाँच सदस्यीय केन्द्रीय लोकसेवा आयोग छ । त्यहाँ नौवटा प्रदेश छन् । नौवटा प्रदेशबाट हरेक प्रदेशको एसेम्बली (प्रदेश सभा)ले केन्द्रीय लोकसेवा आयोगको सदस्यको लागि एकजना छानेर पठाउँछ । नौवटा प्रदेशबाट नौजना सदस्य आउँदा केन्द्रको पाँचजना गरी १४ जना हुन्छन् । १४ सदस्यीय केन्द्रीय लोकसेवा आयोगको बैठक तीन-तीन महिनामा बस्छ । र, नीतिगत रूपमा निर्णय गर्छ । त्यही नीतिगत निर्णय लिएर सम्बन्धित प्रदेशको प्रतिनिधित्व गर्ने लोकसेवा आयोगको सदस्य सम्बन्धित प्रदेशमा गएर त्यही नीतिअनुसार कर्मचारी भर्नामा लागू गर्छ ।

नेपालमा भने यो सम्पर्क टुटाइएको रेग्मीले बताए । 'त्यसकारण यो लिंकेज नेपालमा टुटेको छ, टुटाइएको छ । यो राम्रो विषय होइन,' उनले भने, 'केन्द्रीय लोकसेवा आयोगसँग उहाँहरू (प्रदेश)को सम्पर्क यो खालको भयो भने यसले राम्रो नतिजा दिन्छ ।' रेग्मीले प्रदेशलाई संघसँग अन्तरसम्बन्ध स्थापित नगर्दा विखण्डन र अराजकता ल्याउनेतर्फ समितिको ध्यानाकर्षण गराए । 'मुलुक एउटै हो, जतिवटा प्रदेश भए पनि । मुलुकभरिको प्रशासन एकरूपताका साथ सञ्चालन गर्न यसले धेरै मद्दत गर्छ,' उनले भने, 'नत्र भने अलिकति आ-आफ्नै ढंगले काम गर्दै जाने विखण्डनवादी सोच हाबी हुन सक्छ । त्यसकारण यसलाई एकीकृत गर्न आवश्यक छ ।'

राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले लोकसेवा आयोगको प्रभावकारिताका लागि आएका सुझावलाई ऐनमा समेट्न समितिले सघाउने प्रतिबद्धता जनाए । 'समिति तोकसेवा होइन, साँच्चिकै लोकसेवाको पद्धतिमा जाने आयोगको पक्षमा छ । हामी तपाईंलाई यो कुरामा सघाउन तत्पर रहेको जानकारी गराउँछौं,' उनले भने ।

■ कर्मचारी संख्या कटौतीको प्रस्ताव

समितिमा एमालेका वासुदेव घिमिरे र माओवादीकी दुर्गा राईले कर्मचारीको संख्या चाहिनेभन्दा धेरै भएको र जनसंख्याको अनुपात र संरचना हेर्दा आधा कटौती गर्नुपर्ने अध्ययनहरूले देखाएको भन्दै लोकसेवा आयोगको धारणा सोधेका थिए । जवाफमा आयोगका पदाधिकारीले संख्या ज्यादा भएको आफूहरूको पनि निष्कर्ष रहेको भन्दै एक लाख कर्मचारी भए पुग्ने बताएका थिए । आयोगका अध्यक्ष रेग्मीले अहिले डेढ लाख कर्मचारीको दरबन्दी रहेको भन्दै सरकारले विधि बनाएर कटौती गर्न सकिने धारणा राखे । उनका अनुसार संघमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारी भए जनसंख्याको अनुपात मिल्ने प्रशासन सुधार आयोगको रिपोर्ट छ । 'कर्मचारीको संख्या अत्यन्त ज्यादा छ । हामीले प्रस्ताव गरेको एक लाख हो, अहिले एक लाख ५० हजार छ,' उनले भने, 'मुलुकको आवश्यकता र स्रोत-साधनअनुसार सुधार तथा राइट साइजिङ, ओएनएम गर्न अत्यन्त जरुरी छ ।' एउटै प्रकृतिमा पालिकाले कुनै ११ कर्मचारी त कुनै ३९२ सम्म दरबन्दी राखेको देखिएको भन्दै उनले एकरूपता ल्याउन कडा कानुन बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

एमाले सांसद रघुजी पन्तले निजामती कर्मचारीहरू कामभन्दा पनि उपल्लो पदको परीक्षा तयारी र उच्च कर्मचारी ट्युसन पढाउने काममा बढी केन्द्रित हुँदा सेवा प्रवाह कमजोर भएको विषय उठाए । साथै, एउटा पदमा निश्चित अवधि सेवा नगरी पढाइमा अब्बल भएकै आधारमा माथिल्लो पदमा जान मिल्ने सजिलो मापदण्डले पनि निजामती सेवा खस्किएको बताउँदै पन्तले लोकसेवाले के गरिरहेको छ भने सोधेका थिए । उनले माथिल्लो पदमा बढुवाका लागि निश्चित अवधि कानुनबाटै तोक्ने कि लोकसेवाले समाधान खोज्ने हो भनेर सोधेका थिए ।

जवाफमा आयोगका पदाधिकारीले कर्मचारी प्रशासनमा यो सबैभन्दा ठूलो समस्या भएको बताए । प्रधानमन्त्री कार्यालयसहित शक्तिशाली निकायमा बस्ने कर्मचारीले पढिरहने, जनताको काम नगर्ने, वैदेशिक छात्रवृत्ति पनि लिने र फर्केर नआउनेजस्तो समस्या देखिएको भन्दै आयोगका अध्यक्ष रेग्मीले परिपक्व भएपछि सेवाको माथिल्लो पदमा आउने व्यवस्था गर्न जरुरी रहेको धारणा राखे । 'नेपालको निजामती सेवा बुढो सिपाही र ठिटो जर्नेलजस्तो भयो । सहसचिव ३२/३३ वर्षका आउँछन्, ल्याटर इन्ट्रीबाट । शाखा अधिकृत र नासुहरू २४ (घ) (१) बाट ५०-५२ वर्षका आउँछन् । सिपाहीहरू ५२ वर्षका भए, जर्नेल ३५ वर्षको भयो । अब युद्ध कसरी जित्ने होला ? यो समस्या भएको हुनाले सुझाव छ । परिपक्व कर्मचारीले नै मुलुक हाँक्छ । यसमा सन्तुलन होस्,' उनले भने ।

विमानस्थलबाट सुन तस्करीको आरोपमा प्रहरीसहित तीन पक्राउ

काठमाडौं/ भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करीको आरोपमा प्रहरीसहित तीनजना पक्राउ परेका छन् । कतारबाट आएका युवकले ल्याएको सुन पास गराउन प्रहरीलाई नै प्रयोग गरिएको हो । विमानस्थलमा कार्यरत प्रहरी जवान बाबुलाल विक, विमानस्थलका सफाइ कर्मचारी राजन यादव र कतारबाट सुन लिएर आएका जनार्दन गुप्तालाई प्रहरीले पक्राउ गरेको हो ।



विमानस्थलमा कार्यरत प्रहरी जवान बाबुलाल विक, सफाइ कर्मचारी राजन यादव र कतारबाट सुन लिएर आएका जनार्दन गुप्ता पक्राउ

विमानस्थल स्रोतका अनुसार गत २३ मंसिरमा फ्लाई दुबईको उडानमार्फत कतारबाट आएका गुप्ताले सो सुन ल्याएका थिए । उनले प्रहरी जवान विकलाई शौचालयमा सुन दिए । सो सुन लिएर निस्कन खोज्ने क्रममा प्रहरीले नै उनलाई नियन्त्रणमा लिएको हो । सुन लिएर आएका गुप्ता शौचालयमा अकमकिएपछि त्यहाँ रहेका सफाइ कर्मचारी राजनले जवानलाई दिनु भनेका थिए । जस आधारमा यादवको समेत यसमा मिलेमतोको आशंका गरिएको छ ।

सो दिन प्रहरी जवान बाबुलालको ड्युटी विमानस्थलको आन्तरिक टर्मिनलतर्फ थियो । आन्तरिकतर्फ खटिएका उनलाई अन्तर्राष्ट्रिय टर्मिनलको भन्सार क्षेत्रमा देखेपछि ड्युटीमा रहेका अर्का प्रहरीले शंका लागेर चेकजाँच गर्दा उनको साथबाट तस्करीको सुन बरामद भएको हो ।

प्रहरीले प्रहरी जवानसहित सुन ल्याउने जनार्दन र सफाइ कर्मचारी राजनलाई पक्राउ गरी भन्सार कार्यालयमा बुझाएको छ । प्रारम्भिक छानबिनमा सुन ल्याउने व्यक्ति भरिया हुन् । उनी वैदेशिक रोजगारबाट फर्किएका हुन् । सुन तस्करी गर्ने गिरोहले विमानस्थलमा कार्यरत सफाइ कर्मचारी र प्रहरीसँग मिलेर गौतम बुद्ध विमानस्थलबाट तस्करी सुरु गरेका थिए । यो घटनापछि विमानस्थल प्रहरी कार्यालयले प्रहरीकै ड्युटीमा पनि कडाइ थालेको छ । तोकिएकोबाहेक अन्य क्षेत्रमा जान रोक लगाइएको छ । यसरी बरामद सुन करिब १७ लाख मूल्यबराबरको छ । गौतम बुद्ध विमानस्थल सुरक्षा कार्यालयका प्रमुख एसएसपी रमेश बस्नेतले जवानसहित तीनजनालाई पक्राउ गरी भन्सार कार्यालय बुझाइएको र भन्सारबाटै विस्तृत अनुसन्धान भइरहेको बताए ।

त्रिवि सभा बैठकमा विद्यालय मर्जर र नीतिगत सुधारबारे छलफल हुने

काठमाडौं/ त्रिभुवन विश्वविद्यालय सभाको बैठक बिहीबार बस्ने भएको छ । कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी ओलीले समय नदिँदा बैठक बस्न सकेको थिएन । बिहीबार बिहान ११ बजे त्रिवि सभाहलमा बस्ने बैठकमा ओली सहभागी हुने भएका छन् । बैठकमा मुख्यतः त्रिविको नीति नियम र विद्यालय मर्जर सम्बन्धमा छलफल हुने बताइएको छ । त्रिवि प्रवक्ता यमनसिंह बोहराले समसामयिक र नीतिगत विषयमा छलफलका लागि बैठक राखिएको बताए । गत १५ साउनमा बसेको त्रिवि सभा बैठकमा सहभागी प्रधानमन्त्री ओलीले नीति तथा कार्यक्रम पछि सार्दै बजेट पास गरेका थिए । नीति तथा कार्यक्रममा कतिपय विवादित तथा पूरा गर्न कठिन हुने किसिमका योजना त्रिविले समेटेपछि प्रधानमन्त्री ओलीले पछि सार्न निर्देशन दिएका थिए । उनले भदौमा अर्को सभा बैठक बस्ने बताउँदै बजेट मात्रै पास गरे पनि त्यसयता बैठक बस्न सकेको थिएन ।

पौडेल र झाँक्रीसहित १७ नेता स्थायी समितिमा मनोनीत

नयाँ पत्रिका

एकीकृत समाजवादीले स्थायी कमिटीमा १७ जना सदस्य मनोनीत गरेको छ । बुधबार सुरु स्थायी कमिटी बैठकले विगतमा पदाधिकारी र स्थायी समिति सदस्य भइसकेका १७ जना पोलिटब्युरो सदस्यलाई स्थायी कमिटीमा मनोनीत गरेको हो । 'विगतका पदाधिकारी र स्थायी समिति सदस्य रहनुभएका र हाल पोलिटब्युरोमा निर्वाचित १७ जना नेतालाई स्थायी समितिमा थप्ने निर्णय भएको छ,' बैठकपछि सचिव श्रीराम बरालले नयाँ पत्रिकासँग भने ।

स्थायी समितिमा मनोनीत भएकामा डा. विजय पौडेल, रामकुमारी झाँक्री, विरोध खतिवडा, जीवनराम श्रेष्ठ, कल्याणी खड्का, केशवलाल श्रेष्ठ, डा. वंशीधर मिश्र, बलराम बास्कोटा, शत्रुधन महतो, श्रीप्रसाद साह, विश्वनाथ प्याकुरेल, रामचन्द्र यादव, हरि पराजुली, साध्यबहादुर भण्डारी, लक्ष्मण पौडेल, नागेन्द्र चौधरी र रामचन्द्र झा छन् । पौडेल, झाँक्री, झा, भण्डारी,

माधव नेपालले भने- देशमा भ्रष्टाचार बढ्यो



बैठकमा अध्यक्ष माधवकुमार नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे ब्रिफिङ गरेका थिए । उनले सरकारले राम्रो काम गर्न नसकेको, भ्रष्टाचार बढेको, जनताले सास्ती भोगिराख्नुपरेको बताए । 'सरकार राम्रोसँग चल्न सकेको छैन । जनताको पक्षमा राम्रोसँग कुनै भएको छैन । आमनागरिकले सरकारको अनुभूति नै गर्न पाएका छैनन् । सुशासन कायम हुन सकेको छैन । भ्रष्टाचार बढ्दो छ,' नेपालको भनाइ उद्धृत गर्दै बरालले भने ।

केशवलाल श्रेष्ठ, खतिवडा र बास्कोटा उपाध्यक्षमा पराजित भएका थिए । चौधरी, लक्ष्मण पौडेल, महतो, पराजुली, जीवनराम श्रेष्ठ, साह, उपमहासचिवमा पराजित भएका थिए । स्थायी समितिमा मनोनीत अन्य नेता भने पदाधिकारीमा उठेका थिएनन् ।

पदाधिकारी स्वतः स्थायी समिति सदस्य हुन्छन् । यसअघि पदाधिकारी र वरिष्ठ नेतालाई समेटेर स्थायी कमिटी गठन गरिएको थियो । अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ नेताद्वय डा. बेदुराम भुसाल, घनेन्द्र बस्नेत, प्रमेश हमाल, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्षहरू जयन्ती राई, धर्मनाथ साह, प्रकाश ज्वाला, जगन्नाथ खतिवडा, गंगालाल तुलाधर र भानुभक्त जोशी, महासचिव घनश्याम भुसाल, उपमहासचिवमा गरिमा शाह, राजेन्द्र राई, मेटमणि चौधरी र रामकुमार भट्टराई, सचिव श्रीराम बराल, शेरबहादुर कुँवर, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डे, सावित्रा भुसाल, बलदेव चौधरी र गणेश विक स्थायी समिति सदस्य छन् । अब शुक्रबार नयाँ सदस्यसहित स्थायी समिति बैठक बस्नेछ । बैठकले नेताहरूको कार्यविभाजन र आगामी कार्ययोजना तयार पार्ने बरालले जानकारी दिए ।

प्रधानसेनापति सिग्देल दिल्लीमा भेटवार्तामा

काठमाडौं/ भारतको औपचारिक भ्रमणमा रहेका प्रधानसेनापति अशोकराज सिग्देलले बुधबार राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेशसचिव विक्रम मिश्री, रक्षासचिव राजेशकुमार सिंह र सेनापति उपेन्द्र द्विवेदीसँग भेटवार्ता गरेका छन् । उनी मंगलबार भारत भ्रमणमा गएका थिए । भारतीय सेनाले बुधबार गार्ड अफ अनरसहित प्रधानसेनापति सिग्देललाई मुख्यालयमा स्वागत गरेको थियो । भेटवार्तामा दुवै पक्षबिच दुई देशको रक्षा विषयमा छलफल भएको भारतीय सेनाले जनाएको छ । प्रधानसेनापति सिग्देललाई बुधबारै नेपाली दूतावासमा कार्यवाहक राजदूत डा. सुरेन्द्र थापाले स्वागत गरे । भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले बिहीबार प्रधानसेनापति सिग्देललाई भारतीय सेनाको मानार्थ महारथी दर्ज्यानी चिह्न लगाइदिने कार्यक्रम छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार भ्रमणका क्रममा सिग्देलले देहरादुनस्थित भारतीय सैनिक प्रतिष्ठानमा तालिमरत अधिकृत क्याडेटहरूको अन्तिम दलेल कवाजमा प्रमुख अतिथिका रूपमा सहभागी हुने कार्यक्रम छ ।

१० भ्रातृ संस्थाको महाधिवेशन गर्न कांग्रेसले गठन गऱ्यो निर्देशन समिति

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

भ्रातृ संस्थाहरूको महाधिवेशन सुनिश्चित गर्न कांग्रेसले आवश्यक निर्देशन समिति टुंगो लगाएको छ । कांग्रेसले गत असोजमा तीन र बुधबार सात गरी १० भ्रातृ संस्थाका निर्देशन समिति गठन गरेको हो । आगामी चैत मसान्तसम्म अनिवार्य रूपमा महाधिवेशन सम्पन्न गर्न भ्रातृ संस्थाहरूलाई निर्देशित गर्ने कांग्रेसको निर्णयअनुसार सभापति शेरबहादुर देउवाले निर्देशन समिति गठन गरेको गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए ।

गत १९ असारमा बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिले कार्यादेशसमेत तय गरेर दश भ्रातृ संस्थाका निर्देशन समिति बनाउने निर्णय गरेको थियो । तर, निर्णयको पाँच महिनापछि मात्रै निर्देशन समितिहरूको टुंगो लागेको हो । निर्देशन समिति नबन्दा अधिकांश भ्रातृसंस्थाले महाधिवेशनको तयारी अगाडि बढाउन सकेका छैनन् । पछिल्लोपटक पटक-पटक गरी १५ असारसम्म म्याद थप गरिएकोमा यस अवधिमा पनि अधिवेशन नहुने भएपछि शीर्ष तहको छलफलले चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्न फरक-फरक निर्देशन समिति बनाउनुपर्ने निष्कर्ष निकालेको थियो ।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले निर्देशन समितिलाई चैत मसान्तसम्म अनिवार्य महाधिवेशन सम्पन्न गराउने कार्यादेश रहेको बताइन् । महाधिवेशनसँगै भ्रातृ संस्थाहरू संघीय संरचनाअनुरूप व्यवस्थित बन्ने उनको दाबी छ । 'पार्टीले आवश्यकता हेरेर नै निर्देशन समिति बनाउने निर्णय लिएको हो । निर्देशन समितिहरूलाई चैत मसान्तसम्म अनिवार्य रूपमा महाधिवेशन सम्पन्न गर्ने कार्यादेश छ,' उनले भनिन्, 'तोकिएकै समयमा महाधिवेशन सम्पन्न हुनेछन् । महाधिवेशनसँगै भ्रातृ संस्थाहरूको संरचना संघीयताअनुरूप बन्नेछन् ।'

गत १६ असोजमा सहमहामन्त्री उमाकान्त चौधरीको संयोजकत्वमा महिला संघ, सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाको संयोजकत्वमा तरुण दल र सहमहामन्त्री किशोरसिंह राठौरलाई नेविसंघको निर्देशन समिति संयोजक तोकिएको थियो । बुधबार सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा दलित संघको निर्देशन समिति, किसान महासंघको निर्देशन

■ **महालक्ष्मी उपाध्याय 'डिना'**,
सहमहामन्त्री, कांग्रेस



पार्टीले आवश्यकता हेरेर नै निर्देशन समिति बनाउने निर्णय लिएको हो । निर्देशन समितिहरूलाई चैत मसान्तसम्म अनिवार्य रूपमा महाधिवेशन सम्पन्न गर्ने कार्यादेश छ । तोकिएकै समयमा महाधिवेशन सम्पन्न हुनेछन् । महाधिवेशनसँगै भ्रातृ संस्थाहरूको संरचना संघीयताअनुरूप बन्नेछन् ।

समिति केन्द्रीय सदस्य रमेश रिजालको संयोजकत्वमा, केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा भूतपूर्व सैनिक संघको निर्देशन समिति, केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतको संयोजकत्वमा लोकतान्त्रिक खेलकुद संघको निर्देशन समिति, मधु आचार्यको संयोजकत्वमा लोकतान्त्रिक अपांग संघको निर्देशन समिति गठन भएको हो । कांग्रेसले थारू संघको निर्देशन समिति संयोजकमा केन्द्रीय सदस्य उदयशमशेर राणा र प्रजातन्त्र सेनानी संघको निर्देशन समिति संयोजकमा केन्द्रीय सदस्य प्रा.डा. गोविन्दराज पोखरेलले जिम्मेवारी पाएका छन् । देउवाले यसअघि गठन भएको महिला संघ निर्देशन समितिको संयोजकको जिम्मेवारी हेरफेर गरी प्रवक्ता डा. प्रकाशशरण महतलाई जिम्मेवारी दिएका छन् ।

केन्द्रीय कार्यसम्पादन समितिले कार्यादेशसमेत तय गरेर निर्देशन समिति बनाउने निर्णय लिएको थियो । 'महाधिवेशन सम्पन्न नगरेका नेपाली कांग्रेसका भ्रातृ संघहरूको महाधिवेशन सम्पन्न गर्न/गराउन फरक भ्रातृ संघका लागि अधिकार सम्पन्न फरक-फरक निर्देशन समिति गठन गर्ने,' कांग्रेसको निर्णयमा भनिएको छ । महाधिवेशन हुन नसकेर नेतृत्व हस्तान्तरण हुन नपाएका र तदर्थ समिति बनाएर पटक-पटक म्याद थप मात्र भएका भ्रातृ संस्था प्रभावहीन छन् । भद्रगोल अवस्थामा रहेका कांग्रेसका १३ मध्ये जनजाति महासंघ र मुस्लिम संघको मात्र महाधिवेशन भएको छ । ठाकुर समाजको विवादका कारण बनेको तदर्थ समिति पनि खारेज गरिएको छ । लामो समयसम्म महाधिवेशन नहुँदा नेतृत्वले अनुकूलको तदर्थ समिति बनाउने र पटक-पटक म्याद थप गर्ने प्रवृत्ति देखिँदै आएको छ ।

■ व्यवस्था बदलियो, तर बदलिएनन् कांग्रेस भ्रातृ संस्थाका संरचना

दोस्रो जनआन्दोलनपछि मुलुक संघीय संरचनामा गएको छ । ०७८ मा भएको कांग्रेसको १४औं महाधिवेशनसँगै कांग्रेसले संघीय संरचनाअनुसार पार्टीका संरचना बनायो, तर भ्रातृ संस्थाका संघीय संरचना अझै बन्न सकेका छैनन् । अधिकांशको अधिवेशन नभएको नौ वर्षभन्दा बढी भइसकेको छ ।

नेविसंघको ०७३ पछि महाधिवेशन हुन सकेको छैन । ९ चैत ०७८ देखि दुजाङ शेर्पाको संयोजकत्वमा तदर्थ समिति बनेको छ । तरुण दलको ०७३ पछि नियमित अधिवेशन हुन सकेको छैन । ९ चैत ०७८ मा विद्वान गुरुङ तदर्थ समितिको अध्यक्ष छन् । महिला संघको ०७३ पछि महाधिवेशन भएको छैन । २६ साउन ०७९ देखि उषा राउत मिश्रको संयोजकत्वमा महिला संघको तदर्थ समिति छ । नेपाल किसान महासंघको ०६४ पछि महाधिवेशन हुन सकेको छैन । १० असार ०७९ मा गणेशचन्द्र तिमल्सिनाको संयोजकत्वमा तदर्थ समिति बनेको थियो ।

नेपाल भूतपूर्व सैनिक संघको २३ जेठ ०७३ पछि महाधिवेशन भएको छैन । १२ मंसिर ०८० मा मेघराज टण्डनलाई तदर्थ समिति संयोजक तोकिएको छ । प्रजातन्त्र सेनानी संघको ०६४ पछि महाधिवेशन महाधिवेशन हुन सकेको छैन । १२ मंसिर ०८० देखि बालकृष्ण दाहाल तदर्थ समिति संयोजक छन् । दलित संघको ०६९ पछि महाधिवेशन हुन सकेको छैन । १३ असोज ०८० मा लोकबहादुर विश्वकर्मा तदर्थ समिति संयोजक बनेका थिए । राष्ट्रिय लोकतान्त्रिक अपांग संघको ०६६ पछि महाधिवेशन हुन सकेको छैन । १२ मंसिर ०८० मा प्रकाश पन्थको संयोजकत्वमा तदर्थ समिति बनेको छ । नेपाल थारू संघ र नेपाल लोकतान्त्रिक खेलकुद संघले २ साउन ०७९ मा केन्द्रीय समितिबाट नयाँ मान्यता पाएका थिए । पहिलो महाधिवेशनको हुन सकेको छैन ।

श्रीगणेश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
प्रयागपोखरी, ललितपुर-१२, फोन नं. : ०१-५४५४२३०/५४४१०५८

२४औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/२७ गते बिहिबार नयाँ पत्रिका राष्ट्रिय दैनिक)

आदरणीय सदस्यहरु,
यस संस्थाको २४औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा तपाईहरुको गरीमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

सभा हुने मिति, स्थान र समय :
मिति : २०८१ पौष १३ गते शनिवार ।
समय : बिहान ११:०० बजे ।
स्थान : अग्नी पार्टी पालेस, कुमारीपाटी, ललितपुर ।

छलफलका विषयहरु :
१) अध्यक्षज्यूबाट प्रस्तुत आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन ।
२) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन ।
३) चालु आ.व.२०८१/०८२ को वार्षिक कार्य योजना तथा अनुमानित बजेट अनुमोदन ।
४) आ.व.२०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण ।
५) निर्णय पुस्तिका प्रमाणित गर्ने १० जना सदस्यहरुको चयन गर्ने ।
६) निर्वाचन (निर्वाचन गर्ने सम्बन्धी विस्तृत कार्य तालिका संस्थाको सूचना पाटीमा टाँस गरिएको छ) ।
७) **विविध** ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको मुख्य बैंकिङ्ग प्रणाली Core Banking System (CBS) स्तरोन्नती (Upgrade) सम्बन्धी अत्यन्त जरुरी सूचना

हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरुलाई थप सहज, सुलभ तथा नविनतम प्रविधिको प्रयोग गरि सुरक्षित रुपमा आधुनिक बैकिङ्ग सेवा तथा सुविधा प्रदान गर्ने उद्देश्यले यस बैंकले हाल प्रयोग गरिरहेको बैंकको मुख्य बैंकिङ्ग प्रणाली (CBS) Finacle Core Banking Solution Version 7.0.25 बाट Finacle Core Banking Solution Version 10.2.25 मा स्तरोन्नती गर्न लागेको हुँदा उल्लेखित प्रयोजनको लागि तपसिल बमोजिमको मिति तथा समयमा बैंकको निम्न उल्लेखित सेवाहरु अबरुद्ध हुने/हुन सक्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं ।

मिति	अबरुद्ध हुने/हुन सक्ने सेवाहरु
२०८१ मंसिर २९ गते शनिबार देखि २०८१ मंसिर ३० गते आइतबार सम्म	Holiday Counter, चेक Clearing तथा बैंकको काउन्टरबाट उपलब्ध हुने नगद लगायतका अन्य सेवाहरु अबरुद्ध हुने ।
२०८१ पौष १ गते सोमबार मध्यरात १२ बजे देखि बिहान ४ बजे सम्म	ATM, Mobile Banking तथा Digital Banking संग सम्बन्धित अन्य सेवाहरु अबरुद्ध हुन सक्ने ।

माथि उल्लेखित बाहेक अन्य समयमा बैंकको सेवाहरु सुचारु रहने समेत यसै सूचना मार्फत जानकारी गराउन चाहन्छौं ।
यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं
फोन नं.: ५३२८२२९, ५३४२५३०
फ्याक्स:- ४२२६३४९

प्रधानमन्त्रीको चीन भ्रमणका उपलब्धि

भारतसँग मात्र निर्भर हुनुपर्छ भन्ने भाष्यलाई चिर्दै चीनसँग पनि क्रस बोर्डर लाइन बनाएर विद्युत् आयात-निर्यात गर्ने थप सम्झौता भएको छ



● डा. राजन भट्टराई

अग्रलेख


चिनियाँ सरकारको निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओलीले हालै चीन भ्रमण गर्नुभयो । उच्चस्तरीय भ्रमणमा तीन उच्च नेता राष्ट्रपति सी जिनपिङ, प्रधानमन्त्री ली छ्याङ र चिनियाँ जनकंग्रेसका प्रमुखसँग उहाँले सौहार्दपूर्ण भेटवार्ता गर्नुभयो । भेटमा हामीले के चाहिरहेका छौं, चीनसँगको हाम्रो अपेक्षा के हो ? नेपाल-चीनको साझा विषय के-के छन् र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय राजनीतिका सम्भावित साझा विषयबारे उच्च तहमा जुन सौहार्दपूर्ण संवाद भयो, त्यसले नजिकको छिमेकी, संसारको दोस्रो शक्तिशाली मुलुकसँगको नेपालको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको छ ।

हामीकहाँ यसअघि नयाँ प्रधानमन्त्री वा राष्ट्रपति नियुक्त भएपछि पहिलो निमन्त्रणाका आधारमा भारत भ्रमणमा जाने चलन थियो । तर, आजको युगमा त्यही पुरानै प्रचलनमा हिँड्नुपर्छ भन्ने छैन । किनभने द्विपक्षीय भ्रमण, सम्बन्ध परिवेश र आवश्यकताले निर्धारण गर्छ । यतिवेला हामीले टुंग्याउनुपर्ने धेरै विषय चीनसँगै बढी थिए र ती सबैलाई छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याएर उद्देश्य प्राप्तिको दिशामा अगाडि जानुपर्ने थियो । यस अर्थमा चीन भ्रमण समय सान्दर्भिक मात्र रहेन, भ्रमणका माध्यमबाट हामीले केही दूरगामी विषयलाई टुंगोसमेत लगाएका छौं । पुराना विषयका अतिरिक्त केही नयाँ विषय पनि प्रवेश गराएर कार्यान्वयनको बाटो तय गरेका छौं ।

भ्रमणका क्रममा यो सरकारले विगतमा सहमति भए पनि कार्यान्वयन हुन नसकेको बिआरआई सम्झौतालाई नै केन्द्रमा राखेको थियो । सन् २०१६ मा तत्कालीन प्रधानमन्त्री ओलीकै चीन भ्रमणमा दशबुँदे ऐतिहासिक सहमति भएको थियो, खासगरी कनेक्टिभिटीका सन्दर्भमा । नौ वर्षअघिको त्यही भ्रमणसँगै भूपरिवेष्टित मुलुकका रूपमा मूलतः भारतसँग निर्भर रहेको अवस्थामा भूपरिवेष्टित राष्ट्रले प्राप्त गरेको अन्तर्राष्ट्रिय अधिकारलाई चीनतर्फ पनि स्थापित गर्दै फड्को मार्न हामी सफल भएका थियौं र नाकाबन्दीजस्तो समस्या अब नदोहोरिने सुनिश्चित गरेका थियौं । त्यस्तै, केही क्रसबोर्डर ट्रान्समिसन, रोड, रेल कनेक्टिभिटीसम्बन्धी दूरगामी महत्त्वका सहमति पनि भएका थिए । तर, नेपालको घरेलु राजनीतिक अस्थिरता, कोभिड प्रकोपलगायतले अवरोध सिर्जना गरेकाले सहमति कार्यान्वयन हुन सकेको थिएन । दूरगामी प्रभाव पार्ने विगतका तिनै सहमति कार्यान्वन गर्ने सवालमा अहिलेको भ्रमणले प्राथमिकता दियो र कार्यान्वयनसम्बन्धी नयाँ सम्झौता पनि भएको छ ।

यसपटकको भ्रमणको मिति तय हुनुअघि हामीले सहमति कार्यान्वयनका व्यवधान पहिल्याउने प्रयास गऱ्यौं । नेपाल र चीन दुवै पक्षले आपसी लेखाजोखा गरेपछि नै भ्रमणको मिति तय भएको हो । सन् २०१३ मा सी जिनपिङ राष्ट्रपतिमा निर्वाचित भएपछि 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) लाई एउटा फ्रेमवर्क कन्सेप्टका रूपमा आफ्नो विदेश नीतिलाई अगाडि बढाउन खोजेको पाइन्छ । आफ्नो सम्पन्नतालाई अरू देशसँग पनि 'सेयर' गराउन खोजेको देखिन्छ । त्यस्तै, दुई देशबिच जनस्तरमा सम्बन्ध विस्तार गराउने र कनेक्टिभिटीका समग्र पक्ष समेटेर अगाडि जाने गरी चीनले यो अवधारणा अगाडि सारेको हो । त्यस अवधारणाबारे हामीले २०१७ मा प्रारम्भिक सम्झौता गऱ्यौं । तर, सम्झौता कार्यान्वयनमा लैजाने विषयमा विवाद, अलमल गरेर भूराजनीतिसँग जोड्ने, अरू पक्षसँग जोड्ने प्रवृत्ति र नियति हामीले भोग्यौं । जुन हामीले गर्नैनहुने काम थियो । एमसिसीमा पनि हामीले सम्झौता गऱ्यौं, तर पहिले गरिएका प्रतिबद्धतामाथि नै प्रश्न उठ्ने गरी विवाद भयो । बिआरआईको सहमति कार्यान्वयनका सवालमा चीनले सन् २०२० मा पठाएको मस्यौदामा केन्द्रित भएर सत्तारुढ कांग्रेस र एमालेबिच छलफल गरेर फरक-फरक अडानलाई साझा सहमतिको बिन्दु पहिल्याएर अलग्गै मस्यौदा बनायौं । त्यसबाट विगतमा भएका सहमति र दशबुँदाअन्तर्गत भएका नयाँ सहमति दुवैलाई बिआरआईको फ्रेमवर्कभित्र राखेर अगाडि लैजाने बाटो खुलेको छ ।

यी पृष्ठभूमिमा हामीले दुइटा कोणबाट भ्रमणलाई दूरगामी ऐतिहासिक महत्त्वको भ्रमणका रूपमा लिन सक्छौं । पहिलो, कनेक्टिभिटी । हामीले जसरी दक्षिणसँग बहुआयामिक रूपमा कनेक्टिभिटी अगाडि बढाएका छौं, चेकपोस्ट निर्माण, पुरानो हवाई सेवा, रेलवे कनेक्टिभिटीको प्राथमिकताअनुसार जनकपुर-जयनगर रेलवे सञ्चालनमा आएको छ । विराटनगर, नेपालगन्जलाई पनि जोड्ने प्रयास चलिरहेको छ । रक्सौल-काठमाडौं रेलवे अध्ययन सकेर अगाडि बढेको छ । क्रस बोर्डर पाइपलाइन केपी ओलीकै पालामा उद्घाटन भएको हो । क्रस बोर्डर ट्रान्समिसन लाइन सम्पन्न भएर विद्युत् व्यापार खरिद सम्झौता भएको छ,



अप्टिकल फाइबर कनेक्टिभिटी भएको छ । त्यसैगरी उत्तर छिमेकीसँग कनेक्टिभिटी अगाडि बढाउने गरी सहमति कार्यान्वयनतिर अगाडि बढेको छ । कुनैवेला चीनको भूभाग तिब्बत दुर्गम क्षेत्र थियो । यातायात, सञ्चार, रेलवे कनेक्टिभिटी थिएन । हिमाल पार गरेर जाने कुरा आफैंमा कठिनजस्तो प्रतीत हुन्थ्यो । तर, आज उनीहरूले अभूतपूर्व ढंगमा तिब्बतमा आफ्नो पूर्वाधार विकास गरेका छन् । जसरी हामीले भारतसित बहुआयामिक कनेक्टिभिटी बढाएका छौं, त्यहीअनुसारको कनेक्टिभिटी उत्तरसित अगाडि बढाउन खोजेका हौं । रेलवे सेवालाई गति दिने सम्झौता भएको छ । रोड कनेक्टिभिटीअन्तर्गत कोशी प्रदेशमा किमाथांका-खाँदबारी, अरनिको राजमार्गको स्तरोन्नतिअन्तर्गत तातोपानी-धुलिखेल सडक विस्तार, केरुङ-रसुवागढी-गल्छी हुँदै काठमाडौं आउने एउटा र अर्को त्रिशूली-छहरे सुरुङमार्ग आयोजनाको काम बढाउने, कोरला नाकालाई स्तरोन्नति गर्ने, कर्णाली प्रदेशको हिल्सा सडक निर्माण गरेर सुर्खेत-नेपालगन्ज जोड्नेलगायत आयोजना अगाडि बढाउन खोजेका छौं । यसले सुदूरपश्चिमबाहेकका सबै प्रदेशलाई सडक सञ्जालमार्फत उत्तरसँग जोड्नेछ । रेलवे सञ्जाल विस्तार अवधारणा अगाडि सार्दा विगतमा धेरै टीकाटिप्पणी भए । कागजको रेल बनाएर उडाउने काम पनि भयो । रेलवे आजको आजै बन्ने होइन, तर पन्ध्र वर्षपछि त अवश्य चाहिन्छ । त्यस्तै, ट्रान्समिसन लाइनको विस्तार र जलस्रोतको बहुपक्षीय उपयोग समृद्धिको आधार हो । भारतसँग मात्र निर्भर हुनुपर्छ, अन्त कसैसँग जोडिनुहुँदैन भन्ने भाष्यलाई चिर्दै चीनसँग पनि क्रस बोर्डर लाइन बनाएर विद्युत् आयात-निर्यात गर्ने गरी सहमतिलाई कार्यान्वयनमा लैजाने थप सम्झौता भएको छ । यो हाम्रा लागि अर्को फड्को हो । अरू स्थानमा पनि क्रसबोर्डर ट्रान्समिसन लाइन बनाउँदा भारतमा मात्र होइन, निर्यातका लागि चीनको बजारमा पनि अथाह सम्भावना देखाएको छ ।

> बिआरआईबारे प्रधानमन्त्रीको भ्रमणका क्रममा हामीले प्रस्टसँग परियोजनाका लागि ऋण लिँदैनौं भनेका छौं । भोलिका दिनमा छलफल हुँदा पनि हामी आयोजनाहरू अनुदानमै बनाउन अनुरोध गर्नेछौं । तर, उनीहरूले अनुदान मात्रै स्वीकार गरेनन् भने सफ्ट लोन लिन सक्ने ढोकाचाहिँ बन्द गरेका छैनौं ।

अहिले हाम्रा लागि कनेक्टिभिटी बढाउनु प्राथमिक विषय हो । बिआरआईबारे भ्रमणका क्रममा हामीले प्रस्टसँग परियोजनाका लागि ऋण लिँदैनौं भनेका छौं । भोलिका दिनमा आयोजनापिच्छे छलफल हुँदा पनि हामी अनुदानमै बनाउन अनुरोध गर्नेछौं, तर उनीहरूले अनुदान मात्रै स्वीकार गरेनन् भने सफ्ट लोन लिन सक्ने ढोकाचाहिँ बन्द गरेका छैनौं । तर, यतिवेला हाम्रो प्राथमिकता ऋण होइन । चीनले हामीलाई दिएको अनुदानको रकम नै उपयोग हुन सकेको छैन । चिनियाँ राष्ट्रपतिको भ्रमणमा उहाँले करिब ६० अर्ब अनुदानको घोषणा गर्नुभएको थियो । हामीले आयोजना गृहकार्य गरेर पठाउन नसक्दा अनुदान रोकिएको छ । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको भ्रमण र अन्य समयमा आएका प्रतिबद्धता हेर्दा एक खर्बभन्दा बढीको अनुदान प्राप्त हुनु छ । तिनै अनुदानलाई योजनामा ढालेर हामीले काम अगाडि बढाउने हो । भोलिका दिनमा अर्थतन्त्र सुदृढ हुँदै जाँदा, हाम्रा योजना प्राथमिकतामा परेमा ऋण लिन पनि सक्छौं । एडिबीबाट ऋण लिएर हाइड्रोपावर बनेका छन् । राजमार्ग र खानेपानी आयोजना बनिरहेकै छन् । काठमाडौं-पोखरा राजमार्ग विस्तार विश्वबैंक र एसियाली विकास बैंक दुवैको सहयोगमा भइरहेको छ । अहिलेको सन्दर्भमा अनुदान रकम नै सदुपयोग भएको छैन भने ऋण किन लिने भनिएको मात्र हो । यसको अर्थ सदाका लागि नलिने भनिएकोचाहिँ होइन । जापान, कोरिया, भारत अन्य मुलुक, विश्व बैंक, एसियाली बैंकबाट लिने, चीनबाट नलिने कूटनीतिक सम्बन्धमा भन्न कसरी मिल्छ ? अनुदान भएन भने हाम्रो प्राथमिकताअनुसार निर्णय गरेर आयोजनामा लगानीको मोडालिटीबारे निर्णय गरेर बढ्नेछौं । त्यसकारण यो भ्रमण ऐतिहासिक रूपमा सफल भएको छ । आगामी दशकमा हामीले कनेक्टिभिटीमार्फत विकासको आधार निर्माण गर्नेछौं । संसारका दुई ठुला जनसंख्या भएका विकसित मुलुकसँग कनेक्टिभिटीमार्फत जोडिएपछि द्विपक्षीय व्यापार वृद्धि गर्न उत्पादन क्षमता बढाउनेतर्फ ध्यान केन्द्रित गर्नेछौं । तर, पूर्वाधार नै छैन भने उत्पादन निर्यात गर्ने मात्र भनेर हुँदैन । पूर्वाधार नभएसम्म सम्झौता गरेर मात्र हुने पनि होइन । त्यस अर्थमा अहिलेका सम्झौता दूरगामी रूपमा निकै महत्त्वपूर्ण छन् ।

यस भ्रमणबाट तिब्बतमा नेपालबाट भैंसीको मासु निर्यात गर्ने सम्झौता भएको छ । भैंसी उत्पादनका लागि उत्तरी चरन क्षेत्रमा पशुपालन प्रवर्द्धन गरी व्यावसायिक हिसाबले नै यो काम अगाडि बढाउन सक्छौं । चिनियाँ सहरमा भैंसीको मासु बढी लोकप्रिय छ । तर, तिब्बती भूभागमा भैंसीको मासु लोकप्रिय भए पनि त्यहाँ उत्पादनका लागि अनुकूल हावापानी छैन । त्यसैले नेपालबाट भैंसीको मासु लैजाने सहमति भएको हो । यो अवसरलाई हामीले कति सदुपयोग गर्न सक्छौं, त्यो त भविष्यले नै बताउनेछ । कनेक्टिभिटीबाट जोडिएपछि अन्य उत्पादित वस्तुको व्यापारको ढोका पनि खुलेको छ । हामीले नेपाली उत्पादनका अन्य वस्तु निर्यातको प्रस्ताव पनि लैजान सक्छौं । अल्पविकसित मुलुकका उत्पादनलाई शतप्रतिशत ट्याक्स नलाग्ने व्यवस्था पनि छ । यही स्तरमा दक्षिणसँग पनि व्यापार विस्तार गर्ने गरी प्रस्ताव लैजान सक्छौं । भारतमा मात्रै बजार विस्तार भएको चिया चीनमा पनि निर्यात गर्ने सहमति भएको छ । प्रधानमन्त्री ओलीको भ्रमणसँगै अपार सम्भावनाको ढोका खोल्ने गरी चीनसँगका सम्झौता कार्यान्वयनका दिशामा अगाडि बढेका छन् ।

(विदेश मामिलाविज्ञ भट्टराई एमाले स्थायी समिति सदस्य हुन्)

---

३ प्रश्न

ललितपुर महानगरपालिकाका मेयर **चिरिबाबु महर्जन**लाई



अदालतको आदेशपछि फिर्ता भएको मदन स्मारक स्कुलको जग्गाको संरक्षण अब कसरी हुन्छ ?

केही दिनअघिसम्म सो जग्गा हामीले छुन मिलेको थिएन । तर, अब सर्वोच्चको अन्तिम फैसला आएपछि हामी सो जग्गा संरक्षण गर्नसक्ने भएका छौं । यस्ता कैयौं ठाउँका सार्वजनिक जग्गा हामीले संरक्षण गरेका पनि छौं । मदन स्मारक स्कुलको जग्गा लिज प्रक्रियाबारे अदालतले नै आदेश दिएसँगै संरक्षणको बाटो खुलेको छ । यद्यपि पूर्ण पाठ भने आउन बाँकी नै छ । अब त्यहाँको जग्गामा हामीले बालबालिका खेल्न र रमाउन मिल्ने हरियालीसहितको पार्क बनाउनेछौं ।

यो जग्गामा पार्किङ स्पेस बनाउने विषय पनि उठिरहेको छ, यो उचित हो ?

यो जग्गाको मुख्य प्रयोग त पार्क तथा हरियालीमै हुन्छ । हामी यसलाई खुला रूपमै राख्छौं । विद्यालयकै नाममा जग्गा भए पनि त्यसको उचित संरक्षण र व्यवस्थापन गर्न महानगरपालिकाले पाउने भएकाले हामीले विद्यालयसँग समन्वय गरेरै यसको सदुपयोग गर्छौं । विद्यालयलाई शैक्षिक गतिविधि सञ्चालन गर्न समस्या भएमा यो जग्गा त्यसका निम्ति पनि प्रयोग हुन्छ । पार्क पनि विद्यार्थीलक्षित नै बन्ने भएकाले त्यसमा विद्यालयको असहमति होला जस्तो लाग्दैन । जहाँसम्म पार्किङ बनाउने विषय छ, यसमा हामी आवश्यकता हेरेर काम गर्न सक्छौं ।

झन्डै १० रोपनी क्षेत्रफलको जग्गाको सरसफाइ कसरी गरिँदै छ ?


यो जग्गालाई हामीले सफा र व्यवस्थित पार्छौं । विद्यालयसँगै जोडिएको जग्गा भएकाले यसलाई थप रमणीय बनाउन आवश्यक पनि छ । यसै वर्ष यसमा बगैंचा तथा खेलकुदका लागि आवश्यक ठाउँ बनाउने हाम्रो तयारी छ । यो विषय बजेटमा समेत समेटिएकाले पार्क तथा खेल्ने ठाउँ यसै वर्ष बन्छ ।

प्रेरक प्रसंग

अर्को अवसर

धेरै पहिलेको कुरा हो । दीपावली नजिकिँदै थियो । मानिसले दियो बालेर आआफ्ना घरलाई झिलिमिली पार्ने हुनाले बजारमा माटाको दियोको राम्रै माग हुन्थ्यो । त्यसैले व्यापारीले माटाका प्रशस्त दियो बिक्रीका लागि सजाएर राखेका थिए । एक दिन तिनै माटोका दियोहरू आपसमा गुनासो गर्न थाले । पहिलो दियोले भन्यो- म जीवनमा निकै ठुलो बन्न चाहन्थें । चिल्लो र आकर्षक घडा बन्ने कत्रो रहर थियो, कुमालेले मलाई दियो बनाइदियो । भाग्यै खोटो भएपछि के गर्नु ?

दोस्रो दियोले भन्यो- म पनि एक भव्य मूर्ति बनेर कुनै धनी मानिसको घरको शोभा बढाउन चाहन्थें । तर के गर्नु, मलाई पनि त कुमालेले एक दियो नै त बनाइदियो । तेस्रो दियोले भन्यो- मलाई त सानैदेखि पैसा निकै मन पर्थ्यो । त्यसैले, म एक खुत्रुके बन्न चाहन्थें । मेरो सपना पूरा भएको भए आज मेरो यो गति हुँदो हो त ?



चुपचाप उनीहरूको कुरा सुनिरहेको चौथो दियोले मन्द मुस्कानसाथ विनम्रतापूर्वक भन्यो- साथीहरू, म जीवनको एक रहस्य तपाईंहरूलाई बताउँछु । कुनै उद्देश्य राखेर पूर्ण लगनसाथ त्यसलाई हासिल गर्न प्रयास गर्नेजति सबै लक्ष्यमा सफल हुन्छन् नै भन्ने हुँदैन । कथम् कोही असफल भइहाल्यो भने आफ्नो भाग्य या अरू कसैलाई दोष दिएर बस्नु मूर्खतासिवाय केही होइन । यदि हामी एकातिर असफल भयौं भने अर्को ढोका खुल्छ । जीवनमा अवसरको कमी छैन । एउटा गुम्यो भने अर्को अवसर आउँछ । यसो सोच्नुहोस्, दीपावली आउँदै छ । बजारमा मानिसको भिड लाग्न थालिसकेको छ । सबैले हामीलाई किन्छन् र हामीलाई पूजाकोठामा सजाउँछन् । हामीले कति घरको शोभा बढाउने सौभाग्य पाउँछौं ! त्यसैले, आफ्नो भाग्य र कुमालेलाई दोष दिएर दुःखी हुनुभन्दा खुसी हुनुहोस् ! आखिर एकबारको जुनीमा के नै लानु छ र ? चौथो दियोको कुरा सुनेपछि सबै दियो खुसी भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उजुरी किन गुपचुप राखियो ?

ऊर्जामन्त्री दीपक खड्काले नेपाल स्काउटको स्वामित्वमा रहेको जग्गा कौडीको भाउमा लिजमा लिएर व्यवसाय चलाए पनि त्यस जग्गाको भोगचलन गरेबापत करोडौं रुपैयाँ भाडा तिर्न बाँकी रहेको र ताकेता गर्दा पनि तिर्न आनाकानी गरेको विषयमा संसद्का विभिन्न समितिमा उजुरी गर्दा पनि कुनै कारबाही हुनु त परैको विषय भयो, सामान्य छलफल र छानबिनसम्म भएको नदेखिनु दुःखको विषय हो । के यहाँ शक्तिशाली, सत्ताको निकट र मन्त्री तथा नेताले जे गरे पनि हुने हो ? के खड्काले लिएको जमिनको भाडा चलनचल्तीअनुसार परिमार्जन हुनुपर्दैन ? अनि, के उनले तोकिएको भाडा स्काउटलाई कहिल्यै तिर्नुपर्दैन हो ?

● **भुवन तामाङ**, गैरीधारा, काठमाडौं

बालिकाहरूलाई सहयोग गरौं

बाजुराको गौमूल गाउँपालिका-९ का अभिभावकविहीन पाँच दिदीबहिनी बिचल्लीमा परेको तस्बिर समाचार हेर्दा निकै दुःख लाग्यो । पिताको मृत्यु भएको र आमाले उनीहरूलाई छाडेर अर्को बिहे गरेको अवस्थामा अभिभावकविहीन भएका पाँच दिदीबहिनीमध्येकी जेठी १४ वर्षीया शर्मिला रोकायाले बाँकी बहिनीको अभिभावक बनेर स्याहार्नुपरिरहेको छ । के खाऊँ र के लाऊँको अवस्थामा रहेका ती बालबालिकालाई यतिखेर गाँस, वास र कपासका साथमा शिक्षाको पनि ठुलो खाँचो छ । यसतर्फ कुनै दाताको दृष्टि पुग्थ्यो कि ?

● **सुवर्ण महर्जन**
ठिमी, भक्तपुर

सबै दललाई एउटै सन्देश

सांसद माधव सापकोटाको 'माओवादीलाई जनतामाझ जान सन्देश' शीर्षकको समाचार पढियो । भर्खरै सम्पन्न उपनिर्वाचनले माओवादीलाई मात्र होइन, सबै दल र नेतालाई जनतामाझ जान सन्देश दिएका छन् । कुनै पनि दलको मुख्य आधार भनेको जनता नै हुन् । जुन दल जनताबाट नजिक रहन्छ, उनीहरूका सुखदुःखमा सँगै उभिन्छ, जनताले प्रत्येक निर्वाचनमा उसैलाई माया गरेर मत दिन्छन् । तर, अहिलेका दल जनताबाट निकै टाढिएका छन् । त्यसैले, जनताले अनेक प्रयोग गर्दै आएका हुन् ।

● **अमृता बर्देवा**
घट्टेकुलो, काठमाडौं

ऊर्जामन्त्री प्राधिकरणमा किन बस्ने ?

केही दिनअघि ऊर्जामन्त्री दीपक खड्काले विद्युत् प्राधिकरणमा आफ्नो कार्यालय स्थापना गरी बस्न थालेको समाचार आएको थियो । प्राधिकरणमा कार्यालय स्थापना गरेर उनले नेपाली जनमानसमा के सन्देश दिन खोजेका हुन्, उनै जानून् । अहिलेसम्म कुनै पनि मन्त्रीले नगरेको काम गरेर उनले जगहँसाइ गरेका छन् । आफूले गर्नुपर्ने अनगिन्ती काम नगर्ने र गर्न नपर्ने कामचाहिँ मरिहत्ते गरेर गर्ने मन्त्रीलाई के भन्ने र खोइ ?

पछिल्लो समयमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङविरुद्ध सरकार लागेको देख्दा अचम्म लाग्छ । अर्बौं घाटामा गएको प्राधिकरणलाई उनले अर्बौं फाइदामा लगेका छन् । तैपनि, सरकार उनैको विरुद्धमा लागिरहेको देखिन्छ । प्राधिकरण फाइदामा जाँदा सरकारलाई नै राम्रो हुने होइन र ? हरेक सरकारीमातहतका संघसंस्था घाटामा किन गए भन्ने अहिले सरकारले गरेका कार्यले प्रस्ट देखाएको छ । सरकार हरेक ठाउँमा हस्तक्षेप गर्दै छ । राम्राभन्दा हाम्रा कर्मचारी राख्ने अनि सरकारी संघसंस्था फाइदामा कसरी जान्छन् ? काम गर्नेलाई अवसर नदिने र भ्रष्टाचारीलाई मलजल गर्ने काम सरकारबाटै भएपछि सरकारीमातहतमा रहेका संघसंस्था कसरी नाफामा जाऊन् त ?

मन्त्रीको काम भनेको नीति-नियम बनाएर आफूमातहतको मन्त्रालयलाई बलियो, चुस्त, तन्दुरुस्त र भ्रष्टाचाररहित बनाउनु हो, कर्मचारीलाई अनावश्यक दबाब दिएर हतोत्साही गर्नु होइन । मन्त्री भएँ भन्दैमा जसले जे गर्दा पनि हुन्छ ? जनताले हेरिरहेका छन् है !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

किन अमेरिका पलायन हुन खोज्छन् भारतीय ?

मुलुकमा सीमित अवसरका कारण धेरै युवा 'डंकी रुट' भनिने खतरनाक मार्गबाट गरिने अमेरिकी यात्रामा आकर्षित भएका छन्



देश / विदेश

● शशी थरुर

नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लाखौं अवैध आप्रवासीलाई देशनिकाला गर्ने वाचा गरेका छन् । ट्रम्पले यो वाचा गर्दा भारत पनि आप्रवासीका स्रोत मुलुकका रूपमा सतहमा देखिन्छ । अप्रिय वास्तविकता के हो भने सुखद जीवनको खोजीमा अमेरिका पुगेका आप्रवासीमध्ये उल्लेखनीय हिस्सा हाम्रा नागरिकको छ । जनवरी २०२२ मा अमेरिकामा गैरकानुनी रूपमा प्रवेश गर्न खोज्ने चार भारतीयले अमेरिकी सिमानाबाट ४० फिटभन्दा कम दूरीमा रहेको क्यानडेली भूमिमा चिसोले ज्यान गुमाएका थिए । गुजरातजस्तो भारतको सम्पन्न राज्यका दुई शिक्षित अभिभावक एवं सहरमा घर भएका मध्यमवर्गीय परिवारले यस्तो जोखिमपूर्ण यात्रा किन रोजे ? सम्झिँदा अनौठो लाग्न सक्छ । तर, यस्ता घटना अस्वाभाविक भने होइनन् ।

गुजरात भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गृहराज्य हो, जहाँ उनले १३ वर्षसम्म मुख्यमन्त्री भई नेतृत्व गरेका थिए । राज्यको आर्थिक सफलताकै आधारमा उनले राष्ट्रिय सरकारको नेतृत्वका लागि लोकप्रियता हासिल गरेका थिए । तर, धेरै गुजराती राज्य छोड्न आफ्नो सबै जायजेथा र सम्बन्धलाई दाउमा राखिरहेका छन् । यसले गुजरात राज्यको समृद्धिको प्रचलित कथालाई चुनौती दिन्छ । त्यसैगरी भारतको 'अन्नको भण्डार'भनेर चिनिने पन्जाबका मानिस पनि सुखद जीवनको खोजीमा देश छोड्ने दौडमा छन् । उर्वर कृषि राज्य भए पनि पन्जाबमा बेरोजगारी राष्ट्रिय औसतभन्दा बढी छ र लागुपदार्थको दुरुपयोग पनि तीव्र रूपमा बढिरहेको छ । पन्जाबका कृषि फार्मले भारतका अन्न उत्पादनमा ठुलो हिस्सा ओगटे पनि यिनले युवालाई आवश्यक रोजगार दिन सकिरहेका छैनन् ।

मुलुकमा सीमित अवसरका कारण धेरै पन्जाबी युवा 'डंकी रुट' भनिने खतरनाक मार्गबाट गरिने अमेरिकी यात्रामा आकर्षित भएका छन् । अमेरिका प्रवेश गर्न खोज्ने आप्रवासीको यो अवैध एवं जोखिमयुक्त बाटोका सन्दर्भमा बलिवुडले डंकी भन्ने चलचित्रसमेत बनाएको छ । यी आप्रवासीले दलाललाई अमेरिका प्रवेशका लागि झन्डै एक लाख डलरसम्म तिर्छन् । यी आप्रवासी कहिलेकाहीं मध्य वा दक्षिण अमेरिकी देशमा कानुनी यात्रा गर्दै अमेरिकातर्फको गैरकानुनी यात्रा सुरु गर्छन् । त्यसैगरी केहीले क्यानडालाई प्राथमिकता दिन्छन्, किनभने अमेरिका-मेक्सिको सीमाभन्दा उत्तरी सीमामा सुरक्षा व्यवस्था फितलो छ, तर अँध्यारोमा हिउँ र बरफ पार गर्नु विशेषतः चिसोसँग अपरिचित मानिसका लागि घातक हुने गर्छ ।

अक्टोबर २०२० यता अमेरिकी सीमा सुरक्षा अधिकारीले क्यानडा वा मेक्सिकोबाट गैरकानुनी रूपमा सीमापार गर्न खोज्ने झन्डै एक लाख ७० हजार भारतीय आप्रवासीलाई पक्राउ गरेका छन् । यी आप्रवासीमा अधिकांश युवा पुरुष देखिन्छन् । अब अवसर खोज्ने युवा पुरुष मात्र नभई मध्यम वर्गीय परिवारले पनि भारतमा भविष्य देखिरहेका छैनन् । र, केही आप्रवासी जोखिमपूर्ण यात्रा पूरा गर्न सफल पनि हुन्छन् । प्यु रिसर्चका अनुसार सन् २०२२ सम्म अमेरिकामा सात लाख २५ हजार गैरकानुनी भारतीय आप्रवासी थिए । यसले अमेरिकामा अवैध प्रवेश गर्न खोज्ने आप्रवासीमा मेक्सिको र एल साल्भाडोरपछि भारतले तेस्रो स्थान बनाएको छ । र, यी आप्रवासीको भविष्य अझै अन्योलपूर्ण छ । अमेरिकी गृह सुरक्षा विभागका सहायक सचिव रोइस बर्नस्टाइन मुरेले हालैका वर्षमा भारतीय नागरिकलाई गरिने 'निर्वासन'



तस्बिर : गेटी इमेजेस

लगातार बढ्दै गएको र गत आर्थिक वर्षमा मात्रै एक हजार एक सय भारतीय आप्रवासीलाई देशनिकाला गरिएको बताएका थिए ।

यो प्रवृत्तिमा रोक लागेको कुनै संकेत देखिन्न । अक्टोबरमा जारी अमेरिकी गृह सुरक्षा विभागको प्रेस विज्ञप्तिमा कानुनी रूपमा अमेरिका बस्ने आधार नभएका भारतीय नागरिकलाई 'ठुलो चार्टर उडान'मार्फत फिर्ता पठाइएको विवरण थियो । यस्तो उडान पहिलोपटक भएको होइन र थप उडान हुने संकेत देखिन्छन् । यो सबै ट्रम्पको पदग्रहणअघि नै भइरहेको छ । पुनर्स्थापनामा सहकार्य गरेको भारतीय सरकारले यसलाई कानुनी आप्रवासनलाई प्रोत्साहन गर्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ । तर, भारतका नेताले आफ्ना नागरिक किन विदेश जान बाध्य भइरहेका छन् भन्नेमा गहिरो आत्ममूल्यांकन गर्नुपर्छ ।

अधिकांश भारतीय आप्रवासी राम्रो आर्थिक अवसरको खोजीमा छन् र यिनले यदि आफू प्रमुख अमेरिकी सहरमा पुग्न सके भिडमा हराएर राम्रो काम पाउन सक्ने आशा पालेका हुन्छन् । तर, केही आप्रवासीले देश छाड्नुका कारण अन्य पनि छन् । पन्जाबका केही सिखले खालिस्तानी प्रिथकतावादी आन्दोलनको दमनका कारण भारतीय सरकारबाट उत्पीडनको डर देखाउँदै शरणार्थी हैसियतको आवेदन दिन पनि गएका छन् । भारतीय अधिकारीले प्रायः यस्ता आरोपलाई अस्वीकार गर्दै यी शरण माग्नेले अमेरिकामा बस्ने मौका बढाउन झुटा कथा बनाइरहेका छन् भन्ने दाबी गर्छन् । अमेरिकी शरणार्थी कानुनले आवेदन प्रक्रिया चलिरहँदा अस्थायी रूपमा बस्न अनुमति दिन्छ र यसबिच अमेरिकी नागरिकसँग विवाह गर्दा कानुनी आवासको अर्को बाटो खुल्छ । भारतीय अधिकारीले आप्रवासीका मुलुक छाड्ने कारणलाई गम्भीरतासाथ लिनुपर्छ ।

भारतलाई फेरि आशाको भूमि बनाउनु आवश्यक छ । विडम्बना, मोदी सरकारका तमाम प्रोपगान्डाका बाबजुद भारतको बहुचर्चित आर्थिक सफलता बेरोजगार वृद्धि, युवा बेरोजगारीको नयाँ कीर्तिमान र अधिकांश भारतीयको खस्किँदो जीवनस्तरका कथामा सीमित छ । अर्थतन्त्र तब मात्रै पुनरुत्थान भएको मानिनेछ, जब भारतमा समान अवसर, युवा पुस्ताका लागि पर्याप्त रोजगारी र सबैका अधिकार एवं हितको रक्षा गर्ने सरकार हुनेछ ।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका वरिष्ठ नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २७ मंसिर ०८१

बैंकहरूको निक्षेप बढ्दा पनि मुद्दतीमा छैन आकर्षण

चार महिनामा एक खर्ब ४८ अर्बले निक्षेप बढे पनि मुद्दतीको अंश १.९५% विन्दुका दरले घट्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाको निक्षेप चुलिँदै गए पनि मुद्दतीतर्फको निक्षेपको अनुपात भने क्रमशः घट्दो छ। बैंकरहरूका अनुसार निरन्तर घटिरहेको ब्याजदरका कारण मुद्दतीमा रकम राख्न संस्थागत निक्षेपकर्ता कम आकर्षित भएका छन्। यसले कुल निक्षेपमा मुद्दती निक्षेपको अंश घट्दै गइरहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ।



गत असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ६४ खर्ब ९६ अर्ब थियो। कात्तिक मसान्तसम्म आइपुग्दा निक्षेप ६६ खर्ब ४४ अर्ब पुगेको छ। अर्थात्, चार महिनामा कुल निक्षेप एक खर्ब ४८ अर्ब रुपैयाँले बढेको छ। असार मसान्तसम्म कुल निक्षेपमा मुद्दती निक्षेपको हिस्सा ५६.०८ प्रतिशत थियो। कात्तिक मसान्तसम्म आइपुग्दा यो हिस्सा ५४.१३ प्रतिशतमा सीमित भएको छ। मुद्दतीको अंश घटे पनि साधारण बचत निक्षेपको हिस्सा भने बढेको देखिन्छ। असार मसान्तसम्म यो हिस्सा ३०.०९ प्रतिशत रहेकोमा कात्तिक मसान्तसम्म आइपुग्दा ३२.५९ प्रतिशत कायम छ।

मिति	कुल निक्षेप	मुद्दतीको हिस्सा	बचतको हिस्सा	चालू निक्षेपको हिस्सा	कल निक्षेप
०८१ असार मसान्त	६४ खर्ब ९६ अर्ब	५६.०८	३०.०९	५.८८	७.२७
०८१ साउन मसान्त	६४ खर्ब ४७ अर्ब	५७.१५	३०.१५	५.१३	६.८७
०८१ भदौ मसान्त	६५ खर्ब २८ अर्ब	५६.३५	३०.७७	५.२४	६.९५
०८१ असोज मसान्त	६६ खर्ब ६२ अर्ब	५४.४९	३२.४६	५.५३	६.८३
०८१ कात्तिक मसान्त	६६ खर्ब ४४ अर्ब	५४.१३	३२.५९	५.३६	७.२२

स्रोत : नेपाल राष्ट्र बैंक

वाणिज्य बैंकहरूको कुल निक्षेपमा मुद्दतीको हिस्सा ५३.४७ प्रतिशत, बचतको ३२.७५ प्रतिशत, चालू निक्षेपको हिस्सा ५.८२ प्रतिशत र कल निक्षेप ७.२ प्रतिशत छ। त्यस्तै, विकास बैंकहरूको कुल निक्षेपमा मुद्दतीको हिस्सा ५७.२२ प्रतिशत, बचतको हिस्सा ३३.५६ प्रतिशत, चालू निक्षेपको हिस्सा ३३.५६ प्रतिशत र चालूको १.७२ र कल निक्षेपको हिस्सा ७.४६ प्रतिशत छ।

असारमा वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दतीतर्फ औसत ब्याजदर ६.८७ प्रतिशत थियो। मंसिरसम्म आइपुग्दा यो ब्याजदर ५.९९ प्रतिशतमा झरिसकेको छ। ब्याजदर घटिरहँदा मुद्दतीतर्फको आकर्षण घट्नु स्वाभाविक भएको जानकारहरू बताउँछन्।



नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहाल भन्छन्-



ब्याजदर घटिरहेका वेलामा मुद्दतीको तुलनामा बचतमा बढी निक्षेप हुने गरेको छ। ब्याजदर बढी भएमा मुद्दतीमा आकर्षण बढी हुन्छ। तर, घटेका वेलामा साधारण निक्षेपमा बढी पैसा देखिन्छ। यो स्वाभाविक प्रक्रिया हो।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले ब्याजदर घटिरहेका वेलामा मुद्दतीको तुलनामा बचतमा बढी निक्षेप हुने गरेको बताए। उनले भने, 'ब्याजदर बढी भएमा मुद्दतीमा आकर्षण बढी हुन्छ। तर, घटेका वेलामा साधारण निक्षेपमा बढी पैसा देखिन्छ। यो स्वाभाविक प्रक्रिया हो।'

नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डे भन्छन्-



अहिलेको समयमा वाणिज्य बैंकहरू एक वर्षभन्दा बढी अवधिका लागि मुद्दती निक्षेप राख्न चाहन्छन्, तर संस्थागत निक्षेपकर्ता बढेको ब्याजदरमा निक्षेप राख्न बढी इच्छुक छन्। अर्को महिनाबाट ब्याजदर घटिहाल्छ कि भनेर संस्थागत निक्षेपकर्ताले सकेसम्म तीन महिना वा कम अवधिको निक्षेप राख्दै आएका छन्। तर, अहिले बैंकहरू एक वर्षभन्दा बढी अवधिको मुद्दतीमा निक्षेप बढाउन चाहेको अवस्था छ। त्यसैले मुद्दती निक्षेपको अनुपात घट्दै गएको हुन सक्छ। संस्थागत निक्षेपकर्ताले यस्तो अवस्थामा पैसा कल निक्षेपमा राख्ने गर्छन्।

खासगरी वाणिज्य बैंकहरूले एक वर्षभन्दा बढी अवधिका लागि मुद्दती निक्षेपको माग गरे पनि संस्थागत निक्षेपकर्ता छोटो अवधिको मुद्दतीमा बढी आकर्षित हुँदा मुद्दतीको अंश घट्दो क्रममा गएको हुन सक्ने बैंकरहरूको विश्लेषण छ।

नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेका अनुसार अहिलेको समयमा वाणिज्य बैंकहरू एक वर्षभन्दा बढी अवधिका लागि मुद्दती निक्षेप राख्न चाहन्छन्, तर संस्थागत निक्षेपकर्ता बढेको ब्याजदरमा निक्षेप राख्न बढी इच्छुक छन्। उनले भने, 'अर्को महिनाबाट ब्याजदर घटिहाल्छ कि भनेर संस्थागत निक्षेपकर्ताले सकेसम्म तीन महिना वा कम अवधिको निक्षेप राख्दै आएका छन्। तर, अहिले बैंकहरू एक वर्षभन्दा बढी अवधिको मुद्दतीमा निक्षेप बढाउन चाहेको अवस्था छ।'

सिमेन्टको भाउ घटाउने सहमति

नयाँ पत्रिका

कृत्रिम रूपमा बढाइएको सिमेन्टको भाउ घटाइने भएको छ। उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको पहलमा बुधबार सिमेन्ट उद्योगी र निर्माण व्यवसायीसहित भएको छलफलमा काठमाडौंमा सिमेन्टको भाउ ओपिसीको सात सय र पिपिसी ६ सय रुपैयाँ प्रतिबोरा कायम गर्ने सहमति भएको निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले जानकारी दिए। उनले भने, 'अब सहमति कार्यान्वयन गर्ने आसमा छौं' उनले भने।



● **रवि सिंह**, अध्यक्ष, निर्माण व्यवसायी महासंघ

उद्योगीहरूले पछिल्लो डेढ महिनामा प्रतिबोरा सिमेन्टको भाउ एक सय ८० रुपैयाँसम्म वृद्धि गरेका थिए। तर, उद्योग मन्त्रालयसँगको छलफलपछि प्रतिबोरा ८० रुपैयाँसम्म घटाउने सहमति भएको हो। उक्त सहमतिलाई निर्माण क्षेत्रले समेत स्वागत गरेको अध्यक्ष सिंहले बताए। 'सिमेन्टको भाउ घटाउने सहमतिको हामी स्वागत गर्न चाहन्छौं' उनले भने।

असारमा मूल्य निर्धारण गर्दा ४८० रुपैयाँ हुने र अहिले ७८० रुपैयाँ पुऱ्याउने निर्णय गर्दा कन्स्ट्रक्सन क्षेत्र समस्यामा पऱ्यो। यसो गर्दा निर्माण क्षेत्रको काम नहुने र अर्थतन्त्रलाई समेत असर पर्ने काम भयो भने सिमेन्टको खपत पनि घट्यो।

अब सिमेन्ट उद्योगीले फ्याक्ट्री मूल्य प्रतिबोरा पाँच सय ४० रुपैयाँ निर्धारण गर्नेछन्। यसअघि ६ सय ८० रुपैयाँ प्रतिबोरासम्म पुगेको थियो। कार्टेलिङ गरेर केही उद्योगीले सिमेन्टको भाउ बढाउँदा निर्माण क्षेत्रको लागत बढेको भन्दै व्यवसायीले विरोध गरेका थिए। कतिपय स्थानमा 'निर्माण होलिडे' समेत गरेका थिए।

प्रत्येक वर्षको साउनमा जिल्ला प्रशासन कार्यालयहरूले जिल्ला दररेट सार्वजनिक गर्ने गर्छन्। सोही जिल्ला दररेटको भाउअनुसार निर्माण व्यवसायीले विभिन्न ठेक्कामा टेन्डर आह्वान गर्ने प्रचलन छ। गत साउनमा सिमेन्टको बजार भाउ चार सय ८० रुपैयाँ प्रतिबोरा रहेको अध्यक्ष सिंहले बताए।

'त्यतिवेला प्रतिबोरा चार सय ८० रुपैयाँ रहेको भाउकै आधारमा विभिन्न ठेक्का सम्झौता भएको छ, तर अहिले विनाकारण प्रतिबोरा तीन सय रुपैयाँसम्म वृद्धि गर्नु सुहाउँदो भएन भनेर हामीले विरोध गरेका थियौं' उनले भने, 'त्यसपछि सरकारी निकायको रोहवरमा सहमति जुटेको छ।'

उद्योगीले सिमेन्टको भाउ बढाएको भन्दै निर्माण व्यवसायीले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पनि उजुरी दिएका थिए। त्यसपछि विभागले मूल्य नघटाए कारबाही गर्ने चेतावनी दिएका थियौं। विभागकै समन्वयमा उद्योग मन्त्रालयमा बुधबार दिउँसो दुवै पक्षबिच छलफल भएको थियो। सिमेन्ट उद्योगीले अत्यधिक रूपमा सिमेन्टको मूल्यवृद्धि गरेका थिए। त्यस विषयमा छलफलपछि काठमाडौंमा ओपिसी सिमेन्ट सात सय र पिपिसी ६ सय रुपैयाँमा उपलब्ध गराउने सहमति भएको छ। अब यो सहमति कार्यान्वयन होस् भन्ने चाहन्छौं।

एउटै पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टीतेल आयात गर्ने पूर्वाधार तयार

काठमाडौं/ मोतिहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनबाट मट्टीतेल आयातको सफल परीक्षण भएको छ। एउटै पाइपबाट पालैपालो तीनवटा पेट्रोलियम आयात गर्न मिल्ने गरी निर्माण भएको पाइपबाट २४ भदौ, ०७६ देखि नियमित रूपमा डिजेल आयात भइरहेको छ। निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा पूर्वाधार तयार गरी गत १८ असोजमा ५० लाख लिटर पेट्रोल आयात गरी भण्डारण गरिएको छ। बुधबार बिहान ११:४५ देखि साढे पाँच बजेसम्म १० लाख लिटर मट्टीतेल आयात गरी सफल परीक्षण भएको छ।

मधेश प्रादेशिक कार्यालय प्रमुख प्रलयंकर आचार्यले एउटै पाइपबाट मिश्रणविनै तीनवटै पेट्रोलियम पालैपालो आयातको सफल परीक्षण भइसकेको बताए। 'बुधबार दिउँसो १० लाख लिटर मट्टीतेल को परीक्षण आयात सफल भएको छ,' उनले भने। पाइपलाइनबाट आएको डिजेल भण्डारण गर्न निगमले पहिलो चरणमा चार ठुला स्टोरेज बनाएको थियो। दोस्रो चरणमा डिजेलको थप दुईवटा र पेट्रोलको पनि दुईवटा स्टोरेज ट्यांक तयार गरेको छ।

पाइपबाट तीनवटै पेट्रोलियम आयात गर्दा मिश्रण हुन सक्ने जोखिमलाई हटाउन अमलेखगन्जमा अढाई लाख लिटर क्षमताका दुईवटा 'ट्रान्समिक्स ट्यांक' बनाइएको छ। मिश्रण भएको पेट्रोलियम खन्याउने र शुद्ध पेट्रोल, डिजेल र मट्टीतेल सम्बन्धित स्टोरेज ट्यांकमा पठाउने व्यवस्था छ। तर, बुधबार दिउँसो डिजेलपछि मट्टीतेल पठाउँदा विनामिश्रण आएको आचार्यले बताए।

सिँचाइ तथा जलवायुमा एडिबीको सवा २१ अर्ब सहयोग

काठमाडौं/ एसियाली विकास बैंक (एडिबी)ले नेपाललाई १५ करोड ७० लाख अमेरिकी डलर (करिब २१ अर्ब २३ करोड रुपैयाँ)को सहुलियतपूर्ण ऋण तथा अनुदान दिने भएको छ। नेपाल र एडिबीबिच नवीनतम यान्त्रिक सिँचाइ आयोजना र जलवायुसम्बन्धी आयोजना (सिएलआरआरपी)का लागि बुधबार सम्झौतामा हस्ताक्षर सम्पन्न भएको हो।

नवीनतम यान्त्रिक सिँचाइ आयोजना कार्यान्वयनका लागि एक करोड ५० लाख अमेरिकी डलर (करिब दुई अर्ब रुपैयाँ) अनुदान र ११ करोड अमेरिकी डलर (करिब १४ अर्ब ८८ करोड रुपैयाँ) ऋण सम्झौतामा नेपालको तर्फबाट अर्थसचिव डा. रामप्रसाद घिमिरे र एसियाली विकास बैंकको तर्फबाट नेपालका लागि कन्ट्री डाइरेक्टर अर्नाउड कचोइसले हस्ताक्षर गरेका छन्। यस आयोजनाबाट किसानहरूले प्रिपेड कार्ड प्रणालीमार्फत सिँचाइ प्रविधिको प्रयोगबाट आवश्यकताअनुसार सिँचाइका लागि पहुँच प्राप्त गर्न सक्नेछन्। यो आयोजना मधेश प्रदेशका रौतहट र सर्लाही जिल्लामा लागू हुने र यसबाट एक लाख २१ हजारभन्दा बढी किसान लाभान्वित हुनेछन्।

त्यसैगरी, सिएलआरआरपी कार्यान्वयनका लागि २२ मिलियन अमेरिकी डलर (करिब दुई अर्ब ९७ करोड रुपैयाँ)को अनुदान सम्झौता र एक करोड अमेरिकी डलर (करिब एक अर्ब ३५ करोड रुपैयाँ)को ऋण सम्झौतामा अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा र अर्नाउड कचोइस, नेपालका लागि एडिबीका निर्देशक अर्नाउड काचोइसले नेपाल सरकार र एडिबीको तर्फबाट हस्ताक्षर गरेका छन्।

सिएलआरआरपीले जलवायु परिवर्तनको प्रभावबाट अत्यधिक जोखिममा रहेका कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण समुदायहरूको जलवायु लचिलोपन बढाउनमा केन्द्रित छ। यस परियोजनाले पानीको उपलब्धता सुनिश्चित गर्न सम्बोधन गर्ने, प्रकृतिमा आधारित जीविकोपार्जनलाई प्रवर्द्धन गर्ने र जलस्रोतको दिगो व्यवस्थापनमार्फत स्थानीय समुदायहरूलाई सशक्त बनाउनेछ।

त्यसैगरी, सिआरएलएलपीको आयोजना सम्झौतामा वन तथा वातावरण मन्त्रालयका सहसचिव बद्रीराज ढुंगाना, कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइराला, सुदूरपश्चिम प्रदेशका उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय र नेपालका लागि एडिबीका निर्देशक अर्नाउड काचोइसले हस्ताक्षर गरे।

■ मर्स्याङ्दी करिडोर २२० केभी प्रसारणलाइन

उदीपुर-मार्कीचोक-भरतपुर खण्ड आगामी जेठभित्र सम्पन्न हुने

काठमाडौं/ मर्स्याङ्दी करिडोर २२० केभी प्रसारणलाइन आयोजनाअन्तर्गत लमजुङको उदीपुर सबस्टेसनबाट तनहुँको आँबुखैरेनीस्थित मार्कीचोक हुँदै चितवनको भरतपुर सबस्टेसनसम्मको प्रसारणलाइन निर्माणले गति लिएको छ।

मर्स्याङ्दी, दोर्दी तथा त्रिशूली नदी र ती नदीहरूका सहायक खोलाको जलविद्युत् आयोजनाहरूले उदीपुर-मार्कीचोक-भरतपुर प्रसारणलाइन खण्डको सब कन्ट्याक लिएर निर्माण अगाडि बढाइएका छन्। उक्त खण्ड आगामी जेठभित्र निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढाइएको छ।

मर्स्याङ्दी, दोर्दी तथा त्रिशूली नदी र ती नदीहरूका सहायक खोलामा सञ्चालनमा रहेका सात र निर्माणाधीन सात गरी १४ जलविद्युत् आयोजनाले सो प्रसारणलाइन उपयोग गर्नेछन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मंगलबार तनहुँ र चितवनमा निर्माण भइरहेको प्रसारणलाइन अनुगमन गरी आगामी जेठभित्र सम्पन्न गर्न संस्थाको तर्फबाट सहजीकरण गर्ने बताए। सो प्रसारणलाइन खण्ड महत्त्वपूर्ण रहेकाले जनशक्ति थप गरी निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई उनले निर्देशन दिए। अनुगमनकै क्रममा डिभिजन वन कार्यालय चितवन र तनहुँका प्रमुखसँग फोनमार्फत वनक्षेत्रको जग्गा प्रयोग र रुख कटानमा स्वीकृति प्रक्रियामा सहजीकरण गरिदिन आग्रह गरेका छन्।

उदीपुर-मार्कीचोक ४० किलोमिटर प्रसारणलाइन खण्डमा एक सय १६ वटा टावर निर्माण गर्नुपर्नेछ। त्यसमध्ये ९० वटाको जग हालिएको छ। मार्कीचोक-भरतपुर २८ किलोमिटर प्रसारणलाइन खण्डमा ८३ वटा टावर निर्माण गर्नुपर्नेमा ३८ वटा टावरको जग हालिएको छ। प्रसारणलाइन निर्माणका लागि ६९.६९ हेक्टर वनक्षेत्रको जग्गा प्रयोग गर्नुपर्नेछ।

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१२ गते मंगलबारको नयाँ पत्रिका दैनिक

यस लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण सुविधा लिने तपशीलका ऋणीले ऋण लिंदाका बखत गरेका लिखित तथा मौखिक सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरेकोले प्रथम पटक प्रकाशित मिति २०८०/०८/१२ गतेको नयाँ पत्रिका दैनिकमा ३५ दिने ऋण तिर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले आफुले लिएको ऋणको साँवा, व्याज, अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर नतिरी नबुझाई अटेर गरी बसेको हुँदा संस्थाले उक्त ऋणमा धितो सुरक्षण लिएको निम्न विवरणको जग्गा तपशीलमा उल्लेखित मिती समय र स्थानमा लिलाम बिक्री गरी ऋण असुल उपर गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१.ऋणी
→ श्री विश्वनाथ उपाध्यायको नाती, श्री अशोक कुमार उपाध्याय र सफला खनालको को छोरा, श्री अन्जनी कुमारीको श्रीमान्, सर्लाही जिल्ला ,जानकीनगर गा.वि.स वडा नं ८, स्थायी घर भई सर्लाही जिल्ला, वरहथवा न.पा, वडा नं १६ बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट ना.प्र.प.नं. ३१६५४६४१, वर्ष ४१ को **श्री सचितराज खनाल .....।**

१. धन जमानीकर्ता
→ श्री अशोक कुमार उपाध्याय र सफला खनालको को नाती, श्री सचितराज खनाल र श्री अन्जनी कुमारीको छोरा, सर्लाही जिल्ला, जानकीनगर गा.वि.स वडा नं ८, स्थायी घर भई हाल सर्लाही जिल्ला, वरहथवा न.पा, वडा नं १६ बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट ना.प्र.प.नं.१९-०६-७८-०३३७९, वर्ष २० को **श्री समीर खनाल .....।**

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
→ सर्लाही जिल्ला, हरिऔन गा.वि.स वडा नं ७, कित्ता नं १४९४ क्षेत्रफल ०-०-५-०, जग्गा धनीको नाम श्री सचितराज खनाल .....।

मिति : २०८१/१०/०२ गते बुधबार
स्थान : लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, काठमाडौ-९, पुरानो बानेश्वर
समय : बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म

माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको
दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०८१/०८/२७ गते)

यस माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको मिति २०८१/०८/२१ मा बसेको संचालक समितिको ४५औं बैठकको निर्णयानुसार यस कम्पनीको दोश्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८१ साल पौष १९ गते (तदनुसार जनवरी ३, २०२५), शुक्रबार।
समय : बिहान १०:०० बजे।
स्थान : कम्पनीको कार्यालय, नेपाल च्याम्बर अफ कमर्सको भवन, जमल, काठमाडौं।

छलफलका विषयहरु :

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको दोश्रो वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित यस कम्पनीको २०८१ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय व्यय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने।
३. यस कम्पनीमा कायम रहेको संचालक समितिले गरेको हाल सम्मको काम कारवाहीहरु अनुमोदन गर्ने।
४. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने।
५. स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदन सम्बन्धमा।

ख. विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

अन्य जानकारीको लागि काठमाडौं जिल्ला, जमल स्थित नेपाल च्याम्बर अफ कमर्सको भवनमा रहेको माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

Machhapuchchhre Securities Limited
माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड

३५ दिने ऋण बुझाउँने सूचना

ईन्द्र बासुकी सृजनशिल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
चन्द्रागिरी १, दहचोक, काठमाण्डौं
फोन नं: ०१-५१३१०८६


कर्जा चुक्ता गर्ने सम्बन्धि अत्यन्त जरूरी सूचना

तपशिलमा उल्लेखित तपाई सदस्यहरुले यस संस्थाबाट लिएको ऋणको भुक्तानी मिति समाप्त भईकन तिर्नु बुझाउनु पर्ने साँवा व्याज नतिरी कर्जा सम्बन्धि शर्त बन्देज उलंघन गर्नु भएको तथा कर्जा चुक्ता गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरि कर्जा तिर्न कुनै चासो नदेखाएको हुनाले ऋणी तथा धन जमानिको नाममा यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले बाटो म्याद बाहेकको ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना बुझाउँन अनुरोध छ। अन्यथा संस्थामा रहेको बचत रकम जफत गरि असुल उपर हुन बाँकी रकम जमानी बस्ने व्यक्ति, ऋणीको एकाघर परिवार समेतको नाममा रहेको जायजेथा, घर घराना, चल अचल सम्पत्तिबाट कानुन बमोजिम असुल उपर गर्न सम्पत्ति रोक्का गरि संस्थाको लेना रकम असुलीका लागि तपाईहरुलाई कालो सुचीमा राख्दै सहकारी ऐन, संस्थाको विनियम तथा निति बमोजिम असुली कारवाही प्रक्रिया अघि बढाउने व्यहोरा ऋणी सदस्य तथा धन जमानीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

क्र.सं	ऋणीको तीन पुस्ते विवरण	जमानिको तीन पुस्ते विवरण
१	ऋणीको नाम: सृजना कडेल पतिको नाम : रुपेस बिष्ट ससुराको नाम: बासु बिष्ट ठेगाना : दामन ०२ मकवानपुर हाल : च.न.पा. ०१	जमानीको नाम : मधुसुदन भण्डारी बुवाको नाम : भक्त बहादुर भण्डारी बाजेको नाम: लोक बहादुर भण्डारी ठेगाना: धुनीवेसी नगरपालिका ६ धादिङ्ग हाल: च.न.पा. ०१
२	ऋणीको नाम: मधुसुदन भण्डारी बाबुको नाम: भक्त बहादुर भण्डारी बाजेको नाम: लोक बहादुर भण्डारी ठेगाना : हाल: च.न.पा. ०१	
३	ऋणीको नाम: जिवन घलान बाबुको नाम: बुद्ध सिं. घलान बाजेको नाम: मङ्गले घलान ठेगाना : खैराङ ६, मकवानपुर हाल: च.न.पा. ०१	जमानीको नाम : सरिता धलान पति : जिवन घलान ससुरा : बुद्ध सिं. घलान ठेगाना : खैराङ ६, मकवानपुर हाल: च.न.पा. ०१
४	ऋणीको नाम: गोमा श्रेष्ठ ससुराको नाम: नर सिं बा. श्रेष्ठ पतिको नाम : ईश्वर कुमार श्रेष्ठ ठेगाना : लामीडाँडा ७, खोटाङ हाल: च.न.पा. ०१	जमानीको नाम : ईश्वर कुमार श्रेष्ठ बुवाको नाम : नर सिं बा. श्रेष्ठ ठेगाना : लामीडाँडा ७, खोटाङ हाल: च.न.पा. ०१
५	ऋणीको नाम: निर्मल कुमार मर्हजन पत्निको नाम : सुनीता नगरकोटी बाबुको नाम: किशोर कुमार मर्हजन ठेगाना : गोदामचौर ७, ललितपुर हाल: च.न.पा. ०१	जमानीको नाम : ईश्वरी प्रसाद लामिछाने बुवाको नाम : कृष्ण प्रसाद लामिछाने बाजेको नाम: डिलनाथ लामिछाने ठेगाना : नुवाकोट हाल: च.न.पा.१, दहचोक
६	ऋणीको नाम: शोभा न्यौपाने पतिको नाम : त्रिलोचन न्यौपाने ससुराको नाम: गोपीचन्द्र न्यौपाने ठेगाना : बुद्ध पोखरी १, लम्जुङ्ग हाल: च.न.पा. ०१	जमानीको नाम : त्रिलोचन न्यौपाने बुवाको नाम : गोपीचन्द्र न्यौपाने बाजेको नाम: नन्द लाल न्यौपाने ठेगाना : बुद्ध पोखरी १, लम्जुङ्ग हाल: च.न.पा. ०१
७	ऋणीको नाम: राजन गिरी बाबुको नाम: अम्बर बहादुर गिरी बाजेको नाम: गोपाल गिरी ठेगाना : च.न.पा. ०१	जमानीको नाम : दयाराम गिरी बुवाको नाम : नारायण गिरी ठेगाना : च.न.पा. १, दहचोक
८	ऋणीको नाम: कमला पोखरेल पतिको नाम : कमल पोखरेल ससुराको नाम: टेकनाथ पोखरेल ठेगाना : पालुङ्गटार नगरपालिका २, गोरखा हाल: च.न.पा. ०१	जमानीको नाम: कमल पोखरेल बुवाको नाम : टेक नाथ पोखरेल बाजेको नाम: : हेम नाथ पोखरेल ठेगाना : पालुङ्गटार नगरपालिका २, गोरखा हाल: च.न.पा. ०१
९	ऋणीको नाम: मोतिराम सुनुवार बाबुको नाम: धितालथुम्के सुनुवार बाजेको नाम: रत्नविर सुनुवार ठेगाना : हाल च.न.पा. ०१	जमानीको नाम : बाबुलाल विश्वकर्मा बुवाको नाम : धन बहादुर विश्वकर्मा बाजेको नाम : दलसुर ठेगाना : का.न.पा. वडा नं १४ ठेगाना : हाल च.न.पा. ०१

एलजीको नानोसेल टिभी बजारमा

काठमाडौं/ सिजी इलेक्ट्रोनिक्सले एलजीको नानोसेल टिभी बजारमा आएको छ। नेपालमा एलजी उत्पादनका अधिकारिक आयातकर्ता तथा वितरक चौधरी ग्रुपअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सले ४३ इन्च, ५५ इन्च र ६५ इन्चका साइजका नानोसेल टिभी सार्वजनिक गरेको हो। यो नयाँ थप टिभीले नेपालमा उपलब्ध एलजीको उन्नत टेलिभिजन मोडेलहरूको दायरा बढाएको कम्पनीको भनाइ छ। यसमा ३२ देखि ८६ इन्चसम्मका ओएलइडी टिभी, क्युएनइडी टिभी, युएचडी टिभी र स्मार्ट टिभी समावेश छन् ।



एलजीको नानोसेल टिभीहरूमा विशेष नानोसेल लेयर प्रयोग गरिएको छ, जुन प्रविधिले तस्बिरको गुणस्तर वृद्धि गर्ने बताइएको छ। यसको नानोपार्टिकल्सले सुस्त टोन फिल्टर गरेर तीक्ष्ण टोनबाट गहिरो, जीवन्त रङ प्रदान गर्दछ। अत्याधुनिक फोरके नानोसेल अल्फा फाइभ एआई प्रोसेसर जेन सेबेन टेक्नोलोजीले फोरके अपस्केलिङ, एआई ब्राइटनेस कन्ट्रोल र नानो कलरको साथ इमर्सिभ दृश्य अनुभव प्रदान गर्नेछ।

युनाइटेड अजोड इन्स्योरेन्सको सिइओमा गौतम



काठमाडौं/ युनाइटेड अजोड इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा कमल गौतम नियुक्त भएका छन् । इन्स्योरेन्सको बुधबार बसेको सञ्चालक समितिको बैठकले गौतमलाई आगामी चार वर्षका लागि सिइओ नियुक्त गरेको हो। विभिन्न बैंक तथा वित्तीय संस्थामा तीन दशकभन्दा बढीको कार्यानुभव रहेका गौतमले त्रिभुवन विश्वविद्यालयबाट एमबिए गरेका छन् ।

मधेश प्रदेश पर्सा जिल्ला, विरगंज महानगरपालिका वडा नं. ११ रानिघाट स्थित कार्यालय रही प्रकाशित उत्थान साप्ताहिकपत्रिकाको हकदावी सम्बन्धी जरुरी ३५ दिने सूचना

जिल्ला प्रशासन कार्यालय काठमाडौंको दर्ता नं. ४३ मिति २०४०/६/९ गते उत्थान साप्ताहिक पत्रिका प्रकाशन तथा सम्पादक सुदर्शनराज पाण्डे भई पर्सा जिल्ला, विरगंज महानगरपालिका वडा नं. ११ रानिघाट स्थित कार्यालय भई साप्ताहिक पत्रिका प्रकाशित हुँदै आएकोमा उत्थान साप्ताहिक पत्रिकाको प्रकाशन तथा सम्पादक सुदर्शनराज पाण्डेको मिति २०८१/०५/२७ गते स्वर्गिय हुनु भई हाल सम्म उक्त पत्रिका प्रकाशित नभएको प्रकाशन तथा सम्पादक स्व.सुदर्शनराज पाण्डेको हकखाने श्रीमती बिन्दु देवी पाण्डे मिति २०७३/०३/०५ गते स्वर्गिय हुनु भएकोले निज प्रकाशन तथा सम्पादक स्व. सुदर्शनराज पाण्डेको हकखाने छोरा म सुरजराज पाण्डे एकमात्र भएकोमा म सुरजराज पाण्डेले उक्त उत्थान साप्ताहिक पत्रिका प्रकाशन गर्न नसक्ने भई जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट उक्त उत्थान साप्ताहिक पत्रिका बन्द (खारेज) गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कोही कसैको उत्थान साप्ताहिक पत्रिकाकाबाट कुनै प्रकारको लेना बक्यौता रकम बाँकी रहेको भए हकदावी म सुरजराज पाण्डे सँग गर्न आउन हुन सुचित गरिन्छ ।

सुरजराज पाण्डे
मो.नं.९८१३०८६७३३/९७६५८२६४३४

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/८८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
मलंगवा शाखा, मलंगवा नगरपालिका, सर्लाही
सम्पर्क फोन: +९७७-०४६-५२१४४१/४२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री लक्ष्मन महतोको नाति, मनी महतो मुरीयारीको छोरा, मधेश प्रदेश सर्लाही जिल्ला, हरिपुर नगरपालिका वडा नं. ०५ बस्ने ६३ वर्षको श्री छेदी महतोको मिति २०८१/०५/१९(ई.सं.०४/०९/२०२४) मा मृत्यु भएकोले स्व. छेदी महतोको पत्नी हाल हरिपुर नगरपालीका वडा नं. ५ बस्ने श्रीमाती विलिया देवीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मलंगवा शाखा, मलंगवा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: रोशनदिप सपिङ्ग सेन्टर,** प्रोप्राइटर तथा जमानीकर्ता: चित्र बहादुर वि.सी. दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं. १५३४/०६७/०६८, स्था.व्या., दर्ता मिति: २०६७/०७/११, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ६
	२) ऋणी: चित्र बहादुर वि.सी. स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १०, बाबु: अमृत बहादुर बुढा, बाजे: पुने बुढा
	धितोको विवरण
	१) पुने बुढाको नाती, अमृत बहादुर बुढाको छोरा, सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने चित्र बहादुर वि.सी.को नाममा मालपोत कार्यालय, बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४/क स्थित किता. न. १५७९ को क्षेत्रफल ०-०-११ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) रोशनदिप सपिङ्ग सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२)	**१) ऋणी फर्म: श्रृजना मिना सर्जिकल सप्लायर्स,** प्रोप्राईटर तथा जमानतकर्ता: मिना खत्री (पोखरेल) दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४४४४४/०७६/७७ दर्ता मिति: २०७६/०४/०५, ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ७
	धितोको विवरण
	१) लोक बहादुर पोखरेलको नाती, भिम बहादुर पोखरेलको छोरा, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ७ बस्ने शिव बहादुर पोखरेलको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (ब.सु.प) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाँठी गा.वि.स. वडा नं. ६/ख (हाल सुनवल न.पा वडा नं. २) स्थित किता नं. ८१४, ८१२, ६५१ र ६४० को क्षेत्रफल क्रमश: ०-०-६-३, ०-०-३-१, ०-०-१७-२, र ०-०-२-२ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) लोक बहादुर पोखरेलको नाती, भिम बहादुर पोखरेलको छोरा, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ७ बस्ने शिव बहादुर पोखरेलको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला ख.बनगाई गा.वि.स. वडा नं. ८ (हाल सुद्दोधन गा.पा. वडा नं. २) स्थित कित्ता नं. १२२ को क्षेत्रफल ६८८५.०० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) श्रृजना मिना सर्जिकल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी कम्पनी: एस.वि.आर. सर्जिकेम प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता: शिव बहादुर पोखरेल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: १४७८९५/०७२/०७३, दर्ता मिति: २०७२/१२/३०, ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ८
	धितोको विवरण
	सवारी मोडल : Maruti Suzuki Vitara Brezza VXI | च्यासिस नं.: MA3NYFJ1SLB637761 | ईन्जिन नं.: K15BN4002706 | सवारी दर्ता नं.: प्रदेश ३-०१-०२३ च ५३५४
३)	**ऋणी: राम शंकर यादव** ठेगाना: महोत्तरी जिल्ला, बल्वा न.पा. वडा नं. ३, बाबु: श्याम सुन्दर यादव, बाजे: निरस यादव
	धितोको विवरण
	निरस यादवको नाती, श्याम सुन्दर यादवको छोरा, महोत्तरी जिल्ला, बल्वा न.पा. वडा नं. ३ बस्ने राम शंकर यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, पडौल गा.वि.स. २ (हाल बलवा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५३८ को क्षेत्रफल ०–१–१०–०१/४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४)	**ऋणी फर्म: लभकुश मत्स्य फर्म,** संचालक तथा जमानीकर्ता: लभ यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा उद्योग दर्ता नं. ७९२४/८७२/०७७/०७८, दर्ता मिति २०७७/१०/२५, ठेगाना: जिल्ला महोत्तरी, भंगहा न.पा. वडा नं. ९
	धितोको विवरण
	१) बालधारी यादवकी छोरी, राजेश्वर यादवकी बुहारी, रामविलास यादवकी पत्नी, महोत्तरी जिल्ला, ह.हरिणमरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ९ बस्ने विराजी देवी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ५ क (हाल भंगहा न.पा. वडा नं. ९) स्थित कित्ता नं. २६८, ३६० र २८४ को क्षेत्रफल क्रमश: ०-२-०, ०-२-० र ०-३-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लभकुश मत्स्य फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**ऋणी फर्म: बुद्ध इलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स,** प्रोप्राईटर तथा जमानतकर्ता: द्धारिका तेली दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा रुपन्देहीमा प्रा.फ.र.नं. २८८३२/०६९/०७० दर्ता मिति : २०६९/०४/३०, ठेगाना : जिल्ला रुपन्देही, मधुवनी गा.वि.स. वडा नं. ८
	धितोको विवरण
	१) सवारी मोडल: KIA SONET HTE । च्यासिस नं. : MZBFA812LLN023308 । इन्जिन नं.: G4LFLV039157 । सवारी दर्ता नं.: प्रदेश-०३-०१-०२४ च ३७६१ २) बुद्ध इलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
६)	**१) ऋणी फर्म: अधिकारी सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: दुर्गा दत्त अधिकारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपुरमा प्रा.फ.द.नं. ८६१/०७७/०७८, दर्ता मिति: २०७७/०६/२५, ठेगाना: जिल्ला नवलपरासी (वर्दघाट सुस्ता पूर्व), कावासोती न.पा. वडा नं. ३
	२) ऋणी फर्म: विशेन किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: लक्ष्मी अधिकारी दर्ता नं.: वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पर्यटन तथा उद्योग कार्यालय, नवलपुर, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)मा प्रा.फ.र.नं. ३४४६/०७९/०९०, दर्ता मिति: २०७९/१०/२६, ठेगाना: जिल्ला नवलपरासी (वर्दघाट सुस्ता पूर्व), कावासोती न.पा. वडा नं. ३
	धितोको विवरण
	१) बसन्त अधिकारीको नाति, विष्णुहरि अधिकारीको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ३ बस्ने दुर्गा दत्त अधिकारीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५क स्थित कित्ता नं. ६२२५, ४५२६,६२२९ र ६२२७ को क्षेत्रफल क्रमश: ०-०-१२.२५-०, ०-१-९-०, ०-०-८.५८-० र ०-०-१८.२५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अर्जुन दाशकी छोरी, विष्णुहरिकी बुहारी, दुर्गा दत्तकी पत्नि, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ३ बस्ने लक्ष्मी अधिकारीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ४ख स्थित कित्ता नं. १०३२ को क्षेत्रफल ०-०-६.५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) अधिकारी सप्लायर्स र विशेन किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
७)	**१) ऋणी फर्म: लाली कृषि तथा पशुपंक्षि फर्म,** संचालक तथा जमानीकर्ता: लाली कुमारी महतो दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उद्योग दर्ता नं. १६९२/०७७/०७८ दर्ता मिति: २०७७/१२/४, ठेगाना: जिल्ला नवलपरासी, मध्यविन्दु न.पा. वडा नं. १
	२) **ऋणी: रेमराज थारु महतो** स्थायी ठेगाना: नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. २, बाबु : वेनीराम थारु, बाजे : मदारी थारु
	धितोको विवरण
	१) दुर्गा वहादुर कुवर क्षेत्रीकी छोरी, मदारीकी बुहारी, वेनीराम थारुकी पत्नी, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. २ बस्ने केशर कुमारी थारुको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लागतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. १ क स्थित कित्ता. न. ८३१ को क्षेत्रफल १६९२.९२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मदारी थारुको नाति, वेनीराम थारुको छोरा, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. २ बस्ने रेमराज थारु महतोको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. १ क स्थित किता नं. १८ को क्षेत्रफल १६७.३९ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) लाली कृषि तथा पशुपंक्षि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
८)	**ऋणी फर्म: मनोज पोल्ट्री फर्म,** प्रोप्राईटर तथा जमानतकर्ता: रामनाथ सहनी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज पर्सामा घ. तथा सा.उ.का. प्रा.फ.पर्सा.नं. ८७२७/०७३/०७४, दर्ता मिति: २०७३/१२/०८, ठेगाना : जिल्ला पर्सा, बगही गा.वि.स. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. २८)
	धितोको विवरण
	१) जिता सहनी मलाहकी छोरी, राधा सहनीकी वुहारी, रामनाथ सहनीकी पत्नि पर्सा जिल्ला, बगही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बस्ने, इनरकली देवी मलाहिनको नाममा भमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, बगही गा.वि.स. वडा नं. १/गा (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मनोज पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
९)	**ऋणी फर्म: लक्ष्मी माता पशु फर्म,** संचालक तथा जमानतकर्ता: उमेश कुमार कुशवाहा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग दर्ता नं. ८१८७/४८४/२२६/४७, दर्ता मिति: २०७७/०७/१९, ठेगाना: जिल्ला रौतहट, कटहरिया न.पा. वडा नं. ६
	धितोको विवरण
	१) दिपा महतो कोईरीको नाती, परदेशी महतो कोईरीको छोरा, रौतहट जिल्ला, वगही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने उमेश कुमार कुशवाहाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, वगही गा.वि.स. वडा नं. ६/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ९५२ को क्षेत्रफल ०-७-०-६ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लक्ष्मी माता पशु फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१०)	**ऋणी फर्म: रतिस जेनरल सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रामबाबु महासेठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. १८४७/१९/०६९/७०, दर्ता मिति: २०६९/०७/२२, ठेगाना: जिल्ला महोत्तरी, हाथिलेट गा.वि.स. वडा नं. ३ (हाल बर्दिबास न.पा. वडा नं. ८)
	धितोको विवरण
	१) हरीनारायण साह सुडीकी छोरी, सोभित महासेठकी बुहारी, राम बाबु महासेठकी पत्नी, महोत्तरी जिल्ला, हथिलेट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८ बस्ने निर्मला देवी साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज गा.वि.स. वडा नं. २ ग (हाल बर्दिवास न.पा. वडा नं. ८) स्थित किता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सुकदेव साह सुडीकी छोरी, खट्टर महासेठकी बुहारी, सोभित महासेठकी पत्नी, महोत्तरी जिल्ला, हथिलेट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई (हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ८) मा बस्ने धनेश्वरी देवी महासेठको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ३ ग (हाल बर्दिवास न.पा वडा नं. ८) स्थित किता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) रतिस जेनरल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
११)	**ऋणी फर्म: कलस पेट्रोल पम्प,** प्रोप्राईटर तथा जमानीकर्ता: गणेश प्रसाद महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्रा.फ.र.नं. १५८९६/०५८/०५९, दर्ता मिति: २०५८/०९/२०, ठेगाना: जिल्ला महोत्तरी, बर्दिबास न.पा. वडा नं. १
	धितोको विवरण
	१) वादैर महतोको नाति, देव सुन्दर महतोको छोरा, महोत्तरी जिल्ला, भँगहा गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भँगहा न.पा. वडा नं. ४ बस्ने गणेश प्रसाद महतोको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडावर गा.वि.स. वडा नं. ८क (हाल मिथिला न.पा. वडा नं. १०) स्थित किता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश ०-१-१७-० र ०-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कलस पेट्रोल पम्पको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**१) ऋणी फर्म: गणपति खाद्यान्न भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: मीना कुमारी चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्रा.फ.र.नं.: ६३०९/७३९/०७६/०७७, दर्ता मिति: २०७७/०३/१८, ठेगाना : जिल्ला महोत्तरी, औरही न.पा. वडा नं. १
	धितोको विवरण
	१) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. १ ग (हाल रामगोपालपुर न.पा. वडा नं. ३) स्थित किता नं. १०३४, १०३६, १०५३, १०५५, १०५७ र १०५९ को क्षेत्रफल क्रमश: ०-४-२.५-०, ०-४-२.५-०, ०-४-१०-०, ०-१-१२.५-०, ०-१-१२.५-० र ०-३-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) गुलतेन चौधरीको नाती, राम सेवक चौधरीको छोरा, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने कपीलदेव चौधरीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ क (हाल औरही न.पा. वडा नं. १) स्थित किता नं. १७३७ को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) गणपति खाद्यान्न भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	१) ऋणी फर्म: गणपति जेनरल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: सनम जयसवाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्रा.फ.र.नं. : ५८३८/२६८/०७६/०७७, दर्ता मिति: २०७६/०६/१४, ठेगाना : जिल्ला महोत्तरी, औरही न.पा. वडा नं. १
	धितोको विवरण
	१) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ क (हाल औरही न.पा. वडा नं. १) स्थित किता नं. ८२२ को क्षेत्रफल ०-०-१३ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. ९ घ (हाल बर्दिवास न.पा. वडा नं. १३) स्थित किता नं. ४६९ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १ (हाल जनकपुर उ.म.न.पा. वडा नं. १) स्थित किता नं. ६५ र ६७ को क्षेत्रफल क्रमश: ०-०-५-२.५० र ०-०-४-३.५० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) काशी प्रसाद कलावारकी छोरी, कपिलदेव चौधरीकी बुहारी, अनिल कुमार चौधरीकी पत्नि, धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने सनम जयसवालको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, मेघनाथ गोर्हन्ना गा.वि.स. वडा नं. १ क (हाल भंगाहा न.पा. वडा नं. ७) स्थित किता नं. ३०६, ३१०, ३१४ र ३१८ को क्षेत्रफल क्रमश: ०-४-१३-०, ०-५-५-०, ०-४-१६-० र ०-१४-४-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ५) गणपति जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) **ऋणी: कपीलदेव चौधरी** स्थायी ठेगाना: महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३, हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु: राम सेवक चौधरी, बाजे: गुलतेन चौधरी
	धितोको विवरण
	सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, निगौल गा.वि.स. वडा नं. ८ ख (हाल औरही न.पा. वडा नं. २) स्थित किता नं. ५८४ को क्षेत्रफल ०-६-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

हिन्दु अल्पसंख्यकमाथिको आक्रमण र भारत–बंगलादेश तनाव

बंगलादेशमा रहेका हिन्दु समुदायमाथि भएको हिंसाविरुद्ध भारतमा व्यापक विरोध प्रदर्शन र बंगलादेशी वाणिज्य दूतावासमा आक्रमण

बंगलादेशका हिन्दु अल्पसंख्यकमाथि आक्रमणको आरोपसँगै भारत र बंगलादेशबिचको सम्बन्धमा तनाव बढेको छ । यसै विषयमा भारतस्थित बंगलादेशी वाणिज्य दूतावासमा समेत विरोध प्रदर्शन तथा आक्रमण भयो । उसो त दुई देशबिचको सम्बन्ध गत अगस्टमा विद्यार्थी आन्दोलनको बलमा प्रधानमन्त्री शेख हसिना बर्खास्त भएदेखि नै चिसो छ । हसिनाले उनको १५ वर्षे शासन अधिनायवादी तरिकाले चलाएको विरोधमा उनीविरुद्ध आमआक्रोश देखिएको थियो । हसिनाको शासन दमनकारी तथा भ्रष्ट हुँदै जाँदासमेत उनको सरकार र दिल्लीबिच घनिष्ठ सम्बन्ध देखिन्थ्यो । विद्यार्थी विद्रोहका कारण अगस्टमा देश छाडेर भागेपछि हसिनाले भारतकै शरण लिन पुगिन् । अहिले पनि उनी भारतीय सीमाभित्र अज्ञात स्थलमा रहँदै आएकी छिन् ।



बंगलादेशमा भएका मानवताविरुद्धको अपराध, सामूहिक हत्या र योजनाबद्ध यातनाको आरोपको हसिनाविरुद्ध मुद्दा चलिरहेको छ । हसिनाको सरकारको पतनलाई धेरै अर्थमा भारतीय कूटनीतिक प्रकोपमाथि धक्काको रूपमा हेरिएको थियो, जसले पहिलेदेखि नै पाकिस्तान र चीनतर्फको सिमानामा खतरा सामना गर्दै आएको छ । हसिनाको सरकार रहँदा बंगलादेश भारतको सबैभन्दा नजिकको क्षेत्रीय सहयोगी थियो र यही सम्बन्धका आधारण दिल्ली सरकारले बंगलादेशसँग धेरै आर्थिक र रणनीतिक रूपमा लाभदायक सम्झौता गरेको थियो ।

हसिनाको सत्ता बहिर्गमनपछि नोबेल पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसको नेतृत्वमा बंगलादेशमा कामचलाउ सरकार बनेको छ । तथापि, भारतले उनको सरकारलाई कमजोर पार्ने प्रयास गरेको आरोप लाग्ने गर्छ । हसिनाको सरकारका तुलनामा भारतका मागप्रति कम अनुकूल देखिएको युनुस सरकारले भारत-बंगलादेशबिचको सम्बन्धलाई 'पुनः स्थापना' गर्न आह्वान गरेको छ ।

पछिल्लो समय भारत र बंग्लादेशबिचको विवादको मुख्य विषय मुस्लिम बाहुल्य देश बंगलादेशमा हिन्दु अल्पसंख्यकको सुरक्षा बनेको छ । भारत सरकारले राजनीतिक स्वार्थका लागि यो विषय यथार्थभन्दा धेरै बढाइचढाइ गरेको बंगलादेशको आरोप छ । 'उनीहरूले यी अफवाह विशेष देश र प्रभावशाली शक्तिमाफ फैलाएका छन्,' युनुसले गत बुधबार बंगलादेशी राजनीतिक दलहरूको एक भेलालाई सम्बोधन गर्ने क्रममा भने, 'उनीहरूले नयाँ बंगलादेश निर्माण गर्ने हाम्रो प्रयासलाई कमजोर पार्ने उद्देश्यले यस्तो काल्पनिक कथ्य फैलाइरहेका छन् ।'

भारत-बंगलादेशबिचको सम्बन्ध एक हिन्दु भिक्षुको गिरफ्तारीपछि थप तनावपूर्ण बनेको हो । 'इन्टरनेसनल सोसाइटी अफ कृष्ण कन्साइसनेस(इस्कोन)'बाट भर्खरै निष्काशित भएका गुरु चिनमोए कृष्णदास बंगलादेशको झन्डाको अपमान गरेको आरोपमा पक्राउ परेका छन् । उनीमाथि देशद्रोहको मुद्दा चलिरहेको छ । अदालतले उनलाई जमानत दिन अस्वीकार गरेपछि उनका समर्थकले बंगालदेशमा निकालेको प्रदर्शन हिंसात्मक बन्यो । एकजना मुस्लिम वकिलको हत्यासमेत भयो । हिन्दु समूहको आरोपअनुसार सो घटनापछि अल्पसंख्यक हिन्दु समुदायका बस्तीमै हिंसात्मक अभियान चलाइएको छ । दासको बचाउमा उत्रिएका एक वकिलमाथिसमेत आक्रमण भयो । गत साता दासको सुनुवाइ गर्न कुनै पनि वकिल अघि नआएपछि सुनवाइ स्थगित गर्नुपर्ने अवस्था आयो ।

यो प्रकरणपछि भारतमा विरोध प्रदर्शन सुरु भयो । हजारौँ हिन्दु भिक्षुहरूले बंगलादेशसँग सिमाना जोडिएको भारतीय राज्य पश्चिम बंगालमा विरोध प्रदर्शन गरे । विरोधबिच गत सोमबार भारतको त्रिपुरा राज्यमा रहेको बंगलादेशी महावाणिज्य दूतावासमा प्रदर्शनकारीले आक्रमणसम्म गरे । भारत सरकारले आक्रमणप्रति 'गहिरो खेद' व्यक्त गर्दै देशमा रहेका सबै बंगलादेशी कूटनीतिक नियोगमा सुरक्षा बढाएको जानकारी दिएको छ । बंगलादेश सरकारले तिनको देशका लागि भारतीय राजदूतलाई बोलाएर आक्रमणको विरोध जनायो ।

बंगलादेशमा हिन्दु अल्पसंख्यकले विगतमा चरमपन्थी इस्लामवादी तत्त्वहरूबाट आक्रमण सामना नगरेका होइनन् । हसिनाको शासनकालमा यी शक्तिमाथि धेरै हदसम्म नियन्त्रण कायम गरिएको थियो । युनुसले हसिना सरकारको पतनपछि हिन्दुहरूमाथि आक्रमण भएको स्वीकार गरेका छन् । तथापि, यस्ता आक्रमण धार्मिक रूपमा भन्दा पनि राजनीतिक रूपमा प्रेरित रहेको अल्पसंख्यकलक्षित हिंसा नभएको दाबी उनको छ । हिन्दु समुदायका सदस्यले सामान्यतया हसिनाको अबामी लिग पार्टीलाई समर्थन गरेको देखिन्थ्यो । त्यसैले उनको पतनपछि अबामी लिगका समर्थकविरुद्ध उठेको राजनीतिक हिंसाको लहरमा हिन्दुहरू पनि फसे ।

बंगलादेशको अन्तरिम सरकारले भारतले आफूहरूलाई गलत तरिकाले हिन्दुविरोधीका रूपमा प्रस्तुत गर्न खोजेको आरोप लगाएको छ । यसको उद्देश्य अन्तरिम सरकारलाई अस्थिर बनाउनु रहेको उसको भनाइ छ । दक्षिणपन्थी भारतीय मिडियाले बंगलादेश छाडेर भाग्ने प्रयास गरिरहेका हिन्दुमाथि सीमा क्षेत्रमा 'रक्तपात भइरहेको'सम्मको निराधार दाबी गर्दै आएका छन् ।

'स्पष्टतः सन् २००६ का नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसको नेतृत्वको वर्तमान अन्तरिम सरकारलाई कमजोर बनाउने प्रयास भइरहेको छ,' अन्तरिम प्रधानमन्त्री युनुसका प्रेस सचिव सफिकुल आलमले भने, 'केही भारतीय मिडियाले पछिल्लो १६ वर्षमा शेख हसिनाको भ्रष्ट र क्रूर तानाशाहीलाई अन्ध प्रशंसा तथा समर्थन गरिरहेका छन् । उनीहरू विद्यार्थी नेतृत्वमा भएको जनआन्दोलनबाट हसिना सत्ताच्युत भएबाट दुःखी भएजस्ता देखिन्छन् ।'

आलमले उनको सरकारले भारतीय मिडियालाई बंगलादेशको 'वास्तविक तस्बिर आफैँ आएर हेर्न' आमन्त्रित गरेको तर 'ती मिडिया यथार्थलाई ग्राउन्डबाटै कभर गर्न इच्छुक' नभएकाले अझै नआएको आरोप लगाए । ढाकामा रहेका विश्लेषकहरूले पनि हिन्दु समुदायविरुद्धको हिंसाको खबर भारतमा अतिरञ्जित प्रचार भएको बताए । तथापि, अनुभवहीनहरूले भरिएको अन्तरिम सरकारले परिस्थितिलाई सही रूपमा व्यवस्थापन गर्न नसक्दा कानुन र व्यवस्था स्थापना गर्न असफल भएको पनि तिनले स्विकारे ।

द गार्जियनबाट

इतिहासमा आज — डिसेम्बर १२



सन् २०१५ : पेरिसमा सम्पन्न कोप-२१ बैठकले विश्वको औसत तापक्रम पूर्वऔद्योगिक समयभन्दा दुई डिग्रीभन्दा तल कायम गर्ने चर्चित 'पेरिस सम्झौता'को ड्राफ्ट तयार पार्‍यो ।

सन् १९०१ : गुल्येल्मो मार्कोनी अन्तरमहादेशीय रेडियो सिग्नल पठाउने र हासिल गर्ने पहिलो व्यक्ति बने । उनले बेलायतमा बसेर क्यानडामा सन्देश पठाएका थिए ।

सन् १९११ : दिल्लीमा सम्पन्न 'दिल्ली दरबार' कार्यक्रममार्फत ब्रिटिस राजा चर्च पाँचौँले ब्रिटिस भारतको राजधानी कोलकाताबाट दिल्ली सरेको घोषणा गरे ।

सन् १९२५ : इरानको संसद् (मजलिस)ले देशका अन्तिम कजार वंशका राजा(शाह) अहमद शाहलाई अपदस्थ गर्‍यो । लगत्तै संसद्ले पूर्वब्रिगेडियर जनरल रेजा खानलाई (जसले आफ्नो वंशको नाम पलहवी चुने) नयाँ राजा चुन्यो ।

सन् १९४६ : संयुक्त राष्ट्र संघले म्यानह्याटनस्थित ६ ब्लक जमिन अर्बपति जोन डी रकफेजर जुनियरबाट उपहारमा लियो । सोही भूमिमा संघले आफ्नो स्थायी मुख्यालय बनायो ।

सन् १९७४ : जर्जिया राज्यका गभर्नर जिम्मी कार्टरले डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिको उम्मेदवारी दिने घोषणा गरे । उनी देशका राष्ट्रपति निर्वाचित हुन सफल भए ।

विदेशमा रहेका नागरिकलाई स्वदेश फर्कन सिरियाका नवनियुक्त प्रधानमन्त्रीको आह्वान

दमास्कस/ बसर अल असद सत्ताच्युत भएपछि सिरियाका प्रधानमन्त्री बनेका मोहम्मद अल बसिरले विदेशमा शरण लिएका लाखौँ सिरियाली नागरिकलाई स्वदेश फर्कन आह्वान गरेका छन् । बसरलाई अपदस्थ गर्न प्रमुख भूमिका खेलेको इस्लामिक समूह 'हयात तहरिर अल साम (एचटिएस)'ले मोहम्मद अल बसिरलाई संक्रमणकालीन सरकार प्रमुखको जिम्मेवारी दिएको हो ।

अल बसिरले प्रधानमन्त्री चयन भएपछि इटलीको कोरिएरे डेला सेरा दैनिकसँग दिएको अन्तर्वार्तामा विदेशमा रहेका देशवासीलाई स्वदेश फर्किन आह्वान गरेका हुन् । 'हाम्रो पहिलो लक्ष्य विदेशमा रहेका लाखौँ सिरियाली शरणार्थीलाई फिर्ता ल्याउनु हो । विदेशमा रहेका नागरिकको मानव पुँजी र अनुभवले देशलाई आर्थिक रूपमा फस्टाउन सहयोग गर्नेछ । यसैले विदेशमा रहेका सबै सिरियालीलाई मेरो अपिल छ- सिरिया अब एक स्वतन्त्र देश भइसकेको छ । अब यो देश पुनर्निर्माण हुनेछ, यसका चोला फेर्नु छ । यसमा हामीलाई सबैको सहयोग चाहिन्छ । त्यसैले देश फर्किनुस्,' प्रधानमन्त्री अल बसिरले भने ।

विपक्षी गठबन्धनले सिरियाको राजधानी दमास्कस कब्जा गरेसँगै बसर परिवारको पाँच दशक लामो क्रूर शासनको अन्त्य भएको छ । सिरियामा करिब १४ वर्ष लामो गृहयुद्धमा परी पाँच लाख मानिसको मृत्यु हुनुका साथै आधा जनसंख्या कुनै न कुनै रूपमा विस्थापित छन् । बसरको पलायनसँगै देशले भावी शासनलाई लिएर अहिले ठुलो अनिश्चितताको सामना गरिरहेको छ । साम्प्रदायिक द्वन्द्वको सम्भावनाबारे चिन्ता प्रकट भएका छन् ।

तर, पछिल्लो सफल सैन्य कारबाहीको नेतृत्व गरेको इस्लामिक समूह 'हयात तहरिर अल साम (एचटिएस)'ले धार्मिक अल्पसंख्यकलाई नयाँ सिरियामा सुरक्षित हुने विश्वास दिलाउने प्रयास गरेको छ ।

विश्व संक्षेप

अफगान शरणार्थीमन्त्रीको आत्मघाती विस्फोटमा मृत्यु

काबुल/ अफगानिस्तानका शरणार्थीमन्त्रीको बुधबार मन्त्रालयको कार्यालयमा भएको आत्मघाती बम विस्फोटमा मृत्यु भएको सरकारी स्रोतले एएफपीलाई बताएको छ । 'दुर्भाग्यवश शरणार्थी मन्त्रालयमा विस्फोट हुँदा मन्त्री खलिल उर रहमान हक्कानी आफ्ना केही सहकर्मीसहित सहिद भए,' अफगान अधिकारीले बताए । उर रहमान हक्कानी तालिबानको समयमा सबैभन्दा धेरै हिंसात्मक आक्रमण गरेका मानिने हक्कानी सञ्जालका संस्थापक जलालुद्दिन हक्कानीका भाइ थिए । साथै उनी वर्तमान आन्तरिकमन्त्री सिराजुद्दिन हक्कानीका काका पनि हुन् । प्रान्तीय गभर्नर, कमान्डर र धार्मिक धर्मगुरुहरू सत्तामा फर्किएपछि धेरै वरिष्ठ तालिबान नेताहरू मारिएका छन्, जसमा अधिकांश आक्रमण इस्लामिक स्टेट समूहले दाबी गरेको छ ।

युक्रेन संकट समाधान पहिलो प्राथमिकता : ट्रम्प

पेरिस/ अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी महिना आफूले कार्यभार सम्हाल्नेबित्तिकै युक्रेन युद्धको समाधान आफ्नो पहिलो प्राथमिकता हुने बताएका छन् । ट्रम्पले फ्रान्सेली पत्रिका पेरिस म्याचलाई शनिबार दिएको अन्तर्वार्तामा यो कुरा भनेका हुन् ।

'रुस र युक्रेन दुवैले अविश्वसनीय रूपमा ठूलो संख्यामा नागरिक गुमाइरहेका छन् । लाखौँ सैनिक मारिएका छन्,' ट्रम्पले उनका अन्तर्राष्ट्रिय मामिलाका उच्च प्राथमिकताबारे सोधिएको प्रश्नमा भने, 'मध्यपूर्व निश्चित रूपमा एक ठुलो प्राथमिकता हो । तर, युक्रेन युद्धको तुलनामा मध्यपूर्वको संकट तुलनात्मक कम जटिल छ । यी दुवै संकट हामीले समाधान गरिहाल्नुपर्ने परिस्थिति हुन् । यसबाट धेरै मानिस मरिरहेका छन् ।' ट्रम्प सन् २०१९ मा भएको भीषण आगलागीपछि भएको 'नोट्रे डम क्याथेड्रल'को पुनर्निर्माण उद्घाटन समारोहमा भाग लिन शनिबार पेरिस पुगेका थिए । फ्रान्स भ्रमणका क्रममा उनले फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँ र युक्रेनका नेता भोलोदिमिर जेलेन्स्कीसँग पनि भेटवार्ता गरे । जेलेन्स्कीले मंगलबार युक्रेनमा जारी युद्ध अन्त्यका लागि ट्रम्पको दृढ संकल्पप्रति आफू कृतज्ञ रहेको बताएका थिए ।

Nepal Investment Mega Bank Limited
Invitation for Sealed Bid Proposal for Supply, Delivery Installation and Deployment of IT Solution
(First date of Publication: 26th November, 2024)

Nepal Investment Mega Bank Limited re-invites sealed bids from experienced and reputed companies for supply and delivery of IT Service, Hardware and Software.

1. Existing NUTANIX HCI Expansion
2. Object Storage for DC & Far DR
3. SIEM: Additional License on Existing LogRhythm SIEM Platform
4. Barracuda Message Archiver 850
5. Unified Endpoint Management (UEM) Solution
6. Network Access Controller (NAC)
7. Co-Managed Security Operation Center (SOC)
8. Data Discovery Solution
9. Digital Risk Monitoring Solution
10. CCTV

Terms and Conditions:

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the technical proposal.
- The bidder should be in existence since last five years and should have prior experience of work at least in three recognized financial Institution in Nepal.
- A Complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased from General Service Department upon submission of deposit slip for NPR 1,000/- (Non-Refundable) for each set of documents in account number 001093701001 (A/C Payable Sundry Cr. Misc.) from any branch of Nepal Investment Mega Bank Limited.
- The bidders have to submit Bid Bond Guarantee issued by "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for 3 months from last date of bid submission.
- Separate Sealed envelope should be submitted for each Category with clearly mentioning the item Bided for in the envelope.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu, Nepal latest by 26th December, 2024 by 4:30 P.M.
- In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

Nepal Investment Mega Bank Limited reserves the right to accept or reject the proposal(s) without declaring any reason whatsoever.

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
Nepal Investment Mega Bank Ltd.
Durbarmarg, Kathmandu, Nepal
Phone No. 01-5328229 Ext. 366
www.nimb.com.np

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

कर्जा चूक्ता गर्ने बारे ३५(पैतिस) दिने अत्यन्त जरुरी सूचना

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट प्राप्त गर्नु भएको ऋणको शर्त कबुलियत बमोजिम तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, ब्याज,हर्जाना र अन्य दैदस्तुर नबुझाई तपाईसंग भएको सम्झौताको शर्तहरू समेत उल्लंघन गर्नु भएको र तपाईलाई ऋणको साँवा,ब्याज, हर्जाना र अन्य दैदस्तुर तिर्नको लागी पटक पटक मौखिक र पत्रबाट समेत तरताकेता गर्दा पनि सम्झौता बमोजिम ऋणको साँवा, ब्याज, हर्जाना र अन्य दैदस्तुर तिर्ने कुनै तदारुकता नदेखाउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तपाई यस सहकारी संस्थालाई तिर्नु पर्ने सम्पूर्ण ऋणको, साँवा, ब्याज, हर्जाना एवं अन्य दैदस्तूर समेत चूक्ता गरिदिनु होला । ऋणीले ऋण चूक्ता नगरेमा तपाई धन जमानी कर्ताले शर्त बमोजिम ऋणीलाई सम्पूर्ण ऋण, साँवा , ब्याज, हर्जाना एवं अन्य दैदस्तूर समेत चुक्ता गर्न लगाउनु होला । माथि उल्लेखित समयावधी भित्र ऋणको सम्पूर्ण साँवा, ब्याज, हर्जाना एवं अन्य दैदस्तुर चूक्ता नगरेमा तपाईले यस सहकारी संस्थालाई ऋण सुरक्षण बापत धितो दिनु भएको तपसिलमा उल्लेखित जग्गा कानून बमोजिम लिलाम बिक्री गर्नुका साथै तपाई ऋणी र तपाईको व्यक्तिगत जमानी कर्तालाई कर्जा सुचना केन्द्रको कालो सूचिमा सूचिकृत गर्ने लगायत सहकारी संस्थाको ऋण असूल उपर गर्नको लागी ऋण असुली न्याधिकरण एवं अन्य अड्डा अदालत समेतको निकायमा कानून बमोजिम मूद्दा दायर गर्ने लगायतको कानूनी कारवाही गरिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईन्छ । यसका साथै यो ऋणको सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाबाट यो ऋणको सम्पूर्ण साँवा , ब्याज, हर्जाना एवं अन्य दैदस्तूर समेत चुक्ता नभएमा ऋणीको अन्य जायजेथाबाट असुल उपर गरिने छ । त्यतिले पनि सो रकम असुल उपर नभए धन जमानी कर्ताको जायजेथाबाट असुल उपर गरिने कुराको जानकारी गराइन्छ ।

तपशील

१.ऋणी
→ श्री नर बहादुर थापाको बुहारी ,श्री सान बहादुर भण्डारीको छोरी, श्री राम बहादुर थापाको श्रीमती गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७, श्यामबजार घर भइ हाल काठमाडौं जिल्ला , का.म.न.पा ०९,पन्चकुमारी बस्ने जिल्ला प्रशासन कार्यालय गोरखाबाट ना.प्र.प.नं. ८१८३३, बर्ष ६८ को **श्री मन कुमारी थापा ....।**

१. धन जमानीकर्ता
→ श्री नर बहादुर थापाको नाती, श्री राम बहादुर थापाको छोरा गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७, श्यामबजार घर भई हाल काठमाडौं जिल्ला, का.म.न.पा ०९,पन्चकुमारी बस्ने जिल्ला प्रशासन कार्यालय गोरखाबाट ना.प्र.प.नं. ४४१००४-५६४, बर्ष ३२ को **श्री विकास बाबु थापा ....।**
→ श्री नर बहादुर थापाको नाती, श्री राम बहादुर थापाको छोरा गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७, श्यामबजार भई हाल काठमाडौं जिल्ला , का.म.न.पा ०९,पन्चकुमारी बस्ने जिल्ला प्रशासन कार्यालय गोरखाबाट ना.प्र.प.नं. १२४७८२, बर्ष ३८ को **श्री सुरज बहादुर थापा ....।**
→ श्री मन बहादुर गुरुङ्गको छोरी, श्री राम बहादुर थापाको बुहारी, श्री सुरज बहादु थापाको श्रीमती गोरखा जिल्ला,जौबारी गा.वि.स वडा नं ६, हाल काठमाडौं जिल्ला , का.म.न.पा ०९,पन्चकुमारी बस्ने जिल्ला प्रशासन कार्यालय गोरखाबाट ना.प्र.प.नं. ४४१००१/३१९, बर्ष ३६ को **श्री कुमारी गुरुङ्ग ....।**
→ श्री नर बहादुर श्रेष्ठको नाती, श्री भक्त बहादुर श्रेष्ठको छोरा रामेछाप जिल्ला, कठजोर गा.वि.स वडा नं ९, स्थाई घर भई हाल काठमाडौं जिल्ला , का.म.न.पा ०९,पन्चकुमारी बस्ने जिल्ला प्रशासन कार्यालय रामेछापबाट ना.प्र.प.नं. ७३३३१, बर्ष ३७ को **श्री लेख बहादुर श्रेष्ठ..............।**

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
→ गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७ , कित्ता नं ९१५ क्षेत्रफल ०-१२-०-१, जग्गा धनीको नाम श्री श्री सुरज बहादुर थापा ....।
→ गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७ , कित्ता नं ९१६ क्षेत्रफल ०-१२-०-१, जग्गा धनीको नाम श्री श्री सुरज बहादुर थापा ....।
→ गोरखा जिल्ला , ताप्ले गा.वि.स वडा नं ७ , कित्ता नं ९१७ क्षेत्रफल ०-१२-०-१, जग्गा धनीको नाम श्री श्री सुरज बहादुर थापा ....।

नबिल बैंक लिमिटेड, नेपालगंज (धम्वोजी चोक) शाखा बाँकेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०८/२७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०३/१० को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्योट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **नेपालगंज (धम्बोजी) शाखा, बाँके**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बाँकेमा मिति २०५४/०४/२१ मा प्रा.फ.नं. ७/१६२७/०५४/०५५ अन्तर्गत दर्ता भएका **धिताल विल्डर्स ।**
ठेगानाः बाँके जिल्ला नौबस्ता गा.वि.स वडा नं. ८, बनियाभार, बाँके ।
ऋणी फर्मका प्रोप्राइटर को नाम र ठेगानाको विवरण :
कालु संज्यालको नाति गौरी कान्त संज्यालको छोरा बाँके जिल्ला नौबस्ता गा.वि.स वडा नं. ८ स्थायी घर भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने नागरिकता नं.७९१२ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बाँके, मिति : बि.सं. २०५७/०४/२९) भएका **विष्णु जीवन धिताल(सन्ज्याल) ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. रत्न रिखी आचार्यकी छोरी, गौरी कान्त संज्यालको बुहारी विष्णु जीवन धिताल(सन्ज्याल)को श्रीमती कैलाली जिल्ला दोप्ले धरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने नागरिकता नं. ६८५९४, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०६२/११/१९) भएकी **मुगा कुमारी आचार्य ।**
२. प्रभाखर संज्यालको नाति कालु संज्यालको छोरा बर्दिया जिल्ला गोला गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने नागरिकता नं.५/७७५ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बर्दिया, मिति : बि.सं. २०४६/०२/१२) भएका **गौरी कान्त संज्याल ।**

धितोको विवरण

बर्दिया जिल्ला गोला गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने **गौरी कान्त संज्याल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला कोहलपुर न.पा वडा नं ३क मा अवस्थित कि.नं. १२९८ क्षेत्रफल ०-०-९ 1/2 विगाहा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नेपालगंज (धम्वोजी चोक) शाखा, बाँके**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/११ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नेपालगंज (धम्वोजी चोक) शाखा, बाँके**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/१२ गते १:०० बजे बैंकको **नेपालगंज (धम्बोजी) शाखा, बाँके**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नेपालगंज (धम्वोजी चोक) शाखा, बाँके**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

■ नेपाल प्रिमियर लिग २०२४

प्लेअफ दौडबाट बाहिरियो लुम्बिनी

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको लुम्बिनी लायन्स पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफ दौडबाट बाहिरिएको छ। एनपिएलमा पाँचौँ हार नतिजा निकालेपछि लुम्बिनीको प्लेअफ पुग्ने सम्भावना समाप्त भयो। त्रिवि क्रिकेट मैदानमा बुधबार काठमाडौं गुर्खाजसँग १८ रनले पराजित भएको लुम्बिनीले ६ खेलबाट २ अंक बटुलेको छ।

लगातार चार खेल गुमाएको लुम्बिनीले पाँचौँ खेलमा चितवनलाई ३३ रनले पाखा लगाएको थियो। यस जितले लुम्बिनीको प्लेअफ खेल्ने सम्भावना पुनः एकपटक जीवित भएको थियो। तर, काठमाडौंले दिएको सहज लक्ष्य पछ्याउन नसक्दा लुम्बिनी प्लेअफमा पुग्न नसक्ने पहिलो फ्रेन्चाइज बन्यो। एनपिएलमा लुम्बिनी विराटनगरबाट दुई विकेट, पोखरासँग १० विकेट, सुदूरपश्चिमबाट ४५ रन तथा जनकपुरसँग १ रनले पराजित भएको थियो। जितका साथ काठमाडौं ४ अंकका साथ पाँचौँ स्थानमा उक्लेको छ।

लुम्बिनीका कप्तान रोहितले ब्याटिङ सोचेजस्तो हुन नसक्दा पराजित भएको प्रतिक्रिया दिए। 'ब्याटिङ युनिट सोचेजस्तो भएन,' उनले भने, 'त्रिविको पिचमा स्पिनर हाबी हुँदा ब्याट्सम्यानलाई रन बनाउन गाह्रो हुन्छ।' एनपिएलको पहिलो संस्करणबाट धेरै पक्ष सिकेको रोहितले बताए। 'पहिलो संस्करणमा धेरै पाठ र केही सिक्ने अवसर पायौँ,' उनले भने, 'अर्को सिजनमा पक्कै राम्रो नतिजा निकाल्ने योजनासाथ आउनेछु।'

पहिलो ब्याटिङ गरेको काठमाडौंले १९.२ ओभरमा सबै विकेट गुमाएर १०३ रनको योगफल बनाएको थियो। लुम्बिनीलाई लक्ष्य पूरा गर्न केवल प्रतिओभर ५.३२ को रनरेटमा ब्याटिङ गर्नुपर्ने थियो। तर, जिम्मेवार ब्याट्सम्यानले जिम्मेवारीपूर्वक प्रदर्शन गर्न नसक्दा सहज लक्ष्यसमेत लुम्बिनीले पार गर्न सकेन। लुम्बिनी १९.२ ओभरमा ८५ रनमा अलआउट भयो। लुम्बिनीका लागि कुनै पनि विकेटका लागि गतिलो साझेदारी भएन।

लगातार खेलमा उत्कृष्ट ब्याटिङ गरेका रोहित काठमाडौंविरुद्ध ८ रनमा आउट भए। यसअघिका खेलमा लुम्बिनीको मुख्य ब्याटिङ आधार नै उनी थिए। सन्दीप जोराले २९ बलमा दुई चौकाको सहयोगमा २६ रन बनाए। भारतलाई सन् २०१२ मा आइसिसी टी-१९ विश्वकप दिलाएका कप्तान उन्मुक्त चन्दको ब्याटिङ चलेको छैन। उनले काठमाडौंविरुद्ध १९ बलमा १४ रन जोडे।

करणको घातक बलिङ

स्पिनरलाई सहयोग गरेको पिचमा काठमाडौंका फास्ट बलर करण केसी घातक बलिङ गर्न सफल भए। खेलका म्यान अफ दी म्याच उनले ४ ओभरमा १६ रन खर्चेर सर्वाधिक चार विकेट लिए। उनले १०.६ ओभरमा चन्द र १२.६ ओभरमा विवेक यादवको विकेट लिए। विवेकको विकेट पतन हुँदा लुम्बिनी ५१-७ को नाजुक अवस्थामा थियो। करणले १८ ओभरमा दुई विकेट हात पारे। उनले १८.४ ओभरमा सन्दीप जोरा तथा १८.६ ओभरमा सिमोन्ड्सको विकेट लिँदै काठमाडौंलाई जितनजिक पुऱ्याए। यसैगरी दीपेश कँडेलले चार ओभरमा ६ रन मात्र दिएर तीन विकेट लिए। दीपेशले नै लुम्बिनीका कप्तान रोहितको विकेट लिएका हुन्। जेरार्ड इरास्मुसले चार ओभरमा दुई विकेट हात पारे।



लुम्बिनीविरुद्ध विकेट लिएपछि काठमाडौं गुर्खाजका कप्तान करण केसी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

जनकपुरलाई ५१ रनमै समेटेर सुदूरपश्चिम फेरि शीर्ष स्थानमा

एनपिएलको शीर्ष स्थानमा जनकपुर र सुदूरपश्चिमबिच जुहारी चलिरहेको छ। दुवै टोली आलोपालो शीर्ष स्थानमा उक्लिरहेका छन्। प्रतियोगिताको मंगलबार खेलपछि जनकपुर शीर्ष स्थानमा रह्यो। बुधबार एनपिएलको १८औँ खेलमा रोमाञ्चक जित निकाली सुदूरपश्चिम पुनः शीर्ष स्थानमा उक्लिएको छ। एक नम्बर स्थानमा उक्लन सुदूरपश्चिमले जनकपुरलाई नै ७२ रनले हरायो।



पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा नौ विकेट गुमाएर १२३ रनको मध्यम योगफल बनाएको थियो। इशान पाण्डेले ११ रन खर्चेर दुई विकेट लिएपछि जनकपुर बोल्ट्स १२.१ ओभरमै केवल ५१ रनमै समेटियो। जनकपुरको प्रतियोगितामा यो नै सबैभन्दा कम योगफल हो। दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिमले पाँचौँ जित निकाल्ने क्रममा ६ जना बलरले विकेट लिएका थिए।

मंगलबार मात्रै अनुबन्ध भएका अमेरिकाका हर्मित सिंहले चार ओभरमा दुई मेडन राखी २ रन खर्चेर दुई विकेट लिए। ब्याटिङमा असफल दीपेन्द्रले बलिङमा ३ ओभरमा २७ रन दिँदै दुई विकेट लिए। जनकपुरका लागि जोसुआ ट्रोम्पले सर्वाधिक १३ रन बनाउन समान एक छक्का र चौका प्रहार गरे। यसअघि पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले किशोर महतोको बलिङ सामना गर्न सकेनन्। महतोले ३५ रन खर्चेर चार विकेट लिएका थिए। जैब र विनोद भण्डारीले पहिलो विकेटका लागि ७.४ ओभरमा ५५ रनको उत्कृष्ट साझेदारी गरेका थिए। त्यसपछि कुनै पनि विकेटका लागि गतिलो साझेदारी नहुँदा सुदूरपश्चिमले ठूलो योगफल बनाउन सकेन।

राम्रो ब्याटिङ गर्न सकेनौँ



रोहितकुमार पौडेल
कप्तान, लुम्बिनी

समग्रमा प्रतियोगितामा राम्रो ब्याटिङ गर्न सकेनौँ। लुम्बिनी प्लेअफको दौडबाट बाहिरिएपछि अन्तिम खेलमा युवा खेलाडीलाई अवसर दिने प्रयास हुनेछ। प्लेअफमा नपुगे पनि लक्ष्य जित नै हुनेछ। यो खेलमा सहज लक्ष्य थियो, तर विकेट चुनौतीपूर्ण थियो। विपक्षीका बलहरू रोकिएर आए। हामीसँग एउटै मैदान छ। प्रतियोगिता खेल्दै जाँदा विकेट स्लो हुँदै जान्छ। खेलमा विकेट स्लो थियो। त्यस किसिमको विकेटमा कसरी खेल्ने भन्नेमा ध्यान दिनुपर्छ। योजनाअनुसार ब्याटिङ भएन।

ब्याट्सम्यानले जिम्मेवारी लिएनन्



अनिल शाह
कप्तान, जनकपुर

सुरुमा जस्तो प्रदर्शन भयो, त्यसमा ब्रेक लागेको छ। विकेटले भन्दा पनि सीधा बल खेल्दा खेलाडी आउट भएका छन्। खेलाडीले राम्रो बलमा सट खेल्न ध्यान दिनुपर्छ। ब्याट्सम्यानले खेलमा जिम्मेवारी लिएनन्। यसकारण पराजित भएका हौँ। यो खेलले पाठ सिकाएको छ।

आजका खेल

बिहान ९:०० बजे

पोखरा
एभेन्जर्स

VS

विराटनगर
किंग्स

दिउँसो १:०० बजे

जनकपुर
बोल्ट्स

VS


काठमाडौं
गुर्खाज

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	५	४	१	८	२.४७
जनकपुर	५	४	१	८	०.२२
चितवन	५	३	२	६	१.०७
कर्णाली	५	३	२	६	०.०६
काठमाडौं	४	२	२	४	-०.८७
लुम्बिनी	६	१	५	२	-०.५४
पोखरा	४	१	३	२	-१.६४
विराटनगर	४	१	३	२	-१.६९

■ काभा पुरुष क्लब च्याम्पियनसिप

हेल्प नेपाल सेमिफाइनलमा



नयाँ पत्रिका

नेपालको हेल्प नेपाल स्पोर्टस् क्लबले लगातार तेह्रौ जित निकाल्दै सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष क्लब भलिबल च्याम्पियनसिपको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा बुधबार हेल्प नेपाललले माल्दिभ्सको क्लब एचडिसीलाई ३-१ को सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। हेल्प नेपाललले तीन खेलबाट ८ अंक जोडेको छ। हेल्प नेपाललले भारतको क्यालिकट हिरोजलाई ३-२ तथा गण्डकी प्रदेशलाई ३-१ को सेटमा हराएको थियो।

> सेन्ट्रल एसियन क्लब भलिबलमा अन्तिम चारको स्थान पक्का गर्दा नेपालबाट प्रतिनिधित्व गरिरहेको हेल्प नेपालले लगातार तीन खेलमा जित निकाल्यो

लगातार तेह्रौ खेलमा हार व्यहोरेको एचडिसीले चार खेलबाट ३ अंक बनाएको छ। एचडिसीले यसअघि गण्डकीलाई ३-२ को सेटमा पराजित गरेको थियो। एचडिसीले इरानको यू-१८ टोलीसँग ३-२ र क्यालिकटसँग ३-० ले पराजित भएको थियो। एचडिसीविरुद्ध पहिलो सेट २५-२२ ले आफ्नो पक्षमा पारेको हेल्प नेपाललले दोस्रो सेट २४-२६ ले गुमाएको थियो। त्यसपछिका दुई सेट २५-१९, २५ -२१ ले आफ्नो पक्षमा पार्दै हेल्प नेपाललले अपराजित यात्रा जारी राखेको हो।

हेल्प नेपाल र माल्दिभ्सको क्लबबिच दोस्रो सेटमा कडा प्रतिस्पर्धा भएको थियो। दोस्रो सेटको अन्तिम समयमा सामान्य गल्ती गर्दा हेल्प नेपाल २४-२६ ले पछि पऱ्यो। दुई सेटको समाप्तिमा खेल १-१ को बराबरीमा रह्यो। तेस्रो सेटमा उत्कृष्ट कमब्याक गर्दै हेल्प नेपाललले २५-१९ ले जित्यो। उत्कृष्ट लयलाई निरन्तरता दिँदै हेल्प नेपाललले चौथो सेट २५-२१ ले हात पाऱ्यो। दिनको पहिलो खेलमा इरानले क्यालिकटलाई ३-० को सेटमा हराउँदै सेमिफाइनल यात्रा तय गरेको थियो। बिहीबार हेल्प नेपाललले इरान तथा गण्डकीले क्यालिकटको सामना गर्नेछन्।

■ सूर्य नेपाल काठमाडौं ओपन

विष्णुले बनाए एक स्ट्रोकको अग्रता

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपनको दोस्रो दिन विष्णुप्रसाद शर्मा एक स्ट्रोकको अग्रतासहित शीर्ष स्थानमा उक्लिएका छन्। रोयल नेपाल गल्फ क्लबमा बुधबार ७ अन्डर १२९ को उत्कृष्ट नतिजामा विष्णुले साबिक विजेता नीरज तामाङलाई एक स्ट्रोकले पछि पारेका हुन्। नीरज समग्रमा ६ अन्डर १३० सहित दोस्रो स्थानमा छन्। एमेच्योर सदभाव आचार्यले समग्रमा ५ अन्डर १३१ सहित तेस्रो स्थान रक्षा गरेका छन्।



दिनेश प्रजापतिले दिनकै उत्कृष्ट स्कोर कार्ड बनाएका छन्। समग्रमा ४ अन्डर १३२ स्कोरका साथ उनी चौथो स्थानमा उक्लिएका छन्। पहिलो दिनको शीर्ष जयराम श्रेष्ठ पाँचौँ स्थानमा झेका छन्। श्रेष्ठले समग्रमा २ अन्डर १३४ स्कोर गरे। एमेच्योर राहुल बिके र भेट्रान प्रो दीपक मगर समग्रमा १ अन्डर १३५ सहित संयुक्त रूपमा छैटौँ स्थानमा रहेका छन्। राहुलले ३ अन्डर ६५ र दीपकले १ अन्डर ६७ स्कोर गरे।

समग्रमा १ ओभर १३७ सहित धनबहादुर थापा र नेपाल नम्बर एक प्रो भुवन नगरकोटीले संयुक्त रूपमा आठौँ स्थान बाँडेका छन्। धनले ४ अन्डर ६४ र भुवनले ३ अन्डर ६५ स्कोर गरे। रवि खड्का र प्रदीपकुमार लामा समग्रमा २ ओभर १३८ सहित संयुक्त रूपमा १०औँ स्थानमा छन्।

फ्रन्ट नाइनमा बलियो विष्णु

शीर्ष स्थानमा उक्लने क्रममा विष्णुले सानदार प्रदर्शन गर्दै फ्रन्ट नाइनमा ५ अन्डर २९ को स्कोर बनाए। उनले पहिलो, दोस्रो र सातौँ होलमा बर्डी प्रहार गरे। उनले ब्याक नाइन १ ओभर ३५ मा सकाए। साबिक विजेता नीरजले पहिलो होलमा इगल प्रहार गर्दै दिनको सुरुवात गरे। दोस्रो र छैटौँ होलमा उनले समान एक सट खेर फाले। पाँचौँ होलको बर्डीले फ्रन्ट नाइन १ अन्डर ३३ मा पूरा गरे। यसपछि १०औँ होलमा उनले बोगीको सामना गरे। नेपाल नम्बर एक एमेच्योर गल्फर सदभावले फ्रन्ट नाइन २ अन्डर ३२ र ब्याक नाइन १ अन्डर ३३ मा सकाए। उनले पहिलो, चौथो, पाँचौँ, आठौँ र सत्रौँ होलमा पाँच बर्डी प्रहार गरे। दोस्रो र सातौँ होलमा समान एक सट खेर फाले। सदभाव एमेच्योरतर्फ शीर्ष स्थानमा रहेका छन्। उनले राहुल बिकेलाई चार स्ट्रोकले पछि पारेका छन्।

खेल संक्षेप

डुवानाले बनाइन् राष्ट्रिय कीर्तिमान

काठमाडौं/ नेपाली पौडीबाज डुवाना लामाले विश्व एक्वेटिक्स पौडी च्याम्पियनसिप (सर्ट कोर्स)मा नयाँ राष्ट्रिय कीर्तिमान राखेकी छिन्। हंगेरीको बुढापेस्टमा सञ्चालन भइरहेको प्रतियोगितामा डुवानाले महिला सय मिटर ब्रेस्टस्ट्रोक १ मिनेट १३.५० सेकेन्डमा पूरा गर्दै आफ्नै नाममा रहेका राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी हुन्। नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठका अनुसार डुवानाले यसअघि सय मिटर ब्रेस्टस्ट्रोकमा १ मिनेट १६.४५ सेकेन्डको राष्ट्रिय कीर्तिमान राखेकी थिइन्।

ज्ञानभूमि र कान्तिपुरलाई उपाधि

काठमाडौं/ ज्ञानभूमि र कान्तिपुरले सातौँ एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत तानडोरीको उपाधि जितेका छन्। बुधबार भएको खेलमा ज्ञानभूमि छात्र तथा कान्तिपुर छात्रामा पहिलो भएका हुन्। छात्रमा कान्तिपुर दोस्रो तथा पिक प्वाइन्ट तेस्रो भए। छात्रामा पिक प्वाइन्ट दोस्रो तथा मिलन धर्मस्थली तेस्रो बनेका छन्। यसअघि छात्र फुटसलसँगै छात्र र छात्राको कबड्डी खेल सकिएको थियो। फुटसलमा अमर आदर्शले उपाधि जित्यो। कबड्डीमा भीमेश्वर एकेडेमीले दोहोरो उपाधि चुमेको थियो।

स्किब्सले युनिकलाई हरायो

काठमाडौं/ स्किब्सले मातृभूमि अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा बुधबार युनिक नेपाललाई २३-११ ले पराजित गरेको छ। जुनियर पुरुषमै जनप्रेमीले मातृभूमि नीलोलाई २०-१७ तथा एभरेस्टले चाणक्यलाई ३२-१५ ले हराए। सिनियर पुरुषमा बौद्ध इन्टरनेसनलले जेम्सलाई ४४-३१ ले पाखा लगायो।

सर्किट २ मा नेपाली खेलाडी अगाडि

कास्की/ पोखराको टेनिस सेन्टरमा चलिरहेको आइटिएफ जे ३० वर्ल्ड टेनिस टुर सर्किट २ मा नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। पुरुष एकलमा आरभसम्राट हाडा क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। आरभले प्रिक्वार्टरफाइनलमा चीनका केजुन डेङलाई २-० को सहज सेटमा हराए। महिला एकलमा सुनिरा थापा र शिवाली गुरुङले उत्कृष्ट प्रदर्शन गर्दै अन्तिम आठको स्थान पक्का गरेका छन्।



सुनिराले भारतकी वृन्दिका भगवत राजपूतलाई २-० को सेटमा हराइन्। शिवालीले प्रिक्वार्टरफाइनलमा भारतकी श्रेया देशपाण्डेलाई २-० ले पराजित गरिन्। पुरुष एकलमा नेपालका आयुष्मान हजुर घले भारतीय खेलाडी आश्रव्य मेहरबाट सोझो सेटमा पराजित भए। चीनका हैनुओ गुआले नेपालका सक्षमविक्रम शाहलाई २-१ को सेटमा पराजित गरेका छन्।

पहिलो सेट ६-२ ले जितेका त्यसपछि सक्षमले राम्रो खेल्न सकेनन्। उनी लगातार दुई सेटमा ६-३ र ६-४ ले पराजित भए। भारतका ओजस मेहलावतले नेपालका प्रणव मानन्धरलाई सोझो सेटमा हराए। पुरुष एकलमा भारतीय खेलाडीका दबदबा रहेको आयोजकले जनाएको छ। चीनका सियुयुआन गुआ र अस्ट्रेलियाका प्रतीक नवीनले क्वार्टरफाइनलमा यात्रा तय गरेका छन्। सियुयुआनले भारतका आरुष भल्लालाई सीधा सेटमा हराए। पुरुष एकलमै प्रवीर मुकेश (भारत)ले प्रकाश सारन (भारत) लाई हराए।

नेपालका शिवाली गुरुङ र सुनिरा थापाको जोडी सेमिफाइनलमा पुगेको छ। थापाको जोडीले भारतका महिका खन्ना र शाताक्षिका सहायाकलाई २-० ले हरायो। चोगसोमजाभ (मंगोलिया) र यिजिया झाओ (चीन)को जोडीले स्वस्तिका विष्ट (नेपाल) र अपारा खन्दारे (भारत) लाई हरायो। प्रतियोगिताको १२ देखि १८ वर्षसम्मको उमेर समूहका विजेताले ३० अंक र उपविजेताले १८ अंक पाउनेछन्। प्रतियोगिता २९ मंसिरसम्म चल्नेछ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०८/२७

यस कार्यालयको मिति २०८१/०७/१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/081-82 अन्तर्गत तपसिलका ठेक्काहरुको लागि दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्येबाट तपसिलका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क्र. स.	ठेक्का नं.	बोलपत्रदाताहरुको नाम र ठेगाना	कबोल रकम रु. (मू.अ.कर र पि. एस बाहेक)
१	LIDPO/PKR/W/NCB/110/081-82	M/S Pati Halne Righa Construction and Suppliers Pvt. Ltd., Gulmi	३६,६९,२१९.६६
२	LIDPO/PKR/W/NCB/111/081-82	M/S Dhamani Deurali Nirman Sewa Pvt. Ltd., Baglung	७४,७०,०१९.००
३	LIDPO/PKR/W/NCB/112/081-82	M/S Dhamani Deurali Nirman Sewa Pvt. Ltd., Baglung	४९,७१,२१६.००
४	LIDPO/PKR/W/NCB/114/081-82	M/S D.R.H. Construction Pvt. Ltd., Bhaktapur	५६,७६,१७६.७०
५	LIDPO/PKR/W/NCB/121/081-82	M/S Shree Panchase Sidhha Baraha Nirman Sewa Parbat	१,०६,६६,१७४.०
६	LIDPO/PKR/W/NCB/122/081-82	M/S Shanti Deep Nirman, Kusma	३५,७७,३३५.१०
७	LIDPO/PKR/W/NCB/123/081-82	M/S Kaliganga Nirman Sewa, Parbat	९१,५३,९८०.८०

साथै मिति २०८१/०८/२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएको ठेक्का नं. LIDPO/PKR/W/NCB/28/081-82 को बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा निम्न अनुसार हुनु पर्नेमा अन्यथा भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क (मू.अ.कर र पि.एस. बाहेक)
१	LIDPO/PKR/W/NCB/28/081-82	M/S OIAD/RISING J.V Pokhara-02	रु १,५२,५७,५६३.५५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल, ललितपुर

अस्पतालको लागि आवश्यक मसलन्द तथा सरसफाई सामग्रीको लागि सिलबन्दी दरभाउपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/२७

यस अस्पतालको मिति २०८१/०८/०२ गते प्रकाशित MH/GOODS/SQ/081/82/01 नं.को सिलबन्दी दरभाउपत्रको सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरू नियमानुसार अध्ययन, जाचँ-परीक्षण तथा मुल्याङ्कन हुदाँ तपशिलमा उल्लेखित फर्मको दरभाउपत्र प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) अनुसार स्वीकृत भएको हुदाँ ऐ.नियमको उपनियम (१०), (११) र (१२) को प्रावधानका सन्दर्भमा यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	फर्मको नाम / ठेगाना	कबोल अकं (मु.अ.कर बाहेक)
१	दिपेश इन्टरप्राईजेज प्रा.लि./ काठमाडौं म.न.पा.-१०, बानेश्वर, काठमाडौं	रु ५,६९,५१५/-(अक्षरुपी पाचँ लाख उनान्न सत्तरी हजार पाचँ सय पन्ध्र मात्र)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com